सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ चैत २०८२, बुधबार (18 March 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपा सांसदको अभिमुखीकरण

संसद्मा काम गर्ने तत्परता, जनादेश पूरा गर्ने प्रतिबद्धता



'प्रशिक्षणको उद्देश्य सांसदहरूलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी प्रतिनिधि बनाउन, पार्टीको रणनीति, दृष्टिकोण तथा नीतिगत प्राथमिकता स्पष्ट गराउन र संसद्, सरकार तथा निर्वाचन क्षेत्रबिच समन्वय गर्न सक्षम बनाउनु हो,' महामन्त्री कवीन्द्र बुर्लाकोटीले भने।

(विस्तृत पृष्ठ ३)

बलात्कारका घटनाले जन्माएका प्रश्न



अग्रलेख

● केदार अधिकारी

बलात्कारजस्तो अमानवीय, क्रूर र संगीन अपराध नियन्त्रणका लागि समयले अत्यन्त कठोर सजायको माग गरेको त होइन ?

(पृष्ठ ४)

युद्धको दुई हप्तामा लगभग नष्ट हुने अवस्थामा इरानको सैन्य क्षमता



इरानले आफूलाई मध्यपूर्वको क्षेत्रीय शक्तिका रूपमा प्रस्तुत गर्ने हरेक पक्षलाई अहिले अमेरिका-इजरायलको आक्रमणले प्रभावकारी रूपमा नष्ट पारेका छन्

(● मुहानद सेलुमको लेख पृष्ठ ५)

०८३/८४ का लागि आन्तरिक ऋणको सीमा

संघलाई जिडिपीको ५.५% र प्रदेश तथा स्थानीय तहलाई राजस्वको १२% मात्रै

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नयाँ सरकारका लागि तयार भयो सुशासनको मार्गचित्र

डिजिटल शासन र भ्रष्टाचार नियन्त्रण

राजनीतिक हस्तक्षेप घटाउँदै पारदर्शी, उत्तरदायी र परिणाममुखी शासनमार्फत जनअपेक्षा सम्बोधन गर्न भावी सरकारलाई चुनावी सरकारको सिफारिस

● मार्गचित्र तयार गर्न गठित उच्चस्तरीय अध्ययन समितिका सदस्यसचिव **भीष्मकुमार भुसाल**ले भने-



नागरिक अपेक्षाहरूसमेत सूक्ष्म रूपमा केलाएर तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानका विषय मार्गचित्रले सुझाएको छ। मार्गचित्रमा व्यवस्थापिकाको नियमित कार्यबाहेक न्यायपालिका र कार्यपालिकामा सुधार गर्नुपर्ने धेरै विषय समावेश छ।

सुवास भट्ट/नयाँ पत्रिका

भ्रष्टाचार नियन्त्रण र सुशासनको एजेन्डा बोकेको जेन-जी आन्दोलनको जगमा बनेको सुशीला कार्की नेतृत्वको नागरिक सरकारले झन्डै दुईतिहाइ सिटको जनादेशमा बन्न लागेको नयाँ सरकारलाई सुशासनको मार्गचित्र तयार गरिदिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित १५ सदस्यीय उच्चस्तरीय समितिले संसद्को नियमित कार्य तथा सरकार र न्यायालयमा गर्नुपर्ने सुधारका विषय समेटेर 'गभर्नेन्स ब्लु प्रिन्ट' तयार पारेको हो।

शासन प्रणाली डिजिटलाइज बनाउनेदेखि छरितो र पारदर्शी सेवा दिँदै भ्रष्टाचार नियन्त्रण गर्ने विषयलाई अबको सरकारले प्राथमिकता दिनुपर्ने उपाय मार्गचित्रमा छन्। यसका लागि कानुनी सुधार तथा पुराना कानुन संशोधन, दोहोरोपना हटाउने, समन्वय बलियो पार्नुपर्ने, संस्थागत सुशासन गर्नेलगायत सुझाव छन्।

करिब साढे दुई महिना लगाएर जेन-जी प्रतिनिधिसहित विभिन्न क्षेत्रका विज्ञ-विशेषज्ञ, तीनै तहका सरकार र तिनका अंग, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चार जगत्लगायतसँग बृहत् छलफल र सुझाव ग्रहण गरी समितिले तयार

» पृष्ठ २ मा क्रमशः



मुख्यसचिव सुमनराज अर्याललाई 'गभर्नेन्स ब्लु प्रिन्ट' बुझाउँदै मार्गचित्र तयार गर्न गठित उच्चस्तरीय अध्ययन समितका पदाधिकारी

यस्ता छन् समितिका मुख्य सुझाव

- संघ-प्रदेश-स्थानीय तहबिच समन्वय संयन्त्रलाई सक्रिय बनाउने, अन्तरसरकारी समानान्तर संरचनाहरू खारेज गर्ने
- प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने
- स्थानीय सरकारलाई झन्झटमुक्त, प्रविधिमैत्री र नागरिकमुखी शासन प्रणालीतर्फ रूपान्तरण गर्ने
- कर प्रशासनलाई पूर्ण डिजिटलाइज गर्ने
- सार्वजनिक-निजी साझेदारी प्रणाली बलियो बनाउँदै ठुला पूर्वाधार परियोजनामा निजी लगानी परिचालन गर्ने
- जोखिमयुक्त तथा रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्नुपर्ने, सहकारीको लगानी घरजग्गा र सेयर बजारमा प्रवाह गर्न दिन नहुने
- निरन्तर घाटामा रहेका सार्वजनिक संस्थानहरूको पुनर्संरचना, मर्जर वा निजीकरण गर्ने
- विद्यालय तहदेखि नै सदाचार र नैतिक शिक्षामार्फत सामाजिक सोचमा परिवर्तन ल्याउनुपर्ने
- रणनीतिक सडक, पुललगायत महत्त्वपूर्ण पूर्वाधार आयोजनाको निर्माण, स्तरोन्नति तथा मर्मत गर्न वार्षिक कार्यतालिका नै तयार गरी कार्यान्वयन गर्ने
- खेतीयोग्य सार्वजनिक भूमिको पहिचान गरी तुलनात्मक लाभ भएका बालीमा आधारित कृषि उद्योग स्थापना गर्न लिज प्रणालीमार्फत उपयोग गर्ने
- अस्पतालबाटै जन्म दर्ता गर्नुपर्ने, राष्ट्रिय परिचयपत्रको छपाइ र वितरणको ढिलाइ अन्त्य गर्न प्रदेशस्तरमा मुद्रण केन्द्र विस्तार गर्ने
- विदेशबाट फर्केका श्रमिकहरूको सिपलाई स्वदेशी उद्यमसँग आबद्ध गर्न नीतिगत सुधार गर्ने
- कर्मचारी नियुक्ति तथा पदोन्नतिलाई पूर्ण रूपमा मेरिट र प्रतिस्पर्धामा आधारित बनाउने
- न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्ण रूपमा मेरिटमा आधारित र पारदर्शी बनाउनुपर्ने

सरकार गठन केही दिन सच्यो, अब १५ चैतभित्र मात्रै प्रधानमन्त्री नियुक्त

■ निर्वाचन आयोगले अन्तिम परिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि सांसदहरूको शपथपूर्व पनि सरकार गठन हुन सक्ने भए पनि रास्वपाले पहिला संसद् सदस्यको शपथ लिएपछि मात्रै सरकार गठन प्रक्रिया अगाडि बढाउने योजना बनाएको छ।






● **कवीन्द्र बुर्लाकोटी**, महामन्त्री, रास्वपा

संसद् सचिवालयले सांसदहरूलाई शपथ गराएपछि संसदीय दलको बैठक बस्छ। संसदीय दलको नेता चयन हुन्छ। त्यसैले शपथभन्दा अगाडि प्रधानमन्त्री नियुक्ति हुँदैन। शपथअगाडि जानैपर्ने अहिले विशेष परिस्थिति पनि छैन। सामान्य परिस्थितिमा शपथपछाडि नै प्रधानमन्त्री हो। सामान्य परिस्थितिलाई नै अगाडि लैजान चाहन्छौं। यस विषयमा सभापति र वरिष्ठ नेताको सल्लाह भएको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

पूर्ववत् अभ्यास र परम्परा तोड्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसपटक सांसदको शपथपछि मात्रै सरकार निर्माण गर्ने तयारी गरेको छ। शपथपछि मात्रै सरकार बनाउने रास्वपाको योजनापछि नयाँ सरकार गठन केही दिन पछाडि धकेलिएको छ। कानुनअनुसार निर्वाचन आयोगले अन्तिम परिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि सांसदहरूको शपथअगावै सरकार गठन हुन

» पृष्ठ २ मा क्रमशः



■ कार्की जाँचबुझ आयोगको प्रतिवेदन

तत्काल सार्वजनिक नहुने

प्रतिवेदन अध्ययन गर्न छुट्टै समिति गठन गर्दै सरकार

टेकराज थामी/नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा भएका हत्या र विध्वंसको अध्ययन गर्न गठित

» पृष्ठ २ मा क्रमशः



● **सुमन अर्याल**, मुख्यसचिव

जाँचबुझ आयोगले बुझाएको प्रतिवेदनको स्वामित्व ग्रहण पनि भइसकेको छ। प्रतिवेदन अध्ययनपछि मात्रै सार्वजनिक गर्ने-नगर्ने विषय टुंगो लगाउने निर्णय भएको छ। यसका लागि छुट्टै अध्ययन समिति गठन गर्ने तयारी छ। बुधबार यसको टुंगो लाग्नेछ।

नागरिक लगानी कोष

सहभागीहरूलाई कोषले प्रदान गर्ने धितोमा आधारित कर्जासम्बन्धी जानकारी

विवरण / शीर्षक	आवास कर्जा (घर खरिद/घर निर्माण)	जग्गा खरिद कर्जा	घर मर्मत /फिनिसिङ	सरल कर्जा (सामाजिक कार्यका लागि)	सवारी कर्जा
योग्य हुने समय सीमा	२ वर्ष नियमित कोष कट्टी भएको।	२ वर्ष नियमित कोष कट्टी भएको।	२ वर्ष नियमित कोष कट्टी भएको।	२ वर्ष नियमित कोष कट्टी भएको।	२ वर्ष नियमित कोष कट्टी भएको।
कर्जा रकमको सीमा	सुरु तलबमानको २० वर्षबराबरको तलब वा रु.१ करोड (पति/पत्नी दुवै जना कोषको सहभागी भएमा रु.१ करोड ५० लाख) मध्ये जुन कम हुन्छ।	सुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. ७५ लाखमध्ये जुन कम हुन्छ।	अधिकतम रु. २५ लाख सम्म।	न्यूनतम रु. ५ लाख, अधिकतम रु. ५० लाखसम्म।	सुरु तलबमानको १० वर्षको रकम वा अधिकतम रु. ५० लाखसम्म।
धितो सूरक्षण (धितो मूल्यांकन कर्जा कार्यविधिअनुरुप हुने)	घर जग्गा	घर जग्गा	घर जग्गा	घर जग्गा	सवारीसाधन/थप धितो
कर्जाको अवधि	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ।	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ।	२० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ।	५ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । सेवा अवधिभित्र नवीकरण गर्न सकिने।	७ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ।
किस्ता भुक्तानीसम्बन्धी व्यवस्था	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता।	आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता।	मासिक किस्तावन्दी।
ब्याजदर *	७ प्रतिशत	७ प्रतिशत	७ प्रतिशत	७.२५ प्रतिशत	७.२५ प्रतिशत
छुटसम्बन्धी व्यवस्था	आर्थिक वर्षमा पाकेको सम्पूर्ण ब्याज पुस मसान्त र असार मसान्तमा नियमित ब्याज भुक्तानी गरेमा ब्याज रकमको ०.५ प्रतिशत छुट प्रदान गरिनेछ।				

*समय समयमा पुनरावलोकन हुन सक्नेछ।

थप जानकारीका लागि :

नागरिक लगानी कोष

केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं। सम्पर्क नं ०१-५९७०२०१

शाखा कार्यालयहरू:

विराटनगर : ०२१-४७४९९६, जनकपुर : ०४१-५९१२३६/३७, पोखरा : ०६१-५४३२३४, बुटवल : ०७१-५३४५२१, सुर्खेत : ०८३-५९०३४९४, धनगढी : ०९१-५९०३२५

नेपालमा भ्याट नतिर्ने टिकटकको अडान

यसअघिका दुई आर्थिक वर्षमा एक करोड ३६ लाख भ्याट तिरेको टिकटकका नेपालस्थित प्रतिनिधि ठुला करदाता कार्यालयमै उपस्थित भएर भने- अब तिर्दैनौं



● **केदारनाथ शर्मा**, प्रमुख, कर प्रशासक


टिकटक एप डाउनलोड गर्ने प्लाटफर्म गुगलको प्ले स्टोर र एप्पलको एप स्टोरका आधारमा दुवै कम्पनीहरूले भ्याट तिर्दै आइरहेकाले भ्याट नतिर्नुपर्ने दाबी उहाँले गर्नुभएको छ। यसलाई पुष्टि गर्ने आधिकारिक कागजात पेस गर्न भनेका छौं। केही दिनमा उहाँहरूले यसलाई पुष्टि गर्ने कागजात पेस गर्नुभएको छ। हामीले विद्यमान कानुन र कार्यविधि हेरेर आवश्यक निर्णय लिनेछौं।

पवन तिमिल्सिना/नयाँ पत्रिका

टिकटकले नेपालमा कारोबार गरेबापतको मूल्य अभिवृद्धि कर (भ्याट) नतिर्ने अडान राखेको छ। दुई आर्थिक वर्ष ०८०/८१ र ०८१/८२ मा लगातार कुल एक करोड ३६ लाख भ्याट तिरेको टिकटकले उप्रान्त नतिर्ने जनाएको हो। चालू आव ०८२/८३ मा टिकटक प्रालिले एक पैसा पनि भ्याट तिरेको छैन। फागुन मसान्तसम्म पनि नतिरेपछि ठुला करदाता कार्यालयले मंगलबार टिकटकका नेपालस्थित प्रतिनिधिलाई बोलाएको थियो। टिकटकका प्रतिनिधिका रूपमा बिक्की अग्रवाल कार्यालयमा उपस्थित भए। तर, उनले गुगल र एप्पलले तिर्ने भ्याटमा टिकटकको कर समेटिने दाबी गर्दै छुट्टै भ्याट नतिर्ने अडान राखेको प्रमुख कर प्रशासक केदारनाथ शर्माले जानकारी दिए।

'टिकटक एप डाउनलोड गर्ने प्लाटफर्म गुगलको प्ले स्टोर र एप्पलको एप स्टोरका आधारमा दुवै कम्पनीहरूले भ्याट तिर्दै आइरहेकाले भ्याट नतिर्नुपर्ने दाबी उहाँले गर्नुभएको छ। यसलाई पुष्टि गर्ने आधिकारिक कागजात पेस गर्न भनेका छौं। केही दिनमा उहाँहरूले यसलाई पुष्टि गर्ने कागजात पेस

» पृष्ठ २ मा क्रमशः



ठुला करदाता कार्यालयका अनुसार टिकटकले ०८०/८१ मा एक करोड ३४ लाख ७७ हजार २० रुपैयाँ र ०८१/८२ मा एक लाख १९ हजार चार सय तीन रुपैयाँ गरी कुल एक करोड ३५ लाख ९६ हजार ४२३ रुपैयाँ भ्याट तिरेको थियो। टिकटकले विद्युतीय सेवा कर (डिएसटी)बापत हालसम्म २६ लाख ६२ हजार ६६ रुपैयाँ तिरेको छ। ०८०/८१ मा नौ लाख ७१ हजार ८६२ रुपैयाँ र ०८१/८२ मा १६ लाख ९० हजार २०४ डिसएटी तिरेको हो।

■ ०७९ यता

२१ कम्पनीले तिरे एक अर्ब १३ करोड भ्याट

०७९/८० यता हालसम्म २१ कम्पनीले ठुला करदाता कार्यालयमा एक अर्ब १३ करोड ४८ लाख ३० हजार १४० रुपैयाँ भ्याट तिरेका छन्। त्यस्तै, डिएसटीबापत ११ करोड ९३ लाख ३२ हजार २३७ रुपैयाँ तिरेका छन्। सर्वाधिक राजस्व तिर्नेमा मेटा प्लाटफर्म्स आयरल्यान्ड (फेसबुक) लिमिटेड छ। हालसम्म मेटाले ५२ करोड १४ लाख राजस्व तिरेको छ। जसमा ४६ करोड २८ लाख १६ हजार ८२९ रुपैयाँ भ्याट छ भने पाँच करोड ८६ लाख ३७ हजार ४४८ रुपैयाँ डिएसटी तिरेको छ। दोस्रोमा गुगल एसिया प्यासिफिक प्रालि छ। उसले हालसम्म २५ करोड ६३ हजार ९३२ रुपैयाँ तिरेको छ। जसमा २२ करोड ५१ लाख भ्याट र दुई करोड ४८ लाख डिएसटी तिरिएको छ। एनसिएस पियर्सन इंकले १४ करोड ९२ लाख ११ हजार ५५० कुल राजस्व तिरेको छ, जसमा १४ करोड पाँच लाखको भ्याट मात्रै तिरेको छ भने ८६ लाख ७५ हजार ७१९ रुपैयाँ डिएसटी तिरेको छ। डिएसटीमा दर्ता हुनेमा एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स (एसिसिए), प्रोमेट्रिक जापान कम्पनी लिमिटेड, नेटफ्लिक्स प्रालि, अमेजन वेब सर्भिसेस इंक, एप्पल सर्भिसेस प्रालि, एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल लिमिटेड, टिकटक प्रालि, गुगल डिजिटल इंक, पियर्सन एजुकेसन लिमिटेड, गुगल आयरल्यान्ड लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्रालि, अमेजन डटकम सर्भिसेस एलएलसी, जोहो कर्पोरेसन प्रालि, लिंक्डइन सिंगापुर प्रालि, एडोबी सिस्टम्स सफ्टवेयर आयरल्यान्ड लिमिटेड, वार्नर मिडिया डाइरेक्ट एसिया, एब्स्को इन्टरनेसनल इंक र फ्ल्यास टपअप एलएलसी छन्।

नेपालमा भ्याट...

पृष्ठ १ बाट क्रमशः

गर्छु भन्नुभएको छ। हामीले विद्यमान कानुन र कार्यविधि हेरेर आवश्यक निर्णय लिनेछौँ,' शर्माले भने। टिकटकका प्रतिनिधि अग्रवालले आफूहरूले प्रत्यक्ष रूपमा विद्युतीय सेवा कर (डिएसटी) तिरे पनि भ्याट आफ्नो दायित्वमा नपर्ने तर्क राखेको शर्माको भनाइ छ। तर, कर कार्यालयले भने यसलाई सहज नमानेकाले थप जाँचबुझ गर्ने बताएको छ।

गैरबासिन्दाको रूपमा नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने भएकाले टिकटकलगायतका बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई डिएसटी र भ्याट लगाउँदै आएको छ। नयाँ पत्रिकाले गत २३ पुसमा टिकटकले भ्याट नतिरेको समाचार प्रकाशन गरेपछि अर्थ मन्त्रालयले ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागसँग यसबारे अनौपचारिक रूपमा जाँचबुझ गर्न लगाएको थियो। खासगरी गैरबासिन्दा कम्पनीले नेपालमा कम्पनी दर्ता गरेर सेवा-प्रवाह गरेमा डिएसटी पनि तिर्नुनपर्ने र दर्ता भएको सम्बन्धित कार्यालयबाट भ्याट तिर्न सक्छ। मन्त्रालय स्रोतका अनुसार टिकटकले नेपालमा कतै लोकल कम्पनी दर्ता गरेर भ्याट तिर्न थालेको आशंकामा विभागले विवरण खोजी गरेको थियो। तर, त्यस्तो कम्पनी खडा गरेको नभेटिएपछि ठुला करदाता कार्यालयलाई टिकटकका प्रतिनिधिलाई बोलाएर सोधपुछ गर्न निर्देशन दिएको थियो। सोही आधारमा कार्यालयले मंगलबार बोलाएर सोधपुछ गरेको हो।

फागुन मसान्तसम्म विद्युतीय सेवा करमा दर्ता नभएका कुन कम्पनीले कति तिरे भ्याट ?

ठुला करदाता कार्यालयका अनुसार चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा विद्युतीय सेवा कर (डिएसटी)मा दर्ता नभएका कम्पनीहरूबाट कुल २९ करोड १४ लाख २४ हजार ५९६ रुपैयाँ भ्याट संकलन भएको छ। सबैभन्दा बढी भ्याट मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेडले १० करोड २० लाख ३४ हजार भ्याट तिरेको छ। सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम) मा आधारित विज्ञापन सेवाबाट हुने कारोबारका आधार उक्त भ्याट संकलन भएको हो। धेरै भ्याट बुझाउने दोस्रो नम्बरमा गुगल एसिया प्यासिफिक प्रालि छ। उसले ६ करोड ७६ लाखभन्दा बढी भ्याट तिरेको छ। गुगलको सर्च, युट्युब र डिजिटल विज्ञापन सेवाबाट नेपालमा ठुलो कारोबार हुने भएकाले यसको योगदान पनि उल्लेखनीय देखिन्छ।

त्यस्तै, प्रोमेट्रिक जापान कम्पनी लिमिटेडले तीन करोड ३२ लाख, एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स (एसिसिए) ले एक करोड ८१ लाख, नेटफ्लिक्स प्रालिले एक करोड ७० लाख, एप्पल सर्भिसेस प्रालिले एक करोड ३६ लाख, अमेजन वेब सर्भिसेस इंकले एक करोड २१ लाख, गुगल डिजिटल इंकले ७५ लाख, माइक्रोसफ्ट रिजनल सेल्स प्रालिले २२ लाख र लिंक्डइन सिंगापुर प्रालिले करिब १० लाख भ्याट योगदान गरेका छन्।

भ्याट तिर्नेमा एडोब सिस्टम्स सफ्टवेयर आयरल्यान्ड लिमिटेड, जोहो कर्पोरेसन प्रालि, एनसिएस पियरसन इंक, पियरसन एजुकेसन लिमिटेड, अमेजन डट कम सर्भिसेस एलएलसी र वार्नर मिडिया डाइरेक्ट एसिया पनि छन्। एब्स्को इन्टरनेसनल इंक, गुगल आयरल्यान्ड लिमिटेड, टिकटक प्रालि र फ्ल्यास टपअप एलएलसीबाट भने भ्याट संकलन शून्य देखिन्छ। टिकटकबाहेकका कम्पनीहरूले कारोबार नै न्यून रहेकाले भ्याट नतिरेको कार्यालयको जानकारी छ।

तत्काल सार्वजनिक...

पृष्ठ १ बाट क्रमशः

उच्चस्तरीय जाँचबुझ आयोगले पेस गरेको प्रतिवेदन तत्काल सार्वजनिक नहुने भएको छ। छिटो सार्वजनिक गर्न जेन-जी समूहहरूले दबाब बढाइरहेका वेला सरकारले भने प्रतिवेदन अध्ययन गर्न भन्दै छुट्टै समिति गठनको तयारी गरेको हो।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले गत २४ फागुनमै छानबिन प्रतिवेदन सरकारलाई बुझाएको थियो। १ चैतमा प्रतिवेदनको स्वामित्व ग्रहण गर्दै सरकारले भोलिपल्ट प्रतिवेदनका मूल विषय सार्वजनिक गर्ने घोषणा गरेको थियो। तर, सरकार प्रतिवेदन अध्ययनका लागि अर्कै समिति गठनको तयारीमा लागेपछि तत्काल सार्वजनिक नहुने भएको हो।

मुख्यसचिव सुमन अर्यालले बुधबारसम्म समिति गठन हुने बताए। 'जाँचबुझ आयोगको प्रतिवेदन सरकारले बुझेको छ। त्यसको स्वामित्व ग्रहण पनि भइसकेको छ। प्रतिवेदन अध्ययनपछि मात्रै सार्वजनिक गर्ने-नगर्ने विषय टुंगो लगाउने निर्णय भएको छ। यसका लागि छुट्टै अध्ययन समिति गठन गर्ने तयारी छ। बुधबारसम्म यसको टुंगो लाग्नेछ,' उनले भने।

प्रधानमन्त्री कार्यालयका अनुसार प्रतिवेदन अध्ययनका लागि अदालतका न्यायाधीश वा पूर्वप्रशासकको नेतृत्वमा समिति गठन हुनेछ। जसमा राजनीतिक दलका कुनै प्रतिनिधि समावेश हुने छैनन्। प्रतिवेदन जस्ताको तस्तै सार्वजनिक गर्दा मुलुकमा पुनः सुरक्षा चुनौती बढ्न सक्ने आकलन गरिएकाले समितिको अध्ययनपछि आएको निचोडका आधारमा मात्रै प्रतिवेदनको संश्लेषित अंश सार्वजनिक गर्ने मनस्थितिमा पुगेको प्रधानमन्त्री कार्यालय स्रोतले बतायो।

'प्रतिवेदन संवेदनशील विषय हो। अध्ययन समितिमा कानुनले निर्दिष्ट गरेको व्यक्ति मात्रै बस्न पाउँछ। त्यो भनेको अदालतका न्यायाधीश वा पूर्वप्रशासकहरू हुन्। राजनीतिक दलका प्रतिनिधि वा सांसद समितिमा रहँदैनन्। समितिमा को-को रहने भन्ने विषयमा छलफल भइरहेको छ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो।

आयोगले २३ र २४ दुवै दिन भएका घटनाको अध्ययन गरी त्यतिवेलाका उच्चपदस्थहरू प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, नेपाल प्रहरीका आइजिपी चन्द्रकुवेर खापुङ, गृहसचिव गोकर्णमणि दुवाडी, काठमाडौँका सिडिओ छविराज रिजाल, जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख एसएसपी विश्व अधिकारीलगायत नेपाल प्रहरीका सुरक्षाकर्मीलाई कारबाहीको सिफारिस गरेको छ। त्यस्तै, सशस्त्र प्रहरी र नेपाली सेनाका सुरक्षाकर्मीलाई पनि कारबाहीको सिफारिस गरेको छ।

आयोगले आगजनीमा संलग्न भएको भन्दै हामी नेपाल संस्थाका अध्यक्ष तथा नवनिर्वाचित सांसद सुदन गुरुङलगायत रास्वपाका नौभन्दा धेरै सांसद र कार्यकर्तालाई पनि कारबाहीको सिफारिस गरेको छ। प्रतिवेदन जस्ताको तस्तै सार्वजनिक हुँदा मुलुकमा झन् द्वन्द्व बढ्न सक्ने सरकारको आकलन छ। सोही कारण आंशिक मात्रै प्रतिवेदन सार्वजनिक गर्ने सोचमा सरकार छ।

आयोगले आन्दोलन र आगजनी गरिएका क्षेत्रमा उपस्थित एक लाख ७१ हजारको वैयक्तिक विवरण पनि उतारेको छ। आगजनी गरिएका ठाउँआसपासका सिसिटिभी फुटेज र प्राप्त भिडियोको प्राविधिक अध्ययन र विश्लेषणपछि उनीहरूलाई 'ट्र्याक' गर्न सफल भएको आयोगले जनाएको छ। आयोगका अनुसार विशेष गरी काठमाडौं उपत्यका र बाहिरका गरी १५ ठाउँमा भएको विध्वंसलाई अनुसन्धानको कोर एरिया निर्धारण गरिएको थियो। त्यसमा नयाँ बानेश्वरस्थित संसद् भवन, सिंहदरबार, अदालत, प्रधानमन्त्री कार्यालय, राष्ट्रपति निवास, कान्तिपुर कम्प्लेक्स, होटेल हिल्टन, चौधरी ग्रुप तथा भाटभटेनी सुपरमार्केटमा गरिएका आगजनी, लुटपाट र तोडफोडलाई विशेष प्राथमिकतासहित अध्ययनको क्षेत्र निर्धारण गरिएको थियो। त्यस्तै, पार्टीका कार्यालय, नेताका निवास, विभिन्न व्यक्तिका निजी निवास, प्रहरी कार्यालयलगायतका ठाउँमा भएका आगजनीलाई पनि अनुसन्धानको विषय बनाइएको छ। स्रोतका अनुसार ती ठाउँको आगजनीमा सहभागी हुनेहरूको संख्यासमेत उतारिएको छ। उनीहरूको मुभमेन्ट, उनीहरूले बोकेका टेलिफोन, गरेको कुराकानी (सिडिआर), अदान-प्रदान भएका म्यासेज, प्रयोग गरिएका सामाजिक सञ्जाललगायतका पक्षमाथि अध्ययन भएका छन्। सोही आधारमा कहाँ कति संख्यामा आन्दोनकारी सहभागी भए ? उनीहरूले कसलाई कतिपटक टेलिफोन गरे ? उनीहरू कहाँ-कहाँ पुगेर आगजनी गरे ? कसले कसलाई कस्तो निर्देशन दियो ? कस्ता म्यासेज आदान-प्रदान भए ? सामाजिक सञ्जाल कसरी प्रयोग गरियो ? लगायतका विस्तृत विवरण चार्टमा उतारिएका छन्।

आगजनी भएका सबै ठाउँमा उपलब्ध खरानी, माटो, ध्वाँसो, अँगारजस्ता भौतिक पदार्थको पनि अध्ययन भएको छ। आगजनीमा केमिकल प्रयोग भए-नभएको पत्ता लगाउन यस्तो अध्ययन गरिएको हो। यसका लागि विशेषज्ञ टोलीले सबै भौतिक पदार्थको वैज्ञानिक अनुसन्धान गरेको र दोषी देखिएकालाई सोहीअनुसार कारबाही सिफारिस गरिएको छ।



पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको तीन सदस्यीय आयोगले गत २४ फागुनमै छानबिन प्रतिवेदन सरकारलाई बुझाएको थियो। १ चैतमा प्रतिवेदनको स्वामित्व ग्रहण गर्दै सरकारले भोलिपल्ट प्रतिवेदनका मूल विषय सार्वजनिक गर्ने घोषणा गरेको थियो। तर, सरकार प्रतिवेदन अध्ययनका लागि अर्कै समिति गठनको तयारीमा लागेपछि तत्काल सार्वजनिक नहुने देखिएको छ।

सरकार गठन...

पृष्ठ १ बाट क्रमशः

सक्छ। तर, रास्वपाले पहिला संसद् सदस्यको शपथ लिएपछि मात्रै सरकार गठन प्रक्रिया अगाडि बढाउने योजना बनाएको छ।

२१ फागुनको निर्वाचनपछि नयाँ सरकार गठनको गृहकार्य सुरु भएको छ। यद्यपि, यसको औपचारिक प्रक्रिया भने सुरु भइसकेको छैन। यसअघि १० चैतभित्र नयाँ सरकार बन्न सक्ने बताइएको थियो। तर, सांसदको शपथपछि निर्माण गर्ने रास्वपाको तयारीपछि कम्तीमा १३ चैतअगाडि प्रधानमन्त्री नियुक्त नहुने निश्चित भएको छ।

संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले १२ चैतमा सांसदहरूको शपथ गराउने गरी सरोकारवाला पक्षसँग छलफल भइरहेको बताए। त्यसअघि केही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ।

निर्वाचन आयोगले ५ चैतको अपराह्न राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम प्रतिवेदन बुझाउँदै छ। आयोगका प्रवक्ता नारायण भट्टराईले ५ चैतमा समानुपातिक सांसदलाई प्रमाणपत्र प्रदान गरेर राष्ट्रपतिसमक्ष अन्तिम मतपरिणाम प्रतिवेदन पेस गरिने बताए। यसका लागि राष्ट्रपति कार्यालयसँग समय लिइसकिएको छ।

आयोगले अन्तिम परिणाम प्रतिवेदन बुझाएपछि औपचारिक रूपमा सरकार गठनको प्रक्रिया प्रारम्भ हुने कानुनी व्यवस्था छ। प्रतिवेदन प्राप्त गरेपछि राष्ट्रपतिले सरकार गठनका लागि आह्वान गर्नेछन्। राष्ट्रपतिसमक्ष पेस गरेको प्रतिवेदन संसद् सचिवालय पुग्नेछ।

प्रतिवेदन प्राप्त गरेपछि सचिवालयले नवनिर्वाचित सांसदहरूको शपथग्रहणको औपचारिक तयारी थाल्नेछ। संसद् सचिवालयले सरकार र प्रमुख दल (रास्वपा)सँग सांसदहरूको शपथका सम्बन्धमा छलफल गरिरहेको छ। 'हामीले १२ चैतमा शपथ राख्ने गरी सरोकारवाला पक्षसँग छलफल अगाडि बढाएका छौँ। सम्भवतः सोही मितिमा माननीयज्यूहरूको शपथ हुन्छ। शपथपछि मात्रै अधिवेशन आह्वानको प्रक्रिया अगाडि बढ्ला,' संसद् सचिवालयका महासचिव पाण्डेयले भने।

कानुनअनुसार निर्वाचन आयोगले अन्तिम परिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि सरकार गठन प्रक्रिया अगाडि बढ्छ। यद्यपि, सांसदहरूको शपथअगावै सरकार गठन हुन सक्छ। सरकार गठनमा शपथ प्रधान हुँदैन। तर, रास्वपाले प्रक्रियाअनुसार पहिला संसद् सदस्यको शपथ लिने र त्यसपछि सरकार गठन प्रक्रिया अगाडि बढाउने योजना बनाएको छ।

संविधानको धारा ८८ मा संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ। अर्थात् प्रधानमन्त्री नियुक्ति हुन सांसदको शपथ लिनुपर्ने उल्लेख छैन। धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने उल्लेख छ।

रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले संसद् सचिवालयले नवनिर्वाचित सांसदहरूको शपथ गराएपछि संसदीय दलको नेता चयन तथा प्रधानमन्त्री नियुक्ति प्रक्रिया अगाडि बढ्ने स्पष्ट गरे। उनले संसद् सचिवालयसँग सल्लाह गरेर शपथ मिति र सरकार गठन प्रक्रिया अगाडि बढाइने बताए।

'संसद् सचिवालयले सांसदहरूलाई शपथ गराएपछि संसदीय दलको बैठक बस्छ। संसदीय दलको नेता चयन हुन्छ। त्यसैले शपथभन्दा अगाडि प्रधानमन्त्री नियुक्ति हुँदैन। शपथअगाडि जानैपर्ने अहिले विशेष परिस्थिति पनि छैन,' उनले भने, 'सामान्य परिस्थितिमा शपथपछाडि नै प्रधानमन्त्री हो। सामान्य परिस्थितिलाई नै अगाडि लैजान चाहन्छौँ। यस विषयमा सभापति र वरिष्ठ नेताको सल्लाह भएको छ।'

महामन्त्री बुर्लाकोटीका अनुसार १२ चैतमा सांसदको शपथ भए १३ मा वरिष्ठ नेता बालेन्द्र शाहलाई संसदीय दलको नेता चयन गरिनेछ। त्यसको जानकारी राष्ट्रपतिलाई गराइनेछ। त्यसपछि राष्ट्रपतिले सोही दिन वा भोलिपल्ट १४ चैतमा प्रधानमन्त्री नियुक्त गर्न सक्नेछन्।

यो हिसाबले हेर्दा देशले १५ चैतभित्र नयाँ सरकार पाउन सक्ने रास्वपाका नेताहरू बताउँछन्। रास्वपा प्रवक्ता मनीष झाले पनि सरकार गठनमा केही समय लाग्ने बताए। 'कम्तीमा सरकार गठन हप्ता-दश दिनयता सम्भव छैन,' उनी भन्छन्। प्रवक्ता झाले केन्द्रीय समितिको बैठक आउँदो आइतबारसम्म बस्न सक्ने र त्यसले विधानमा आवश्यक परिमार्जन हुन सक्ने बताए।

डिजिटल शासन...

पृष्ठ १ बाट क्रमशः

पारेको प्रतिवेदन मंगलबार मुख्यसचिव सुमनराज अर्यालले बुझेका छन्। विगतका अध्ययन, समिति तथा कार्यदलका प्रतिवेदनसमेत अध्ययन गरेर एक हजार ७६५ क्रियाकलाप समेटेर तयार पारेको हजार पृष्ठभन्दा लामो प्रतिवेदन अर्यालले आगामी सरकारलाई हस्तान्तरण गर्नेछन्। 'हामीले तयार गरेको मार्गचित्रको सारांश प्रतिवेदन मुख्यसचिवलाई बुझाएका छौँ,' समिति संयोजक कार्कीले भने। प्रतिवेदनले कार्यकारी सारांशमा १९८ मूल बुँदा समेटेको छ।

सुशासन 'ब्लु प्रिन्ट' तयार गर्न प्रधानमन्त्री कार्कीले १४ पुसमा समिति गठन गरेकी थिइन्। २१ पुसदेखि काम थालेको समितिलाई २१ फागुनसम्मको म्याद तोकिएकोमा केही समय थपेर काम फत्ते गरेको हो। विगतका विभिन्न प्रतिवेदन र अध्ययनहरू कार्यान्वयन नहुनुका कारणसमेत विश्लेषण गरेर मार्गचित्रलाई अन्तिम रूप दिइएको छ।

'नागरिकका अपेक्षासमेत सूक्ष्म रूपमा केलाएर तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानका विषय मार्गचित्रले सुझाएको छ,' कार्यदलका सदस्यसचिवसमेत रहेका प्रधानमन्त्री कार्यालयका सहसचिव डा. भीष्मकुमार भुसालले भने। उनका अनुसार मार्गचित्रले व्यवस्थापिकाको नियमित कार्यबाहेक न्यायपालिका र कार्यपालिकामा सुधार गनुपर्ने धेरै विषय समावेश गरेको छ।

संघ-प्रदेश-स्थानीय तहबिच समन्वय संयन्त्रलाई सक्रिय बनाउने, अन्तरसरकारी समानान्तर संरचना खारेज गर्ने तथा वित्तीय हस्तान्तरण वैज्ञानिक र पारदर्शी बनाउनुपर्ने सुझाव प्रतिवेदनमा छ। त्यस्तै, प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने र स्थानीय सरकारलाई झन्झटमुक्त, प्रविधिमैत्री र नागरिकमुखी शासन प्रणालीतर्फ रूपान्तरण गर्नुपर्ने मार्गचित्र प्रस्ताव गरिएको छ।

योजना, वित्तीय हस्तान्तरण, बजेट, राजस्व प्रणाली र पुँजीबजारको क्षेत्रमा व्यापक सुधारका अभियान सञ्चालन गर्न आवश्यक देखिएको पनि प्रतिवेदनले औँल्याएको छ। बजेट प्रणालीलाई खुला, पारदर्शी र नतिजामुखी बनाउन तथा कर प्रशासनलाई पूर्ण डिजिटलाइज गर्न सुझाव दिएको छ। समयमै बजेट खर्च सार्वजनिक गर्ने र तीन तहका सरकारबिच समन्वयात्मक बजेट प्रणाली विकास गर्न भनेको छ। भन्सार प्रशासनलाई पूर्ण डिजिटल, कागजविहीन र मुहानविहीन प्रणालीमा रूपान्तरण गर्नुपर्ने मार्गचित्र छ।

उद्योग, वाणिज्य, आपूर्ति र लगानीअन्तर्गतका चुनौती समाधान गर्न उद्योग, व्यापार र लगानी प्रशासनलाई पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण गर्ने, एकीकृत एकल विन्दु सेवा प्रणाली विकास गर्ने तथा उद्योग दर्ता, अनुमति र नवीकरण प्रक्रियालाई समयबद्ध र पारदर्शी बनाउनेलगायत सुधारका उपाय प्रस्ताव गरिएको छ। औद्योगिक पूर्वाधार विस्तार, औद्योगिक करिडोर तथा विशेष आर्थिक क्षेत्र विकास, भूमि बैंक स्थापना, विश्वसनीय ऊर्जा आपूर्ति र आधुनिक लजिस्टिक प्रणाली निर्माणलाई प्राथमिकता दिनुपर्ने सुझाइएको छ। सार्वजनिक-निजी साझेदारी प्रणाली बलियो बनाउँदै ठुला पूर्वाधार परियोजनामा निजी लगानी परिचालन गर्नुपर्ने प्रतिवेदनको निष्कर्ष छ।

जोखिमयुक्त तथा रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्नुपर्ने, सहकारीको लगानी घरजग्गा र सेयर बजारमा प्रवाह गर्न दिन नहुने समितिको सिफारिस छ। त्यस्तै, नागरिक उड्डयन क्षेत्रमा नियामक संरचना सुदृढ गर्ने, विमानस्थल पूर्वाधार सुधार गर्ने तथा अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डअनुरूप उड्डयन प्रणाली विकास गर्ने दिशामा सुधार आवश्यक रहेको प्रतिवेदनले औँल्याएको छ।

निरन्तर घाटामा रहेका सार्वजनिक संस्थानहरूको पुनर्संरचना, मर्जर वा निजीकरण गर्ने सुझाव समितिको छ। ती संस्थानहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरेर व्यावसायिक रूपमा सञ्चालन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, कर्मचारी संरचना पुनरावलोकन, सेवा-सुविधा र पारिश्रमिकमा एकरूपता कायम गर्दै दक्ष र उत्तरदायी मानव संसाधन विकासमा जोड दिनुपर्ने ठहर गरेको छ।

सार्वजनिक खरिदका चुनौती समाधान गर्न सार्वजनिक खरिद व्यवस्थापनमा व्यापक संरचनात्मक रूपान्तरण आवश्यक देखिएको ठहर प्रतिवेदनले गरेको छ। कानुनी सुधारसहित आयोजना तयारी प्रणाली सुदृढ गर्ने, संस्थागत क्षमता र खरिद विशेषज्ञता विकास गर्ने तथा विद्युतीय खरिद प्रणालीलाई योजना, बोलपत्र, सम्झौता व्यवस्थापन र भुक्तानीसम्म विस्तार गर्ने प्रस्ताव गरिएको छ।

सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा योजना तथा बजेट प्रणाली सुधार गर्नुपर्ने, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबिच स्पष्ट कार्यगत सम्बन्ध स्थापित गर्नुपर्ने, तथ्यमा आधारित बजेट निर्माण प्रणाली विकास गर्दै आयोजना छनोटमा लागत-लाभ विश्लेषण तथा प्राथमिकता मूल्यांकन अनिवार्य गर्नुपर्ने, पुँजीगत खर्चको गुणस्तर सुधार गर्नुपर्नेलगायत विषय छन्। मन्त्रालय तथा सरकारी तहहरूबिच समन्वय सुदृढ गर्दै दोहोरो बजेट विनियोजन हटाउनुपर्ने उल्लेख छ। त्यस्तै, पूर्वाधार आयोजना व्यवस्थापन सुधारका लागि योजना, बजेट तथा कार्यक्रमलाई राष्ट्रिय विकास योजनासँग तादात्म्य हुने गरी तयार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। रणनीतिक सडक, पुल, रेलमार्ग तथा अन्य महत्त्वपूर्ण पूर्वाधार आयोजनाको निर्माण, स्तरोन्नति तथा मर्मतका लागि स्पष्ट वार्षिक कार्यतालिका नै तयार गरी कार्यान्वयन गर्नुपर्नेलगायतका विषय पनि समेटिएका छन्।

सहरी पूर्वाधारअन्तर्गत छरिएर रहेका ऐन, नीति र कार्यविधि एकीकृत गरी संघीय संरचनाअनुकूल नयाँ सहरी विकास ऐन तर्जुमा गर्नुपर्ने, भवन निर्माण, आवास व्यवस्थापन, ग्रामीण तथा सहरी पूर्वाधार निर्माणका लागि स्पष्ट नर्म्स र मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने, सबै निकायले आन्तरिक नियन्त्रण प्रणाली, कार्यसञ्चालन कार्यविधि र व्यावसायिक योजना तयार गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

ऊर्जा, सिँचाइं तथा जलविद्युत्तर्फ जलस्रोत ऐन, नियमावली, गुरुयोजनालाई समसामयिक संशोधन वा प्रतिस्थापन गरी अद्यावधिक तथा आधुनिक कानुनी ढाँचा निर्माण गर्नुपर्ने, स्पष्ट नीतिगत आधारको आवश्यकतालगायत विषय समेटिएका छन्। सूचना तथा सञ्चार प्रविधिअन्तर्गत संस्थागत सुदृढीकरणका लागि मन्त्रालय र मातहतका निकायको संरचना पुनरावलोकन गरी दोहोरोपन अन्त्य गर्ने, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गरी डिजिटल शासन प्रणालीको नेतृत्वदायी संस्थागत व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ। हुलाक सेवाको आधुनिकीकरण गरी स्मार्ट हुलाक तथा इ-कमर्स लजिस्टिक प्रणालीमा रूपान्तरण गर्नुपर्ने प्रस्ताव छ।

शिक्षा, विज्ञान तथा प्रविधितर्फ समितिले विश्वविद्यालय अनुदान आयोगलाई अधिकारसम्पन्न उच्च शिक्षा आयोगमा रूपान्तरण गर्नेलगायत सुझाव दिएको छ। संघीय शिक्षा ऐन जारी गर्नुपर्ने, विश्वविद्यालय सञ्चालनलाई स्वायत्त 'बोर्ड अफ ट्रस्टी' मोडलमा रूपान्तरण गर्नुपर्नेजस्ता सझुाव प्रतिवेदनमा छन्।

स्वास्थ्य क्षेत्रको रूपान्तरणका लागि निजी स्वास्थ्य क्षेत्रको नियमन सुधार, निजी अस्पताललाई सेवा गुणस्तरका आधारमा स्तरीकरण गर्ने, शुल्क निर्धारणलाई पारदर्शी बनाउने, निःशुल्क शय्या प्रणालीको निगरानी, सेवा, पूर्वाधार तथा वित्तीय कारोबारलाई डिजिटल निगरानी प्रणालीमा आबद्ध गर्नेलगायत सुझाव दिइएका छन्। त्यस्तै, खेलाडीलाई पर्याप्त अवसर र सेवा-सुविधा प्रदान गर्ने, खेलकुद संस्थाहरूलाई वितरण गरिने अनुदानमा निष्पक्षता कायम गर्ने तथा जिल्लास्तरमा रहेका संघ र प्रदेशका समानान्तर कार्यालयको स्थानमा एकीकृत युवा तथा खेलकुद संस्था स्थापना गर्ने सुझाव दिइएका छन्।

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा उत्पादन वृद्धि, प्रविधि विस्तार, वित्तीय पहुँच र बजार व्यवस्थापनमा केन्द्रित सुधारका उपाय प्रस्ताव गरिएको छ। खेतीयोग्य सार्वजनिक भूमिको पहिचान गरी तुलनात्मक लाभ भएका बालीमा आधारित कृषि उद्योग स्थापना गर्न लिज प्रणालीमार्फत उपयोग गर्ने, कृषकलाई गुणस्तरीय बिउ, मल, प्रविधि, प्राविधिक सेवा तथा सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराउने र कृषि ऋणको सीमा विस्तार गर्नुपर्ने भनिएको छ। साना किसानलाई कृषि सहकारी वा समूहमार्फत उद्योगसँग उत्पादनमा आबद्ध गरी बजार सुनिश्चित गर्ने नीति अपनाउनुपर्ने आवश्यकता औँल्याइएको छ।

वन, वातावरण र जलवायु परिवर्तनमा वैज्ञानिक वन व्यवस्थापन लागू गरी स्वदेशी काठ उत्पादन बढाउने, बहुमूल्य जडीबुटीको खेती, प्रशोधन र अन्तर्राष्ट्रिय ब्रान्डिङलाई प्रोत्साहन गर्ने तथा सार्वजनिक-निजी साझेदारीमार्फत वन पैदावारमा आधारित उद्योग स्थापना गर्ने उपायहरू प्रभावकारी हुन सक्नेलगायत विषय प्रतिवेदनमा उल्लेख छ।

भूमि प्रशासनतर्फ सम्पूर्ण भूमि अभिलेख, नक्सा र फिल्डबुकलाई डिजिटल डेटाबेसमा रूपान्तरण गरी सुरक्षित अभिलेख प्रणाली विकास गर्नुपर्ने, अत्याधुनिक नाप-नक्सा प्रविधिको प्रयोग विस्तार गर्नुपर्ने, जग्गासम्बन्धी कारोबार अनलाइनमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्नेलगायत विषय छन्। सामाजिक सुरक्षा तथा संरक्षणअन्तर्गत नगद भत्ताकेन्द्रित मोडेललाई क्रमशः बिमामा आधारित जोखिम व्यवस्थापन, जीवनचक्र दृष्टिकोण तथा आत्मनिर्भरता उन्मुखतर्फ रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। त्यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ सार्वजनिक भवन तथा सेवा प्रणालीलाई पहुँचमैत्री बनाउने, समुदायमा आधारित ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना गर्ने, तथा सिप विकास र उद्यमशीलता कार्यक्रममार्फत महिलाको जीविकोपार्जन सुदृढ गर्नेलगायत उपाय प्रस्ताव गरिएको छ। सडक बालबालिकामुक्त अभियान सञ्चालन गर्नुपर्ने तथा बालविवाह र बालश्रम अन्त्य गर्न राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता पनि औँल्याइएको छ।

नागरिकका आधारभूत आवश्यकतामा रोजगार, पञ्जीकरण, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमतिपत्रलगायत विषय समेटेर सुझाव दिइएको छ। अस्पतालबाटै जन्म दर्ता गर्नुपर्ने, राष्ट्रिय परिचयपत्रको छपाइ र वितरणको ढिलाइ अन्त्य गर्न प्रदेशस्तरमा मुद्रण केन्द्र विस्तार गर्नुपर्नेजस्ता सुधारलाई प्रतिवेदनले जोड दिएको छ। राहदानीको सेवा सुधारका लागि अनलाइन आवेदनको व्यवस्था गरेर बिचौलिया नियन्त्रणका उपाय पनि सुझाएको छ। विदेशबाट फर्केका श्रमिकको सिपलाई स्वदेशी उद्यमसँग आबद्ध गर्न नीतिगत सुधारको आवश्यकता पनि औँल्याएको छ।

भ्रष्टाचार नियन्त्रणका लागि पारदर्शी, प्रविधिमैत्री र उत्तरदायी शासन प्रणाली स्थापना गर्ने दीर्घकालीन दृष्टि प्रस्तुत गरेको छ। सार्वजनिक सेवा प्रवाहको डिजिटल रूपान्तरण, सार्वजनिक खरिद प्रणालीको सुधार, आन्तरिक लेखापरीक्षण तथा जोखिममा आधारित अनुगमन प्रणाली सुदृढीकरण, निगरानी निकायहरूको संस्थागत क्षमता अभिवृद्धि, तथा नागरिक सहभागिता विस्तारजस्ता उपाय प्रस्ताव गरिएको छ। सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो र पूर्ण रूपमा डिजिटल बनाउने, सार्वजनिक खरिद प्रणालीलाई इजिपीमार्फत पारदर्शी र प्रतिस्पर्धात्मक बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

नियुक्ति तथा पदोन्नतिलाई पूर्ण रूपमा मेरिट र प्रतिस्पर्धामा आधारित बनाउने, भ्रष्टाचारमा संलग्न व्यक्तिमाथि प्रभावकारी अनुसन्धान र दण्ड प्रणाली लागू गर्ने उपाय प्रस्ताव गरिएको छ। विद्यालय तहदेखि नै सदाचार र नैतिक शिक्षामार्फत सामाजिक सोचमा परिवर्तन ल्याउनेजस्ता दीर्घकालीन सुधारहरू पनि आवश्यक रहेको उल्लेख छ।

त्यस्तै, कारागारहरूको भौतिक पूर्वाधार स्तरोन्नति, कैदीबन्दीको वर्गीकरण, स्वास्थ्य तथा मानसिक परामर्श सेवा विस्तार, उत्पादनमूलक सिप विकास कार्यक्रम सञ्चालन तथा सुरक्षा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनेतर्फ विशेष ध्यान दिनुपर्ने सुझाव प्रतिवेदनमा छ।

कसुरजन्य सम्पत्ति व्यवस्थापनलाई सुदृढ बनाउन एकीकृत सूचना प्रणाली विकास, सम्पत्ति व्यवस्थापनका लागि वेयरहाउस निर्माण, अन्तरनिकाय समन्वय सुदृढीकरण तथा सम्बन्धित जनशक्तिको क्षमता विकास आवश्यक रहेको मार्गचित्रले औँल्याएको छ। त्यस्तै, सुदृढ विद्युतीय शासन प्रणाली विकास गर्न स्पष्ट कानुनी आधार तय गर्नुपर्ने उल्लेख छ। राष्ट्रिय परिचय नम्बरलाई सेवा प्रवाहको आधार बनाउनेजस्ता उपाय पनि सुझाइएका छन्।

कानुन, न्याय तथा प्रहरी शीर्षकअन्तर्गत पनि समितिका विभिन्न सुझाव छन्। न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्ण रूपमा मेरिटमा आधारित र पारदर्शी बनाउनुपर्ने, न्यायपरिषद्को संरचनामा सुधार गरी राजनीतिक प्रभाव घटाउने, न्यायाधीशहरूको कार्यसम्पादन मूल्यांकन प्रणाली विकास गर्ने तथा अदालतहरूमा विशिष्टीकृत बेन्च स्थापना गर्ने प्रस्ताव गरिएको छ। न्याय प्रशासनलाई कागजविहीन र पारदर्शी बनाउनुपर्ने, न्यायाधीश र न्यायिक अधिकारीहरूको सम्पत्ति विवरणको पारदर्शी अनुगमन गर्ने तथा अदालत प्रशासनमा उत्तरदायित्व र पारदर्शिता बढाउनुपर्नेलगायत विषय पनि प्रतिवेदनले सुझाएको छ।

त्यस्तै, कर्मचारी प्रशासन सुधारतर्फ पदस्थापन, सरुवा र बढुवा प्रक्रियालाई पारदर्शी, पूर्वानुमानयोग्य र सूचना प्रणालीमा आधारित बनाउनुपर्ने तथा कार्यसम्पादन मूल्यांकनलाई नतिजामा आधारित बनाउनुपर्ने उल्लेख छ। सुरक्षातर्फ पनि संघीयताको मर्मअनुसार आन्तरिक सुरक्षा ऐन, स्थानीय प्रशासन ऐन तथा संघीय प्रहरी ऐनलाई परिमार्जन गरी तीन तहका सरकारबिचको कार्यक्षेत्र स्पष्ट गर्नुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबिच कार्यगत समन्वयका लागि स्पष्ट कार्यसञ्चालन कार्यविधि लागू गरी सुरक्षा व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ। सुरक्षा निकायहरूको संस्थागत क्षमता सुदृढीकरण, प्रहरी र सशस्त्र प्रहरीको सांगठनिक पुनर्संरचना, कर्मचारी व्यवस्थापनमा मेरिटोक्रेसीको प्रवर्द्धन, पारदर्शी सरुवा-बढुवा प्रणाली तथा राजनीतिक हस्तक्षेपमुक्त कमान्ड संरचना कायम गर्नुपर्नेजस्ता विषय छन्।

श्री नन्द माध्यमिक विद्यालय

कृष्णपुर-३ देखतभुली कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

क्याटलग/ब्रोसर सपिङ विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते

यस कार्यालयको लागि आवश्यक भएको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१४औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक विक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारीक विक्रेताबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर भुक्तानी गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८औं दिन १२:०० बजे सम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (१४औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ। थप जानकारी आवश्यक परेमा कार्यालयको Email : nandmavi@gmail.com@gmail.com वा फोन नं. (९७६८४८१३२३, ९८६८५७३४०६ मा सम्पर्क राख्न सकिने छ।

तपसिल :

सि.न.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	(50 + D) School Bus (1)	Gross Vehicle weight not less than 9500kg, 3200cc engine, maximum rated power output not less than 115Kw and maximum torqued not less than 450 Nm at governed RPM, ground clearance not less than 180 mm.	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical specification बमोजिम हुने छ। स्वीकृत Technical specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ।

नोट : आपुर्तिकर्ता संग नेपाल अधिराज्य भरि कम्तिमा १५ वटा आफ्नै सर्भिस सेन्टर सञ्चालनमा रहेको हुनुपर्नेछ। आपुर्तिकर्ताले विगत ३ आ.व.भित्र कम्तिमा १५० वटा स्कुल बस आपुर्ति गरेको अनुभव हुनुपर्ने छ साथै सम्पुर्ण मुल्यांकन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहनेछ।

भुवन राज पन्त
प्रधानाध्यापक

श्री महाकाली माध्यमिक विद्यालय

कृष्णपुर-०६, बसन्तपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

क्याटलग/ब्रोसर सपिङ विधिबाट स्कुल बस खरिद (भन्सार छुट सहित) गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०३ गते

यस विद्यालयको लागि आवश्यक भएको सरावरी साधन सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित)को दफा ८ को उप दफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४(१४औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरूबिच मात्र प्रतिष्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख)को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक विक्रेताहरूबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्वन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अध्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको बिस्तृत विवरण, सम्वन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विवरण(क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२:०० बजेसम्म यस विद्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली, २०६४(१४औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको विद्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ। थप जानकारीको लागि मोबाइल नं. ९८६५९३४७३४ मा सम्पर्क राख्न सकिनेछ।

तपसिलः

सि.न.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	(50+D) School Bus (१ वटा)	Gross Vehicle wieght not be less than 9,500 Kgs, 3200CC-Engine, Maximum rated power output not less than 115 Kw and maximum torque not less than 450Nm at governed RPM, Graund clearance not less than 180mm.	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ। स्वीकृत Technical Specification को लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।

नोट : आपूर्तिकर्तासँग नेपाल अधिराज्यभर आफ्नै कम्तीमा १५ ओटा सर्भिसिङ सेन्टर संचालनमा रहेको हुनुपर्नेछ। आपुर्तिकर्ताले विगत ३ (तिन) आर्थिक वर्षभित्र कम्तीमा १५० वटा स्कुल बस आपूर्ति गरेको अनुभव भएको हुनुपर्ने छ। साथै सम्पूर्ण मूल्यांकन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहने छ।

प्रधानाध्यापक
पुरन सिंह बोगटी

■ रास्वपा सांसदको अभिमुखीकरण

संसद्मा काम गर्ने तत्परता, जनादेश पूरा गर्ने प्रतिबद्धता



कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले नवनिर्वाचित सांसदहरूलाई संसदीय अभ्याससम्बन्धी अभिमुखीकरण सुरु गरेको छ । संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्दै जनादेशलाई परिणाममा रूपान्तरण गर्ने लक्ष्यसहित सञ्चालन गरिएको प्रशिक्षणमा सहभागी सांसदहरूले जिम्मेवारीबोधका साथ काम गर्न उत्साहित रहेको प्रतिक्रिया दिएका छन् ।

ललितपुरस्थित ग्वार्कोमा मंगलबारदेखि सुरु दुईदिने अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रममा पूर्वसचिवहरू तथा अघिल्लो कार्यकालका अनुभवी सांसदहरूले सहजीकरण गरेका छन् । रास्वपाका सांसदहरूले यसलाई संसदीय पाठशाला भनेका छन् । हालै सम्पन्न प्रतिनिधिसभामा रास्वपाले १२५ प्रत्यक्ष र ५७ समानुपातिक गरी १८२ सिटमा जित हासिल गरेको छ, जसमध्ये १३ जनाबाहेक सबै नयाँ हुन् ।

महामन्त्री कवीन्द्र बुर्लाकोटीले सांसदहरूलाई संसदीय प्रक्रिया, कानुन निर्माण, नीति विश्लेषण र जनप्रतिनिधिको भूमिकाबारे स्पष्ट बुझाइदिन अभिमुखीकरण गरिएको बताए । 'प्रशिक्षणको उद्देश्य सांसदहरूलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी प्रतिनिधि बनाउन, पार्टीको रणनीति, दृष्टिकोण तथा नीतिगत प्राथमिकता स्पष्ट गराउन र संसद्, सरकार तथा निर्वाचन क्षेत्रबिच समन्वय गर्न सक्षम बनाउनु हो,' उनले भने ।

उपसभापति स्वर्णिम वाग्लेले निर्वाचनबाट प्राप्त जनमतलाई न्याय गर्ने जिम्मेवारी सबैले बोध गर्नुपर्ने बताए । विगतका बहुमत सरकारहरूको अस्थिरताको अनुभव स्मरण गर्दै उनले वर्तमान जनादेश अत्यन्तै महत्त्वपूर्ण रहेको उल्लेख गरे । 'हामी कानुन बनाउन आएका हौं । सत्ता पक्षमा भए पनि सरकारको निगरानी गर्नुपर्छ । 'नो इफ, नो बट'मा काम गरेर देखाउनुपर्छ,' उनले भने, 'फेरि अध्ययनको चरणमा प्रवेश गर्नुपर्नेछ, खेलको नियममा पारंगत हुनुपर्छ । संसद् पनि कलेजजस्तै हो । पदको गरिमालाई न्याय गर्न, आफूलाई त्यहाँ पुऱ्याउन मिहिनेत गर्नुपर्छ ।'

वाग्लेले अध्ययनलाई ध्यान दिन सांसदहरूलाई निर्देशन दिए । 'पार्टीकै धारणा अध्ययन गर्ने, वाचापत्र दोहोऱ्याएर, तेहऱ्याएर पढ्नुहोला । ०७९ को वाचापत्र पनि पढ्नुहोला । सभापतिले पेस गर्नुभएको राजनीतिक प्रस्तावना र जलेश्वर बैठकको प्रतिवेदन अध्ययन गर्नुहोला,' उनले भने ।

उनले सरल जीवनशैली अपनाउन पनि निर्देशन दिए । 'पारदर्शी र अनुकरणीय हुनुपर्नेछ । पृथक् र फरक होस् । सम्पत्ति विवरण, आर्थिक स्रोतको पारदर्शिता र आचरणमा ध्यान दिनुहोला । मतदाता र आफ्नो क्षेत्र, अन्य दल, विज्ञ, मिडियासँगको बहुआयामिक सम्बन्धमा ध्यान दिनुहोला । ज्ञान र संस्कारमा आधारित परिपक्व राजनीति गर्न यहाँ आएका छौं,' उनले भने, 'यसअघिको कार्यकाल असाध्यै उदाहरणीय भयो । पुरानाप्रतिको वितृष्णा र नयाँप्रतिको आशाका रूपमा यो समूहले गर्छ भनेर हामीलाई त्यो जिम्मेवारी सुम्पिएको छ, यसलाई न्याय गरौं ।'

उपसभापति डोलप्रसाद अर्यालले ०७९ को संसद्मा रहेर सकेसम्म काम गरेको भन्दै संख्या नपुगेको बताए । 'तर, संख्या पुगेन । अनि स्कुले केटाकेटी झोला बोकेर सडकमा निस्किए । तत्कालीन सरकार क्रूर बनेर हत्या भयो । भदौ २३ र २४ को घटना भयो । त्यसपछि निर्वाचन भयो । अहिले देशले जितेको छ,' उनले भने, 'अब मेरा लागि सरकार छ भनेर काम गर्नुपर्नेछ । विदेशमा रहेका नेपालीलाई फर्काउन सक्ने वातावरण बनाउने गरी काम गर्नुपर्छ,' उनले भने ।

उपसभापति अर्यालले निर्वाचनमा प्राप्त जनादेश बालेन र रविप्रतिको विश्वास भएको बताए । 'साथै, विगतमा दलहरूले गरेको गलत कार्य, कुशासनको परिणाम पनि हो,' उनले भने, 'ल अब तपाईंहरूलाई म्यान्डेट भनेर गह्रुँगो जिम्मेवारी दिएका छन् । हामीले गम्भीर रूपमा लिएर जानुपर्छ । गम्भीर समय र मोडमा बन्न लागेको सरकार महत्त्वपूर्ण छ । यो सदुपयोग गर्न सकेनौं भने आफूलाई क्षमा गर्न सकिनेछैन ।'

अर्यालले संविधान, कानुन र विधानअनुसार काम गर्न सांसदहरूलाई निर्देशन दिए । 'हामी आन्तरिक द्वन्द्व, खिचातानी र खुट्टा तान्ने प्रवृत्तिबाट धेरै पर पुगुनुपर्नेछ । आगामी चुनावमा हामीले विपक्षीको हैसियत पनि नआउने अवस्था नहोस्,' उनले भने । प्रशिक्षणमा केन्द्रीय सदस्य अरनिको पाँडेले रास्वपाले तथ्यांकमा आधारित नीति निर्माण गर्ने बताए । 'रास्वपा सांसद विलासितामा रमाउँदैनन्, जनतामाझ बस्छन् । घमन्ड गर्दैनन्, लाइन मिच्दैनन् । कुरा कम, काम धेरै गर्छन् । अनावश्यक आसनग्रहणमा समय व्यतीत गर्दैनन्,' उनले भने ।



सभापति लामिछाने र वरिष्ठ नेता बालेन अनुपस्थित

उपसभापति डिपी अर्यालका अनुसार सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह स्वास्थ्य र व्यस्तताका कारण उद्घाटन सत्रमा सहभागी हुन सकेनन् । 'दुवैजनाको स्वास्थ्य स्थिति र अत्यन्तै कार्यव्यस्तताको कारणले उद्घाटन सत्रमा उपस्थित हुन सक्नुभएको छैन । सम्भव भएसम्म भोलि कार्यक्रम समापन हुनुभन्दा अगाडि उपस्थित गराउने कोसिस गर्छौं,' उनले भने ।

■ निर्वाचित सांसदहरू भन्छन्-
जिम्मेवारीबोधका साथ काम गर्न उत्साहित छौं

मोरङ ६ मा शेखर कोइरालालाई हराउँदै निर्वाचित ३१ वर्षीया रुविना आचार्यले जिम्मेवारीबोधसहित समूहमा काम गर्न उत्सुक रहेको बताइन् । उनले शपथअगाडिको अभिमुखीकरण एकले अर्कालाई चिन्ने राम्रो अवसर भएको सुनाइन् । 'साथीहरूलाई न्युजमा हेरिरहेका थियौं । सबैजना प्रत्यक्ष भेट्न पाएका थिएनौं । गफ गर्ने र बुझ्ने मौका पाएका छौं,' उनले भनिन्, 'फ्रेस ऊर्जा लिएर आएका छौं । सुशासन र भ्रष्टाचाररहित समाज निर्माणका लागि उत्सुक भएर अगाडि बढ्नुपर्छ । सुशासनको बिउ हामीले नै रोप्ने हो । जिम्मेवारीको महसुस भएको छ । जनताको जनादेश शिरोधार्य गर्दै अगाडि बढ्छौं ।'

धादिङ १ बाट निर्वाचित आशिका तामाङले जनतासामु कसरी काम गर्ने, कस्तो नियम-कानुन बनाउने भनेर धेरै बुझ्ने मौका पाएको बताइन् । 'पहिलो काम सुशासन स्थापना गरेर भ्रष्टाचार अन्त्य गर्नु छ । त्यसका लागि सदनमा भूमिका खेल्छौं,' उनले भनिन् ।

यस्तै, गुल्मी १ बाट निर्वाचित सागर ढकालले जिम्मेवारबोधका साथ प्राप्त शक्तिलाई देश रूपान्तरणका लागि प्रयोग गर्न चाहेको बताए । 'संसदीय अभ्यासबारे अभिमुखीकरणले राम्रो सिकाइ भएको छ,' उनले भने ।

ओखलढुंगाबाट निर्वाचित विश्वराज पोखरेलले सांसदले खेल्ने भूमिका, टिम निर्माण, आपसी क्षमता आदानप्रदानमा अभिमुखीकरणले सहयोग पुगेको बताए । उनले जनअपेक्षा पूरा गर्न इमानदारीपूर्वक धेरै मिहिनेत गर्नुपर्ने सुनाए । 'सुरुको दिनदेखि नै डेलिभरीलाई प्रभावकारी ढंगले लान सकेनौं भने फेरि जनताले प्रश्न उठाउन सुरु गर्छन् । प्रश्न उठ्दै गयो भने फेरि कठिन हुँदै जान्छ,' उनले भने, 'त्यसैले सरकार गठन भएको दिनदेखि नै एकदम स्पिडमा जनताको विश्वास र भरोसालाई जित्ने ढंगले अगाडि जानुपर्छ ।'

चितवन ३ बाट निर्वाचित सोविता गौतमले विगतको अनुभवले यसपटक धेरैभन्दा धेरै काम गर्न सकिन्छ भन्ने उत्साह रहेको बताइन् । 'अघिल्लोपटक संसदीय अभ्यासबारे अनुभव थिएन । अहिले अनुभवसहित आएका छौं । संसदीय अभ्यासलाई उच्चतम तहको नमुनाका रूपमा स्थापित गर्ने गरी काम गरौं भन्ने हिसाबले लाग्छु,' उनले भनिन्, 'सरकार र मन्त्रीका कामकारबाहीलाई यसपटक संसद्ले सन्तुलनमा राख्ने गरी काम गर्छौं । विगतको जस्तो रबरस्ट्याम्प हुँदैन, सन्तुलन हुन्छ ।'

झापा १ बाट निर्वाचित निशा डाँगीले पहिला नै संसदीय प्रक्रियाबारे परिपक्व बनाउन अभिमुखीकरण राखिएको बताइन् । समानुपातिकभन्दा प्रत्यक्ष निर्वाचित हुँदा जनअपेक्षा धेरै भएको र त्यसअनुसार काम सुरु गरिएको उनले बताइन् । 'विगतमा संसद् सरकारको कठपुतली बन्यो । यसपटक सरकारलाई जवाफदेही बनाउने भूमिकामा संसद् रहन्छ,' उनले भनिन् ।

गोरखा १ बाट निर्वाचित सुदन गुरुङले ठुलो जिम्मेवारीका बिच धेरै काम गर्नुपर्ने अवस्था रहेको बताए । पहिला सडकमा हुँदा जनताका मुद्दामा काम गर्दै आएको उल्लेख गर्दै गुरुङले भने, 'सिस्टमबाहिर बसेर जहिले आवाज उठाएर नहुने रहेछ भन्ने प्रस्ट बुझ्कैं । तर, त्यसरी हुँदो रहेनछ,' उनले भने, 'अब आफैं गएर सिस्टममा बसेर सिस्टम नै चेन्ज गर्नुपर्ने भयो । बाध्यताले आयौं । अब धेरै कुरा गर्छौं । चुनौती छ, तर पार लाइन्छ । जबसम्म देश बन्दैन, तबसम्म रोकिँदैन ।'

सर्लाही १ बाट निर्वाचित नीतिमा भण्डारी कार्कीले उत्साहका साथै जिम्मेवारीबोध भएको बताइन् । 'वर्कसपले टिम बिल्डिङ र सांसदको जिम्मेवारी सिकाएको छ,' उनले भनिन्, 'हाम्रोमा ९९ प्रतिशत किसान हुनुहुन्छ, उहाँहरूले उत्पादनको भाउ पाउनुभएको छैन । किसानको हितमा हेरेर कानुन बनाउने इच्छा छ ।'

समानुपातिक सांसद विदुषी राणाले सांसद भएर आउँदा देश बनाउने मौका पाएको बताइन् । 'नयाँ नेपाल निर्माणको अभियानमा म पनि जोडिन पाउँदा एकदम खुसी लागेको छ,' उनले भनिन् । राणाले सांसदको जिम्मेवारीलाई अवसरका रूपमा हेरेको र औद्योगिकीकरणमा आफ्नो विज्ञता प्रदर्शन गरेर योगदान गर्ने बताइन् ।

यौनिक तथा अल्पसंख्यक समुदायबाट सांसद बनेकी भूमिका श्रेष्ठले काम गर्न एकदमै उत्साहित रहेको बताइन् । 'इतिहासमै पहिलोपटक ट्रान्सजेन्डर समुदायबाट संसद्मा पुग्दै छु । एकदमै उत्साहित छु । काम गर्न इच्छुक छु,' उनले भनिन्, 'म आफैं उपस्थित हुँदा हाम्रो समुदायका एजेन्डा कार्यान्वयन गर्न सहज हुन्छ । सम्पूर्ण टिमले सहयोग गर्नुहुन्छ जस्तो लाग्छ । नागरिकता, स्वास्थ्य, शिक्षा र रोजगारीलगायत धेरै एजेन्डामा काम गर्छु ।'

पिछडिएको क्षेत्रबाट समानुपातिक सांसद ज्वाला संग्रौलाले अभिमुखीकरणबाट धेरै सिकाइ भएको सुनाइन् । 'अभिमुखीकरणले संसद्को दैलो नटेकेकाको क्युरिसिटीलाई सम्बोधन गरेको छ । एकदमै नयाँ अनुभव भएको छ । उत्साहजनक ढंगले सिकिरहेका छौं,' उनले भनिन्, 'काम गर्न प्रतिबद्ध छौं, अब द्रुत गतिमा काम हुन्छ ।' अब बन्ने सरकारमा सुदूरपश्चिम र कर्णालीजस्ता पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने आस पलाएको उनले बताइन् । महोत्तरी २ बाट निर्वाचित डा. दीपककुमार साहले जनताको मुहारमा हाँसो ल्याउने जिम्मेवारी पूरा गर्न आफूहरू आएको बताए ।

संक्षेप

सशस्त्र प्रहरीका चार डिआइजीको पदावधि थप

काठमाडौं/ सशस्त्र प्रहरी बलका चार डिआइजीको पदावधि थप भएको छ । गत आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदीप पाल, लक्ष्मण सिंह, डा. रूपक महर्जन र इ. सन्दीप थापाको पदावधि एक वर्ष थप गरेको गृह मन्त्रालयका एक अधिकारीले बताए । सशस्त्र प्रहरीमा डिआइजीको पदावधि चार प्लस एक हुने प्रावधान छ । कार्यसम्पादन चित्त बुझेमा पदावधि एक वर्ष थप्न सकिने उल्लेख छ । पदावधि थप भएकामध्ये डा. महर्जन र थापा प्राविधिक हुन् । पाल र सिंह भने प्रशासनतर्फका हुन् । पाल र सिंह नेपाल प्रहरीको प्राविधिकतर्फ सइ पदमा भर्ना भई सशस्त्र प्रहरीमा स्थानान्तरण भएका अधिकारी हुन् । पदावधि थप भएसँगै अब रिक्त हुने एआइजी पदमा उनीहरूमध्येबाटै बढुवा हुनेछ । उनीहरूको कारण सशस्त्र प्रहरीको सिंस १ का अधिकारीको वृत्तिविकासमा असर पर्ने देखिन्छ । पदावधि थप भएका पाल र सिंह औसत कार्यक्षमता भएका र विगतमा कारबाही भोगेका अधिकृत हुन् ।

लागुऔषधको नसामा राइड सेयरिङका चालक

ललितपुर/ उपत्यकामा राइड सेयरिङसम्बन्धी कम्पनीमा आबद्ध भएर मोटरसाइकल चलाउने कतिपय चालक लागुऔषधको सेवनकर्ता भएको खुलेको छ । ट्राफिक प्रहरीले मंगलबार लापसे गर्ने दुई चालकलाई पक्राउ गरेको छ । ललितपुर महानगरपालिका- २७, सुनाकोठीमा ट्राफिक प्रहरीले मंगलबार गरेको लापसे चेकिङमा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउने ६ चालक पक्राउ गरेकोमा त्यसमध्ये दुई तथा राइड सेयरिङ गर्ने मोटरसाइकल चालक छन् । '२० जना चालकको लापसे जाँच गरेका थियौं,' काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले भने, 'त्यसमध्ये ६ जनाले लागुऔषध सेवन गरेको पुष्टि भएको छ । दुईजना राइड सेयरिङ गर्ने चालकमाथि परीक्षण गर्दा दुवैले सेवन गर्ने खुलेपछि पक्राउ गरेर प्रहरीलाई बुझाएका छौं ।' पक्राउ पर्ने अन्य चालकमा दुईजना मिनीट्रकका चालक र अन्य दुई निजी दुईपाग्रे सवारीका चालक छन् ।

हावाहुरीले वडा कार्यालयसहित डेढ दर्जन संरचना क्षतिग्रस्त

ताप्लेजुङ/ वर्षासँगै आएको शक्तिशाली हावाहुरीले ताप्लेजुङका गाउँहरूमा हुरीले घरका छाना उडाउनुका साथै सार्वजनिक भवन भत्काउँदा डेढ दर्जनभन्दा बढी संरचना क्षतिग्रस्त भएका छन् । प्रारम्भिक विवरणअनुसार घटनाबाट करिब ७५ लाख ५० हजार रुपैयाँबराबरको नोक्सानी भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार वर्षासँगै आएको तीव्र हावाहुरीले जिल्लाका विभिन्न पालिकामा घर, गोठ र सार्वजनिक संरचनामा क्षति पुऱ्याएको हो । प्रारम्भिक तथ्यांकले सिदिङ्वा गाउँपालिकामा सबैभन्दा बढी क्षति भएको देखाएको छ । सिदिङ्वा गाउँपालिका- २, सादेवास्थित पुरानो वडा कार्यालय भवनको छाना हावाहुरीले उडाउँदा मात्र करिब ५० लाख रुपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

छिमेकीको हत्या अभियोगमा एक पक्राउ

बाँके/ छिमेकीको हत्या गरेको अभियोगमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । बैजनाथ गाउँपालिका- ५, छमनियाका ५१ वर्षीया भगवनी थारूको हत्या गरेको अभियोगमा ५५ वर्षीय सीताराम थारूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी डिएसपी दीपक पातलीले जानकारी दिए । 'खेतको मसुरोको विषयमा भएको सामान्य विवादमा सीतारामले भगवनीलाई हँसिया प्रहार गरेको अनुसन्धानबाट खुलेको छ,' उनले भने । वादविवादका क्रममा सीतारामले धारिलो हतियार हँसिया प्रहार गर्दा भगवनीको घटनास्थलमै मृत्यु भएको उनले बताए । 'हँसियाले घाँटी र टाउकोमा प्रहार गर्दा भगवनीको घटनास्थलमै मृत्यु भयो,' डिएसपी पातलीले भने ।

■ लामिछानेको मुद्दाको सुनुवाइ अब बिहीबार

'अभियोग संशोधन भए पीडितले छिटो बचत फिर्ता पाउँछन्'

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको अभियोगपत्र संशोधनको रिटमाथिको सुनुवाइ अब बिहीबार हुने भएको छ । बुधबार सार्वजनिक बिदा भएका कारण बिहीबारका लागि सुनुवाइ हुनेगरी तोकिएको सर्वोच्च प्रशासनले जनाएको छ । १ चैतदेखि हेर्दाहिर्दैमा रहेको यो मुद्दामा लगातार तीन दिनसम्म हेर्दाहिर्दैमा राखेर सर्वोच्चले सुनुवाइ गरिरहेको छ । न्यायाधीशहरू शारंगा सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले यस रिटमाथि सुनुवाइ गरिरहेको हो । उस्तै माग भएका तीनवटा रिट साथसाथ राखी अदालतले सुनुवाइ गरिरहेको छ ।

न्यायाधीशहरू सपना प्रधान मल्ल र श्रीकान्त पौडेलले अंग पुगिसकेकाले यी रिट पूर्ण सुनुवाइका लागि १ चैतको मिति तोकी पेस गरेका थिए । पुस अन्तिममा महान्यायाधिवक्ता सविता भण्डारी बरालले गरेको अभियोगपत्र संशोधनको निर्णयलाई चुनौती दिँदै ४ पुसमा तीन रिट दर्ता भएका थिए । बदनियतपूर्वक कानुनको असमान प्रयोग भएको दाबी रिटमा गरिएको छ । अभियोजन गर्ने अधिकारको स्वेच्छाचारी प्रयोग भएको तथा राज्य आफै अपराध



● **सुशील पन्त**
वरिष्ठ अधिवक्ता

सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुर लगाउँदा पीडितले रकम फिर्ता पाउँदैनन् । तर, गोरखा मिडियाको सम्पत्ति बेच्यो भने त सहकारीपीडितको रकम फिर्ता हुने भयो ।

कर्ममा संलग्न भएकोले विधिको शासन पराजित भएको जिकिर निवेदकले गरेका छन् ।

मंगलबार लामिछाने पक्षका कानुन व्यवसायीले बहस गरेका थिए । लामिछानेमाथि अनावश्यक मुद्दा दायर गरिएको तथा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर हटाउँदा पीडितले छिटो बचत फिर्ताका लागि सहज हुने उनीहरूको भनाइ थियो । जवाफी बहस बाँकी रहेकाले मुद्दामा बिहीबार फैसला हुने सम्भावना छ । मंगलबार वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ तथा सुशील पन्त, अधिवक्ताहरू दीपेन्द्र झा, नारायणदत्त कँडेललगायतले लामिछानेको पक्षमा बहस गरेका थिए । महान्यायाधिवक्ताको निर्णयको बचाउ गर्दै उनीहरूले अभियोगपत्र संशोधन कानुनसम्मत भएको बताएका थिए । सोमबारदेखि नै बहस गरिरहेका पन्तले मंगलबार पनि त्यसलाई निरन्तरता दिएका हुन् । 'सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुर लगाउँदा पीडितले रकम फिर्ता पाउँदैनन् । तर गोरखा मिडियाको सम्पत्ति बेच्यो भने त सहकारीपीडितको रकम फिर्ता हुने भयो,' पन्तले भने । अभियोजन नै बदनियतपूर्वक लगाइएकाले अभियोगपत्र संशोधन गरी अभियोग हटाउनु उचित भएको भनाइ उनको थियो ।

महान्यायाधिवक्ता बरालले ३० पुसमा लामिछानेउपरका दुई अभियोग कायम नरहने गरी अभियोगपत्रहरू संशोधन गर्ने निर्णय गरेकी थिइन् । चितवन जिल्ला अदालतमा विचाराधीन ठगी र सहकारी ठगीका मुद्दाभैं अन्य अदालतहरूमा पनि यी दुई मात्र अभियोग कायम राख्ने गरी सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयहरूमा लेखी पठाउने निर्णय उनले गरेकोमा यसैलाई चुनौती दिँदै रिट दर्ता भएको हो । उनले अन्य अभियोगपत्रहरूबाट संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग हटाउने निर्णय गरेकी थिइन् ।

'गलत मनसाय राखेर पुस्तक जलाइएको होइन'

विराटनगर/ मनमोहन प्राविधिक विश्वविद्यालयले चिनियाँ राष्ट्रपति सी जिनपिङको जीवनीमा आधारित पुस्तक जलेको भनेर सामाजिक सञ्जालमा फैलिएको सूचना नियोजित नभएको प्रस्ट पारेको छ । विश्वविद्यालयका मुख्य अधिकृत सुजन भुर्तेलले इन्जिनियरिङ संकायको ल्याब निर्माण गर्न वर्कसपमा रहेका पुराना धमिराले खाएका र दाग लागेका पुस्तक नियमअनुसार धुल्याउने क्रममा भुलवश स्टोरका कर्मचारीले नष्ट गर्दा चिनियाँ राष्ट्रपति सी जिनपिङको जिवनीमा आधारित 'द गभर्नेन्स अफ चाइना' नामको केही पुस्तक पनि परेको बताएका छन् ।

भुर्तेलका अनुसार वर्कसपको गोदाममा रहेका 'द गभर्नेन्स अफ चाइना'सहित अन्य धेरै पुस्तक सामग्री संकलन गरेर विश्वविद्यालयको लाइब्रेरीमा सुरक्षित रूपले भण्डारण गरेर राखिएको छ । नष्ट भएका धेरै पुराना कागजी पाठ्यपुस्तकसँगै स्टोरका कर्मचारीबाट भुलवश चिनियाँ राष्ट्रपतिको 'द गभर्नेन्स अफ चाइना' पनि परेको उनको भनाइ छ । 'नयाँ इन्जिनियरिङ ल्याब स्थापना गर्नुपर्ने भएकाले ठाउँ खाली गराउन वर्कसपभित्र रहेका झुत्रा कागज र पुराना किताब प्रक्रियाअनुसार निर्णय गरेर नष्ट गराएका हौं । कुनै विशेष पुस्तक गलत मनसाय राखेर जलाउन लगाएका हुँदै होइनौं, हुलमुलमा रेकर्डमा नभएका चिनियाँ राष्ट्रपतिको केही पुस्तक पनि पर्न गएकोमा क्षमा चाहन्छौं,' उनले भने ।

■ पोखरा विमानस्थल निर्माण भ्रष्टाचार प्रकरण

५५ मध्ये ३४ प्रतिवादी उपस्थित, पाँचजनासँग धरौटी माग, बाँकी साधारण तारेखमा

शिल्पा कर्ण/नयाँ पत्रिका

पोखरा विमानस्थल निर्माणसम्बन्धी भ्रष्टाचार प्रकरणमा हालसम्म ३४ जना विशेष अदालतमा उपस्थित भएका छन् । अझै १६ जना उपस्थित हुन बाँकी रहेको र सबै उपस्थित भएपछि यो मुद्दा नियमित सुनुवाइमा जाने विशेष अदालतले जनाएको छ ।

उपस्थित भएकामध्ये अदालतले पाँचजनासँग धरौटी माग गरेको छ । बाँकी सबैलाई साधारण तारेखमा राख्न आदेश गरेको छ । विशेषका अनुसार सुशील घिमिरे, सुमनकुमार श्रेष्ठ, रञ्जनकृष्ण अर्याल, मुरारी भण्डारी र प्रदीप अधिकारीसँग धरौटी मागको आदेश भएको तथा अन्य सबैले साधारण तारेखमै रहेर मुद्दा पुर्पक्ष गर्न पाउने भएका छन् । विशेषका अध्यक्ष सुदर्शनदेव भट्ट र डिल्लीरत्न श्रेष्ठको इजलासले यस्तो आदेश दिएको थियो ।

विशेषका अनुसार अधिकारीसँग पाँच लाख रुपैयाँ र मुरारी भण्डारीसँग एक लाख रुपैयाँ धरौटी मागको आदेश भएको थियो । यद्यपि, अधिकारी भने अर्कै मुद्दाका कारण अझै थुनामै छन् । उनीहरू दुवैजना २३ पुसमा उपस्थित भएका थिए । विमानस्थलको निर्माण बहुवर्षीय रहेको तथा परियोजनासम्बन्धी विभिन्न निकाय तथा पदाधिकारीबाट विभिन्न निर्णय र कार्य भएकोमा अधिकारी आयोजना प्रमुखका रूपमा ०७१ देखि ०७४ सम्म रहेका थिए । साथै, ०७८ माघदेखि भने प्राधिकरणको महानिर्देशक थिए । भण्डारी प्राधिकरणको इन्जिनियरको हैसियतमा



विमानस्थलको प्रारम्भिक खरिद प्रक्रियामा टेन्डरसँग सम्बन्धित कार्यमा संलग्न भेटिएको थियो । यसरी उनीहरू दुईजनाको हकमा धरौटी मागको आदेश भएको थियो ।

यसैगरी, १२ पुसमा तीनजना उपस्थित भएकोमा उनीहरूसँग पनि धरौटी मागको आदेश भएको थियो । विशेषका अनुसार प्रतिवादीहरू सुशील घिमिरे, सुमनकुमार श्रेष्ठ र रञ्जनकृष्ण अर्यालसँग धरौटी मागको आदेश भएको छ । घिमिरेसँग एक लाख ५० हजार र श्रेष्ठ तथा अर्यालसँग क्रमशः एक-एक लाख रुपैयाँ धरौटी माग भएको विशेषले जनाएको छ ।

उपस्थित भएका अन्य प्रतिवादी भने साधारण तारेखमा छन् । विशेषका अनुसार अशोककुमार सुवेदी, सुवर्णराज उपाध्याय र महेशकुमार बस्नेत १६ पुसमा अदालत उपस्थित भएका थिए । उनीहरूका साथै नारायण गिरी, बाबुराम पौडेल, ऋषिकेश शर्मा, मुक्तिनारायण पौडेल, मुकुन्दप्रसाद भण्डारी, गंगासागरमान श्रेष्ठ, लोकबहादुर खत्री, रुद्रप्रसाद फुयाँल र प्रतापबाबु तिवारी साधारण तारेखमा छन् ।

मदन खरेल, लालबहादुर खत्री, कमलकुमार भट्टराई र हंसराज पाण्डेय तथा भेषराज शर्मा, कुलप्रसाद सिंखडा, द्वारिकाप्रसाद भट्टराई, सुरेशमान श्रेष्ठ, सुरेश आचार्य पनि साधारण तारेखमै छन् ।

विशेषका अनुसार दीपकचन्द्र अमात्य, मधुकर मरासिनी, रामचन्द्र सुवेदी, सुमनप्रसाद शर्मा, प्रेमनाथ उपाध्याय र मोहनकृष्ण सापकोटालाई पनि अदालतले साधारण तारेखमा रहेर मुद्दा पुर्पक्ष गर्ने आदेश दिएको छ । यसबाहेक सूर्यप्रसाद आचार्य र त्रिरत्न मानन्धरको हकमा पनि यस्तै आदेश भएको विशेषले जनाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आठ अर्ब ३६ करोड रुपैयाँभन्दा बढीको अनियमितता भएको दाबीसहित गत २१ मंसिरमा मुद्दा दर्ता गरेको थियो । यस मुद्दामा संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका तत्कालीन चारजना मन्त्री र तत्कालीन अर्थमन्त्री रामशरण महतसमेत प्रतिवादी छन् ।

■ निर्माण कम्पनी अदालतमा उपस्थित

विमानस्थल निर्माण कम्पनीका प्रतिनिधि विशेष अदालतमा उपस्थित भएका छन् । एमएस चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडका तर्फबाट अख्तियार प्राप्त रविन रिजाल मंगलबार निवेदन लिई उपस्थित भएका हुन् । प्राधिकरणसँगको मिलेमतोमा बदनियतपूर्वक लागत इस्टिमेट अस्वाभाविक रूपमा बढाइएको अभियोग कम्पनीउपर छ । कम्पनीसमेतको संलग्नतामा अनुमान संशोधन भएको तथा त्यसैअनुसार सम्झौता भएको दाबी अख्तियारले गरेको छ । यसमाथि विशेषका सदस्यहरू नारायणप्रसाद पौडेल र उमेश कोइरालाको इजलासले धरौटी मागको आदेश गरेको हो । उक्त इजलासले २५ लाख रुपैयाँ धरौटी माग गरी मुद्दाको पुर्पक्ष गर्न आदेश गरेको थियो ।

बलात्कारका घटनाले जन्माएका प्रश्न

बलात्कारजस्तो अमानवीय, क्रूर र संगीन अपराध नियन्त्रणका लागि समयले अत्यन्त कठोर सजायको माग गरेको त होइन ?



● केदार अधिकारी

अग्रलेख

मानवीय संवेदनासँग जोडिएको अत्यन्त अमानवीय, संवेदनहीन घटनाबाट के मानवीय संवेदना सभ्य समाजबाट अन्त्य भइसकेको हो ? भन्ने सोच्न बाध्य गराएको छ। प्रतिनिधिमूलक घटनाका रूपमा हालै मात्र सुर्खेतको वीरेन्द्रनगर- ४ स्थित जनजागरण सामुदायिक वनमा घटित इनिसा विक बलात्कार घटना र केही समयअघि घटित बलात्कारपछि करेन्ट लगाएर मार्ने प्रयास गरिएको घटनालाई लिन सकिन्छ। जुन घटनाले महोत्तरीमा १८ वर्षीया एक किशोरीलाई बलात्कारपछि करेन्ट लगाई मार्नेसम्मको प्रयास गरिएको तथ्य उजागर भएको थियो। सो घटनामा पीडित किशोरीको देब्रे हातमा करेन्ट लगाउने प्रयास गरेकाले हातका औंला डढेको भाग काटेर फाल्नुपर्ने अवस्था सिर्जना भएको समाचार आएको थियो। यस्तै बहुचर्चित निर्मला पन्त हत्या काण्डका अपराधीहरू हालसम्म पत्ता नलाग्नु र यस्ता जघन्य प्रकृतिका अपराधको शृंखलामा कमी आउनुको साटो क्रमशः बढोत्तरी हुँदै जाँदा समाजमा यस्ता अपराधका घटना घट्ने भन्दा पनि बढ्ने क्रममै रहेको देखिन्छ।

यी सबै पीडित किशोरीको पारिवारिक पृष्ठभूमि नियाल्दा आर्थिक रूपमा कमजोर रहेको र जीविका धान्न ज्यालामजदुरीको सहारा लिनुपर्ने अवस्थामा रहेको देखिन्छ। किनकि, कतिपय पीडित किशोरीका आमाबुबाको धेरै पहिल्यै मृत्यु भइसकेको र जीविकोपार्जनको आधार कमजोर रहेकाले स्थानीय गाउँठाउँमा ज्याला मजदुरी गर्दै आएको पनि बुझिन्छ। कतिपय पीडितका आमाबुबा पीडित नाबालिकको सपना साकार पार्न विदेशमा श्रमिकका रूपमा काम गर्न गएको पनि देखिन्छ।

समाजमा बारम्बार यस्ता घटना किन घटिरहेका छन् त ? के यस्ता घटना नियन्त्रण र निर्मूलनका लागि गरिएका कानुनी प्रावधान र व्यवस्थाले काम गर्न छाडेको हो त ? वा भइरहेको कानुनी व्यवस्थाको सही कार्यान्वयन र दण्ड सजायको अपर्याप्तताका कारण समाजमा कुनै डरभर नहुँदा त्यस्ता जघन्य अपराधतर्फ हाम्रो समाजका केही व्यक्ति उन्मुख भइरहेका हुन् वा यसका पछाडि केही कारण पनि छन्, बहसको खाँचो छ। यस्ता घटनाले सिंगो मानवीय संवेदनाप्रति नै प्रश्न खडा भएको छ। के हाम्रो समाजको मानवीय संवेदना मरेकै हो ? सिंगो समाज र राज्य मर्दै गएको मानवीय संवेदनाप्रति बेखबर छ हो ? होइन भने बारम्बार समाजमा यस्ता घटना किन दोहोरिइरहेका छन् ? के यस्ता घटनाको न्यूनीकरणका उपाय नै छैनन् ? वा भए पनि ती प्रभावकारी छैनन् ? हुन त अपराधीको न कुनै भूगोलीय सिमाना हुन्छ, न त जात, धर्म, वर्ण, लैंगिक सीमा नै हुन्छ। न त कानुनमा जतिसुकै कठोर दण्ड र सजायको निर्धारण गरिए पनि अपराधको समूल रूपमा अन्त्य हुन्छ। यी सबै प्रावधान रहे भएका अत्यन्त सभ्य समाजमा पनि यदाकदा नगण्य मात्रामा यस्ता घटना घट्ने गरेको देखिन्छ। यसबाट के अनुमान गर्न सकिन्छ भने आपराधिक घटना र अपराधीबारे गरिएका अनुसन्धानले नियन्त्रणका लागि जतिसुकै कडा मापकको निर्धारण गरिए पनि ती मापक अपराध र अपराधीसामु निकम्मा साबित भएको अनुमान गर्न सकिन्छ।

तथापि, मानवीय संवेदनालाई मापन गर्ने हालसम्म कायम विश्वव्यापी 'प्यारामिटर'लाई हेर्दा ती सम्पूर्ण प्यारामिटरले पनि काम गर्न नसकेकोजस्तो भान हुन्छ। किनकि, मानवीय संवेदनाको सूचकांकको मापकका रूपमा मानवीय संवेदनशीलता, सचेतन, चेतना, आवेश र तत्कालीन परिवेश र चाहनालाई मानवीय व्यवहारको अध्ययनका क्रममा आधार लिने गरिएको छ। उल्लिखित यावत् मापक र सूचकांकसमेतका आधारमा समाजमा घट्न सक्ने आपराधिक क्रियाकलाप र अपराधजनित कार्यलाई निरुत्साहित, नियन्त्रण गर्ने र तदनुरूप अपराधीलाई दण्ड र सजाय निर्धारित गरी दण्ड गर्ने गरी विधि, कानुनको निर्माण पनि गरिएको छ।

माथि नै उल्लेख गरिएजस्ता आपराधिक घटना र आपराधिक क्रिया नियन्त्रण भई न्यून हुनुपर्नेमा त्यस्तो हुन सकेको देखिँदैन। जसबाट हामीले के अनुमान गर्न बाध्य हुनुपरेको छ भने हामीले निर्माण गरेका यस्ता अपराध नियन्त्रणसम्बन्धी कानुनमा पूर्णता र पर्याप्तता छ त ? हामीले अँगालेको विधिशास्त्रीय मान्यता कहीं नरम र लचिलो त छैन ? हाम्रो कानुनले निर्धारण गरेको दण्ड र सजायको मापदण्ड पर्याप्त छ त ? किनकि, हामीले



लामो समयको अभ्यासमा विश्वव्यापी मान्यताअनुरूप जस्तासुकै समाजविरोधी, संगीन र मानवताविरोधी अपराधका सम्बन्धमा पनि दण्ड र सजायलाई कैदमा ल्याएर टुंग्याएका छौं। जुन विश्वव्यापी मानव अधिकारका दृष्टिकोणले सही र जायज पनि हो। तर, हाल विश्वव्यापी रूपमा हेर्दा समाजमा समय-समयमा घटेका अमानवीय, क्रूर आपराधिक क्रियासँग सम्बन्धित अपराधी अर्थात् पीडक र पीडित पक्षको हकमा वास्तविक दण्ड, सजाय र न्यायको विश्वास स्थापना गर्न सफल भइएको छ त ?

> अब बन्ने बलियो सरकारले के कानुन सुधारको जटिल र कठिन मार्ग छिचोल्दै जघन्य र संगीन प्रकृतिका आपराधिक क्रिया तथा अपराधीको नियन्त्रण र निषेध गर्न अधिकतम कठोर कानुन निर्माणको ढोका खोल्ने हिम्मत गर्ला त ?

के सामाजिक रूपमा हेर्दा, वास्तविक मानवीय संवेदनालाई सही रुपमा जोगाइराख्न हाम्रो समाज र राज्य समर्थ छन् त ? यी यावत् प्रश्न हामीसामु जीवन्त रूपमा बारम्बार उठ्ने गरेको पाइन्छ। साँच्चै समाजमा व्याप्त अमानवीय, क्रूर र संगीन अपराधका सम्बन्धमा हामीले अँगालदै आएको विधिशास्त्रीय पद्धतिमा आधारित दण्ड र सजायको सिद्धान्तलाई अत्यन्त कठोर खालको तोकिनुपर्ने समयले माग गरेको त होइन ? यस्ता क्रूर र अमानवीय घटनाबाट सिर्जित अपराधका सम्बन्धमा हालको दण्ड र सजायको प्रावधान र व्यवस्थातर्फ हेर्ने हो भने केवल जरिवाना र कैदसम्मको प्रावधान रहेको देखिन्छ। वास्तवमा यी प्रावधानले अपराध कार्य र अपराधीका हकमा साँच्चै त्रास सिर्जना गर्न असफल भएको हो त ? अर्थात्, दण्ड र सजायको विद्यमान प्रावधान र व्यवस्थाले अपराधका घटना र अपराधीलाई निरुत्साहन गर्न नसकेको हो त ? यदि यसो हो भने यस्ता अपराधका सम्बन्धमा अपराधीलाई थप कठोर दण्ड र सजायको प्रबन्ध किन नगर्ने ? र, सो सिद्धान्तबमोजिम अपराध गर्ने अपराधीलाई बाँच्न पाउने अधिकारबाट समेत वञ्चित किन नगर्ने ? नेपालको कानुनी इतिहासको विकासक्रमलाई हेर्ने हो भने ऐतिहासिक कालखण्डमा नेपालले मृत्युदण्डसमेतको प्रावधान र व्यवस्था प्रयोग पनि भएको इतिहास साक्षी छ। तसर्थ, यी यावत् तथ्यको परिप्रेक्ष्यमा हेर्दा पुनः समाजमा शान्ति सुरक्षा अमनचैन कायम गर्न उल्लिखित प्रकृतिका अपराधका सम्बन्धमा हालको प्रचलनमा रहेको दण्ड र सजायमा संशोधन गरी कठोरभन्दा कठोर दण्ड र सजायको प्रावधान अर्थात् 'मृत्युदण्ड'सम्म पुनुपर्ने त होइन ? भन्ने सवाल हाम्रो समाजमै उठ्ने गरेको छ। यस्ता प्रकृतिका अपराधका सम्बन्धमा हाल पनि केही मुलुकमा मृत्युदण्डसमेत दिने प्रावधान कायमै रहेको पाइन्छ। के यी सवाल सामाजिक मूल्य, मान्यता स्थापित गर्नका लागि जायज, सान्दर्भिक भएका हुन् त ? यदि यस धारणासँग सहमत हुने हो भने अबका दिनमा विधि, कानुन निर्माण गर्ने विधायिका संसद्, तत्सम्बन्धमा सरोकार राख्ने पक्ष र सिंगो नेपाली समाजले बहसको उठान गर्न जरुरी छ। त्यसैले, अबका दिनमा समाज सुधारका साथै मानवीय मूल्य, मान्यता र संवेदनालाई जीवन्त र सशक्त बनाउन यसबारे बहस प्रारम्भ गरौं।

अन्यथा, यस्ता अमानवीय, क्रूर र मानवताविरोधी आपराधिक घटनाले सिंगो समाजलाई बारम्बार प्रताडित गरिरहनेछ। हामी मानव केवल यस्ता अवराधलाई टुलुटुलु हेरेर बस्ने साक्षीमा त रूपान्तरित हुँदै छैनौं ? अनि सिंगो मानवीय संवेदना हराएको समाजमा त पुग्दै छैनौं ? भावी दिनमा मानवीय संवेदना रक्षाकै लागि पनि बहस प्रारम्भ गर्न विलम्ब र ढिलो त भएन ? सोच्ने हो कि ? यद्यपि, उल्लिखित बहस प्रारम्भ गरी प्रबन्ध गर्नका लागि हाम्रा सामु संवैधानिक र कानुनी जटिलता रहेको छ। संयुक्त राष्ट्र संघ महासभाको १६ डिसेम्बर १९६६ को प्रस्तावना नं २२०० ए (२१) बाट ग्रहण हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला गरिएका 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र'को धारा ४९ अन्तर्गत २३ मार्च १९७६ मै पक्षराष्ट्र भई सो प्रतिज्ञापत्रलाई स्वीकार गरी हाम्रो देशमा लागू भइसकेको छ। जुन प्रतिज्ञापत्रको मूल उद्देश्य नै 'मृत्युदण्ड' दिने गरी कानुन निर्माण गर्न नपाइने र मृत्युदण्डको उन्मूलन गर्ने नै रहेको छ।

अर्कातर्फ नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्थासहित धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत सोही धारा १६ को उपधारा २ मा 'कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइनेछैन' भनी नागरिकको मौलिक हक अधिकार सुनिश्चित गरिएको छ। यसैगरी, प्रचलनमा रहेको सन्धि सम्मिलनलाई कानुनतः स्थापित गराउने 'नेपालको कानुन' अर्थात् नेपाल सन्धि ऐन २०४७ को दफा ९ को प्रावधान 'सन्धि व्यवस्था कानुनसरह लागू हुने' व्यवस्था छ। सोही ऐनको दफा ८ ले 'सन्धि पश्चात्दर्शी नहुने गरी सन्धि कार्यान्वयनका लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनुपर्छ' भनी निर्देशित गरेको छ। उल्लिखित सबै प्रश्नमा यथोचित समायोजन र सामाञ्जस्य कायम गरी कानुन निर्माण गर्नुपर्ने जटिल र कठिन चुनौतीको सामना गर्न इच्छाशक्तिको अभाव भए पनि जेन-जी आन्दोलनपश्चात् हालै सम्पन्न निर्वाचनको मतपरिणामपछि भन्डै दुईतिहाइको प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र लगत्तै बन्ने सरकारले के कानुन सुधारको जटिल र कठिन मार्ग छिचोल्दै जघन्य र संगीन प्रकृतिका आपराधिक क्रिया तथा अपराधीको नियन्त्रण र निषेध गर्न कठोर कानुन निर्माणको ढोका खोल्ने हिम्मत गर्ला त ? छलफल प्रारम्भ गरौं।

(वरिष्ठ अधिवक्ता अधिकारी उच्च अदालत बार एसोसिएसन पाटनका पूर्वअध्यक्ष हुन्)

३ प्रश्न

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष **रवि सिंह**लाई



'कन्स्ट्रक्सन होलिडे' भनेको के हो र यो किन आवश्यक पऱ्यो ?

अहिलेको विषम परिस्थिति सरकारले सिर्जना गरेको होइन। अन्तर्राष्ट्रिय युद्धका कारण बिटुमिनलगायत निर्माण सामग्री आयात हुन सक्ने सम्भावना छैन। उपलब्ध निर्माण सामग्रीको मूल्य पनि अत्यधिक बढेको छ। इन्धनको समेत मूल्य बढेको छ। सरकारले ड्रममा भरेर इन्धन नदिने भनेको छ। हामीले ड्रममा भरेरै निर्माण स्थलमा इन्धन दिनुको विकल्प छैन। त्यसैले, हामीले तत्काल नगरी नहुने प्रकृतिका आयोजना छनोट गरी तिनलाई निरन्तरता दिने, त्यसमा मूल्यवृद्धिको भर्पाई सरकारले गरिदिने र पछि गरे पनि फरक नपर्ने प्रकृतिका आयोजनालाई तत्कालका लागि रोक्ने उद्देश्यले 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न सरकारलाई सुझाव दिएका हौं।

यसबाट हाम्रो विकास निर्माण आयोजनामा नकारात्मक प्रभाव पर्दैन ?

युद्धले हाम्रो भान्छासम्मै नकारात्मक असर पारिसकेको छ। ग्यासको चरम अभाव देखिँदै छ। यतिखेर सरकारले चाहेर पनि बिटुमिनलगायत निर्माण सामग्री दिन सक्दैन। मूल्यवृद्धिले गर्दा जुन मूल्यमा काम गर्नुपर्ने अवस्था छ, सरकारले त्यो वहन गर्न सक्दैन। त्यसैले, अहिले 'कन्स्ट्रक्सन होलिडे' गर्दा खासै नकारात्मक प्रभाव पर्दैन।

उसै त पुँजीगत खर्च कम भइरहेको समयमा यसले झनै समस्या थप्दैन ?

हाम्रो सरकारले नै पुँजीगत खर्च गर्न चाहेको छैन। उसले विभिन्न बहानामा पुँजीगत खर्च कटौती गर्दै आएको छ। पुँजीगत खर्च कटौती गर्ने अर्थ मन्त्रालय र खर्च गर्ने विकासे मन्त्रालयबिच 'टसल' देखिँदै आएको छ। यतिखेर पुरानो सरकार जाने र नयाँ सरकार आउने तयारी भइरहेको छ। हामी नयाँ सरकारसित सहकार्य गर्न प्रतीक्षारत छौं। आगामी दिनमा पुँजीगत खर्चमा बाधक बनेका नियम, कानुन र नियमावलीमा शीघ्र संशोधन गरी नयाँ सरकारले सहज वातावरण तयार गरिदियो भने अहिले कन्स्ट्रक्सन होलिडेका कारण रोकिएको पुँजीगत खर्चले गति लिन समय लाग्दैन।

प्रेरक प्रसंग

साधु र 'गरिब' राजा

एक साधुले बाटामा एउटा सुनको सिक्का फेला पारे। उनलाई धनको चासो थिएन। त्यसैले, उनका लागि पैसा अर्थहीन थियो। उनी त्यो सिक्का गरिबलाई दिन चाहन्थे। तर, उनले गरिब भेटेनन्।

एक दिन एक राजा आफ्नो सेनाको दलबल र हातहतियारसहित छिमेकी राज्यमा आक्रमण गर्न जाँदै थिए। बाटामा ती साधुले राजालाई देखे। उनले राजाको उद्देश्य राम्ररी बुझे। त्यसपछि केहीबेर सोचमग्न भई उनले सिक्का राजाको रथमा पर्ने गरी फ्याँकिदिए। सिक्का सिधै राजाको अगाडि खस्यो। कसैले आफूलाई स्वर्ण सिक्का प्रहार गरी अपमान गरेको ठानेर राजा झनक्क रिसाए। यसो यताउता हेर्दा उनले एक साधुलाई आफूतिर हेरेर मुस्कुराइरहेको देखे।



आफ्नो समूहलाई केहीबेर रोकिन आदेश दिएर साधु भएको स्थानमा पुगेर राजाले प्रश्न गरे- साधुजी, तपाईंले मलाई यसरी किन स्वर्ण सिक्काले हिर्काउनुभयो ? साधुले शान्त भावले भने– महाराज, यो सिक्का मैले बाटामा भेटेको थिएँ। आफूलाई यसको काम नभएकाले कुनै गरिबलाई यो सिक्का दिने सोच बनाएको थिएँ। तर, सोचेजस्तो गरिब कोही पनि भेटिएन। तर, तपाईंलाई देखेपछि तपाईंजति गरिब अर्को कोही हुन सक्दैन जस्तो लाग्यो र यो सिक्का तपाईंलाई दिएको हुँ। साधुको भनाइ सुनेर अचम्म मान्दै राजाले प्रश्न गरे- भनेपछि तपाईंले मलाई सबैभन्दा गरिब देख्नुभयो, होइन त ? साधुले भने- हो महाराज, यति ठुलो राज्यका राजा भएर पनि सम्पत्तिकै लागि छिमेकी राज्यमाथि आक्रमण गरेर रगतको खोलो बगाउन तयार हुने तपाईंजति गरिब अर्को को होला र ? आखिर तपाईलाई पुग्दो सम्पत्ति हुँदो हो त रगतको खोलो बग्न सक्ने युद्ध किन चाहनुहुँदो हो र ?

साधुको भनाइ सुनेपछि राजा झसंग भए। उनले आफ्नो गल्ती महसुस गरे र सैनिकलाई फर्काएर जीवनभर अर्को राज्यमाथि आक्रमण नगर्ने वाचा गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

तयार हुन्छ त संसद् भवन ?

२१ फागुनको निर्वाचनसँगै प्रतिनिधिसभामा नयाँ सदस्य चुनिइसकेका छन्। सायद अबका केही दिनमा संसद्को बैठक पनि बस्नेछ। तर, २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा नयाँबानेश्वरस्थित संसद् भवन आगजनी गरी ध्वस्त पारिएको हुनाले अब सिंहदरबार हाताभित्रै बन्दै गरेको नयाँ संसद् भवनमै बैठक बस्नुपर्ने अवस्था छ। तर, सो नयाँ संसद् भवन कहिले तयार हुने हो, त्यसको कुनै पत्तो छैन। के नयाँ संसद् भवन अब छिटै तयार भएर नयाँ सांसदले सोही भवनमा बैठक सञ्चालन गर्न पाउँछन् त ? अन्यथा, त्यसको विकल्प के छ ?

● **गौरिका पुडासैनी**, पेप्सीकोला, काठमाडौं

बाँकी औषधि कहाँ पाइन्छन् ?

बिमाको थैलीमा समावेश एक हजार २८९ प्रकारकामध्ये वीर अस्पतालमा तीन सय हाराहारी र त्रिवि शिक्षण अस्पतालमा जम्मा दुई सय हाराहारी मात्र औषधि पाइने समाचार पढियो। के बाँकी औषधि खोज्न बिमितले औषधि उत्पादककहाँ नै पुग्नुपर्ने हो ? होइन भने वीर त्रिवि शिक्षणजस्ता देशकै अग्रणी अस्पतालमा पनि नपाइने औषधि अन्यत्र कहाँ पाइएलान् ? के बिमाका नाममा नागरिकसित पैसा असुलिसकेपछि तिनलाई आफूले कबुल गरेका औषधि उपलब्ध गराउनुपर्दैन सरकार ?

● **सुमन दाहाल**, गैरीधारा, काठमाडौं

एसइई केन्द्र किन घटाएको ?

एसइई परीक्षा नजिकिँदै गर्दा परीक्षा सञ्चालनको तयारीबारे विभिन्न क्षेत्रबाट भिन्नभिन्न समाचार आइरहेका छन्। ताप्लेजुङ जिल्लाबाट पनि यससम्बन्धी समाचार आएको रहेछ। त्यहाँ विगतमा विभिन्न क्षेत्रमा सञ्चालित एसइई परीक्षा केन्द्र यसपटक घटाइएको रहेछ। विद्यार्थी संख्या घटेको भन्दै नियमावलीले रोकेको तर्क गरी त्यसरी केन्द्र घटाउँदा विद्यार्थी कति मर्कामा पर्छन् भन्नेतर्फ सरोकारवाला निकायका अधिकारीको ध्यान किन जान नसकेको होला ? विद्यार्थीलाई मर्का पर्ने गरी केन्द्र नघटाऊ।

● **अवनि धिमाल**, बिर्तामोड, झापा

ग्यास लुकाउनेलाई कारबाही गर

यतिखेर खाना पकाउने एलपी ग्यासको अभाव चर्किंदै गएको छ। रित्तो सिलिन्डर साटेर भरी सिलिन्डर पाउन कठिन छ। तर, नयाँ सिलिन्डर किन्छु भन्यो भने तुरुन्तै पाइन्छ। यसको अर्थ यहाँ ग्यासको अभाव होइन, व्यापारीको नियतमा खोट छ। सरोकारवाला निकायले छापा मार्दा हजारौं सिलिन्डर ग्यास लुकाएको अवस्थामा भेटिएको समाचार आएको छ। त्यस्ता व्यापारीलाई कडा कारबाही गरी तिनको व्यापारको लाइसेन्ससमेत रद्द गरिदिए हुन्छ।

बजारमा ग्यासको हाहाकार भएको चार-पाँच महिना भइसक्यो। सहज छ भन्दाभन्दै पनि उपभोक्ताले सहज तरिकाले ग्यास पाएनन्। सरकार चुनाव गराउनतिर लाग्यो, त्यसको मारमा उपभोक्ता परे। अहिले बजारमा पेट्रोल, डिजेल, मट्टितेलजस्ता इन्धनको भाउ ह्वात्तै बढेको छ। यसको मार खाद्यान्नलगायत सम्पूर्ण उपभोग्य वस्तुमा पर्ने निश्चित छ। यातायात व्यवसायीले त भाडावृद्धि गर्न पाउनुपर्ने माग गरिसके। त्यसको असर सबैतिर पर्ने निश्चित छ। बजारमा महँगी बढ्दा हुनेखानेलाई त खासै समस्या नहोला, तर हुँदा खाने वर्गले दैनिकी कसरी चलाउने सरकार ? महँगी हरेक देशमा छ, तर विडम्बना हाम्रो देशमा गरिबलाई मात्र महँगी छ। जुन दलको सरकार आए पनि गरिबका लागि आएन। हेर्दै, अबको सरकार कसका लागि बन्छ ? अहिले आयल निगमले आधा सिलिन्डर ग्यास वितरण गर्ने भनिरहेको छ। तर, उसको यो प्रयास अर्थहीन छ। आखिर आधा सिलिन्डर ग्यासले कति दिन पुग्छ ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
mirepu@gmail.com

किन लम्बिँदै छ इरान युद्ध ?

इरानले आफ्ना सहिदको रगतको बदला लिने र हर्मुज जलमार्ग निरन्तर अवरुद्ध गर्ने रणनीति अंगीकार गरिरहेको छ



देश/विदेश

● सैयद जुबैर अहमद

वास्तवमा इरानका नयाँ सर्वोच्च नेताका रूपमा मोजतबा खामेनीको नियुक्ति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको गालामा बलियो थप्पड थियो। इरानको नयाँ नेताले कुनै न कुनै रूपमा ट्रम्प र नेतन्याहुबाट अनुमोदन पाउनुपर्छ भन्ने आस भइरहेका वेला उनको नियुक्ति भएको थियो। उनीहरूको सोच निःसन्देह भ्रमपूर्ण थियो। तेहरानको सन्देश स्पष्ट थियो- इरानको नेतृत्व तेहरानमै तय हुनेछ, वासिंटन वा तेलअभिभमा होइन। हप्तौंसम्म वासिंटनको बयानबाजीले सुझाव दियो कि अमेरिकाले बल प्रयोग गरेर इरानको राजनीतिक भविष्यलाई पुनः आकार दिन सक्छ। इरानमा आक्रमणको पहिलो लहरमा ट्रम्पले अमेरिकी-इजरायली सेनाद्वारा हत्या गरिएका आयतोल्लाह अली खामेनीका उत्तराधिकारीबारे सार्वजनिक रूपमा विचार पनि गरेका थिए। त्यो भ्रम त्यतिवेला अन्त्य भयो, जब इरानको धार्मिक प्रतिष्ठानले मोजतबा खामेनीलाई इस्लामिक गणतन्त्रको सबैभन्दा शक्तिशाली पदमा स्थापित गऱ्यो। वास्तवमा तेहरानबाट आएको सन्देश थियो, 'इरानको नेतृत्वको निर्णय हामी आफैं गर्छौं।' सापेक्षिक अस्पष्टताबाट मोजतबा खामेनीको अचानक उदयले मध्यपूर्वमा मात्र नभई विश्वभर गहिरो भूराजनीतिक प्रभाव पारेको छ।

तेहरानको पहिलो संकेत : नयाँ सर्वोच्च नेता पनि आक्रमणमा घाइते भएका उनका परिवारका केही सदस्यको मृत्यु भएको दाबी गरिएका विवरण सार्वजनिक भएका छन्। उनी अहिलेसम्म सार्वजनिक रूपमा देखा परेका छैनन्। त्यो अनुपस्थितिले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई सार्वजनिक रूपमा खिल्ली उडाउन प्रेरित गऱ्यो। तर, इरानी सरकारी टेलिभिजनले मोजतबा खामेनीको नाममा एक बयान प्रसारण गऱ्यो। यो उनले व्यक्तिगत रूपमा दिएको भन्दा पनि एक प्रस्तुतकर्ताले पढेर सुनाएका थिए। तर, सन्देशले धेरै हदसम्म शंका मेटाइदियो। इरानले आफ्ना सहिदको रगतको बदला लिने र देशले हर्मुज जलमार्गलाई अवरुद्ध गर्न बल प्रयोग गरिरहनेछ। त्यो एकल वाक्यांशले तुरुन्तै विश्वभरका सरकार र बजारको ध्यान तान्यो। विश्वको तेल आपूर्तिको लगभग पाँचौं भाग सो साँघुरो जलमार्गबाट प्रवाह हुन्छ। सो मार्गलाई बन्द गर्न आह्वान गरेर मोजतबा खामेनीले एक कठोर रणनीतिक सम्झना दिलाउँदै थिए, इरान आक्रमणमा पर्न सक्छ, तर यो अझै पनि आफ्ना विरोधीलाई ठुलो आर्थिक लागत लगाउन सक्षम छ।

युद्धको लामो सम्झना : मोजतबा खामेनी द्वन्द्व र घेराबन्दीले आकार लिएको पुस्ताका नेता हुन्। १९६९ मा जन्मिएका उनी इरानको १९७९ को क्रान्तिपछि हुर्केका थिए र क्रूर इरान-इराक युद्धको समयमा वयस्क भए। त्यो युद्ध इरानको सामूहिक राजनीतिक मानसिकतामा गहिरो रूपमा कुँदिएको छ। द्वन्द्व आठ वर्षसम्म चल्यो र लाखौंको ज्यान लियो। इरानको नेतृत्वका लागि युद्धको पाठ स्पष्ट थियो, अस्तित्वगत संकटको क्षणमा देशले मुख्यतया आफ्नै लचिलोपनमा भर पर्नुपर्छ। यो ऐतिहासिक सम्झनाले आज इरानको विश्व दृष्टिकोणलाई व्याख्या गर्छ। इरानी नेताहरूले प्रायः बाह्य दबाबलाई सीमित रणनीतिक चालबाजीका रूपमा होइन, बरु इस्लामिक गणतन्त्रलाई ध्वस्त पार्ने व्यापक प्रयासको अंशका रूपमा व्याख्या गर्छन्। र, अली खामेनीको हत्याले त्यो धारणालाई नाटकीय रूपमा बलियो बनाएको छ। अमेरिका र इजरायलले इरानका सर्वोच्च नेताको हत्याले शासनलाई कमजोर बनाउने वा आन्तरिक पतनको ढोका खोल्ने विश्वास



गरेका थिए भने उनीहरू अत्यन्तै गलत थिए र सायद उनीहरूका बुद्धिमान् सल्लाहकारले खराब सल्लाह दिएका थिए। बरु, यसले प्रतिरोधको कथालाई झनै बलियो बनाएको छ।

तेहरानको अड्डानमा कड्डाइ : मोजतबा खामेनीको उदयले इरानको नेतृत्वले दीर्घकालीन टकरावका लागि तयारी गरिरहेको संकेत गर्छ। इरानको राजनीतिक प्रणालीमा कहिलेकाहीं देखा पर्ने सुधारवादी व्यक्तिभन्दा फरक मोजतबा इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सनिकट मानिन्छन्। कोर्प्स आज इरानको सबैभन्दा महत्त्वपूर्ण संगठन हो। संगठनले लामो समयदेखि बाह्य दबाबविरुद्ध प्रतिरोध रणनीतिको वकालत गर्दै आएको छ। हर्मुजको जलमार्गमा भएको अवरोधले इरान निरन्तर आक्रमणको रणनीतिक लागतबारेमा विश्वलाई सम्झाउन चाहन्छ। अझ भन्नुपर्दा नयाँ सर्वोच्च नेताले ट्रम्पलाई उनका केही नीति निर्माताले चुपचाप आशा गरिरहेको सजिलो निकास दिने सम्भावना कम छ।

इरानको राजनीतिक संस्कृतिमा सर्वोच्च नेताको हत्याले एउटा प्रतिक्रिया माग गर्छ, गर या मर। छिट्टै पछि हट्दा स्वदेशमा मोजतबाको वैधता कमजोर हुने र शासनलाई आधार बनाउने कट्टरपन्थी संस्थाहरूमा उनको पकड कमजोर हुने जोखिम छ। परिणामतः उनको नेतृत्वमा इरानले प्रतिशोधको एक रणनीति अपनाउने सम्भावना बढी हुन्छ।

अमेरिकी भ्रमको अन्त्य : मोजतबाको नियुक्तिले इरानको राजनीतिक पदानुक्रमभित्र उत्तराधिकारभन्दा बढी संकेत गर्छ। यो तेहरान, वासिंटन र तेलअभिभबिचको टकरावमा अझ खतरनाक चरणको सुरुवातको प्रतीक हो। सबैलाई थाहा छ, बाह्य शक्तिले बिरलै उसका वास्तुकारले कल्पना गरेको राजनीतिक परिणाम उत्पादन गर्छ। बरु, यसले प्रायः कमजोर पार्न खोजेका शक्तिलाई बलियो बनाउँछ। आज तेहरानमा मोजतबाको उदयले ठ्याक्कै त्यही गतिशीलतालाई मूर्त रूप दिन्छ। एक कट्टरपन्थी मोजतबा अब दबाबमा झुकेनछैनन्। युद्धबाट बाहिर निस्कने एक मात्र उपाय आत्मसमर्पण गर्नु वा युद्धविरामका लागि जानु हो। तर, मोजतबाको नेतृत्वमा यो असम्भव छ। बरु, इरानले आफ्नो प्रतिशोधलाई अझ कडा र पीडादायी बनाउने सम्भावना छ। हामी पहिल्यै, भारी प्रतिबन्धका बाबजुद तेलअभिभ, जेरुसेलम, दुबई, कतार, कुवेत र साउदी अरेबियामा विनाशका तस्बिर देख्न सक्छौं। इरानका छिमेकीले बढ्दो चिन्तासाथ विकसित संकटलाई हेरिरहेका छन्।

(अहमद एनडिटिभीका स्तम्भकार हुन्)
एनडिटिभीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युद्धको दुई हप्तामा लगभग नष्ट हुने अवस्थामा इरानको सैन्य क्षमता

इरानले आफूलाई मध्यपूर्वको क्षेत्रीय शक्तिका रूपमा प्रस्तुत गर्ने हरेक पक्षलाई अहिले अमेरिका-इजरायलको आक्रमणले प्रभावकारी रूपमा नष्ट पारेका छन्



● मुहानद सेलुम
सेलुम 'दोहा इन्स्टिच्युट फर ग्रेजुएट स्टडिज'मा सुरक्षा विषयका सहायक प्राध्यापक हुन् ।



अप्रेसन एपिक फ्युरीको नाममा अमेरिकाले इजरायलको साथ लिएर इरानमाथि आक्रमण सुरु गरेको पनि दुई हप्ता भएको छ । यस अवधिमा मूलधारका मिडियाले एउटै भाष्य व्यक्त गरिरहेको देखिन्छ, 'संयुक्त राज्य अमेरिका र इजरायल विनाकुनै योजना युद्धमा होमिए । इरानले सम्पूर्ण मध्यपूर्वविरुद्ध बदला लिइरहेको छ । तेलको मूल्य बढ्दै गएको छ, र विश्वले अर्को मध्यपूर्वी संकटको सामना गरिरहेको छ ।' अमेरिकी सिनेटरहरूले यसलाई ट्रम्प प्रशासनको गम्भीर गल्तीको संज्ञा दिएका छन् । उता विश्लेषकले युद्ध लामो जाने चेतावनी दिइरहेका छन् । सबै एकै स्वरमा उस्तै भाकामा बोल्दा हो कि जस्तो लाग्ने रहेछ ।

युद्ध कुरूप हुन्छ । यसले मध्यपूर्वभरका लाखौँ मानिसलाई साँच्चै अहिले तनावमा पारेको छ । तर, यो युद्धको अर्को पाटोको भने त्यति चर्चा भइरहेको छैन । अहिले इरानलाई क्षेत्रीय शक्ति बनाउने यसका जति पनि अंग लिथ, यसको ब्यालिस्टिक मिसाइल शस्त्रागार, यसको आणविक पूर्वाधार, यसको वायु प्रतिरक्षा प्रणाली, नौसेना र मध्यपूर्वभर फैलिएका यसका प्रोक्सी समूहको सञ्जाल सबैले ठुलो क्षति व्यहोरेका छन् । यसले अमेरिकी असफलताको चित्र प्रस्तुत गर्दैन । बरु यस सैन्य अभियानमार्फत अमेरिका-इजरायलले एक व्यवस्थित र चरणबद्ध रूपमा एक शक्तिशाली राष्ट्रको सबै दारानग्रा निकालेका छन्, जुन काम विगत चार दशकमा कुनै अमेरिकी सरकारले गर्ने हिम्मत गरेको थिएन ।

मैले सुरक्षा अध्ययनसम्बन्धी विषय अध्ययनको प्राज्ञिक करिअरमा राज्यहरूले गुप्तचर संस्थामार्फत बल प्रयोगको अभ्यास दशकौँदेखि देखेको छु । यही अनुवभबाट हालको अमेरिकी-इजरायली सैन्य अभियान हेर्दा अमेरिका-इरान आफ्ना शत्रुविरुद्ध परिचित चरण पार गरी अगाडि बढ्दै उसको शक्ति प्रक्षेपण गर्ने क्षमता वास्तविक समयमा ध्वस्त पार्दै छन् ।

● दशकौँ लगाएर बनाइएका शस्त्रागार केही दिनमै नष्ट

सार्वजनिक रूपमा उपलब्ध तथ्यांकले इरानको मिसाइल भण्डारण उलेख्य घटेको संकेत गर्छ । इरानले युद्धको पहिलो दिन अर्थात् फेब्रुअरी २८ मा ३५० ब्यालिस्टिक क्षेप्यास्त्र हानेकोमा दुई हप्तापछि मार्च १४ मा ९० प्रतिशतभन्दा बढीले घटेर २५ वटा मात्र हान्न सक्यो । ड्रोन प्रक्षेपणको पनि उस्तै चित्र देखिन्छ, इरानले पहिलो दिन ८०० भन्दा बढी ड्रोन उडाएकोमा १५ पछि यो लगभग ७५ मात्र रहयो । उसो त अमेरिकी र इरानी सैन्य तथ्यांक व्याख्यामा फरक देखिए पनि इरानको सैन्य क्षमताबारे भने उस्तै देखिन्छ । दुई देशले इरानका सयौँ क्षेप्यास्त्र प्रक्षेपण गर्ने प्रणाली निष्क्रिय पारिसकेका छन् । केही रिपोर्टका अनुसार, इजरायलसम्ममा प्रहार गर्ने इरानी क्षमतामा ८० प्रतिशत घटेको छ ।

इरानको नौसेना सम्पत्ति, द्रुत गतिमा आक्रमणमा प्रयोग हुने जहाज, साना आकारका पनडुब्बी र समुद्रमा बारुदी सुरुङ (माइन) बिछ्याउने क्षमता निरन्तर घटिरहेको छ । इरानको हवाई प्रतिरक्षा क्षमता अहिले यतिसम्म भुत्ते बनाइएको छ कि अमेरिकाले इरानी आकाशमा बी-१ बमवर्षक उडाइरहेको छ । यसले इरानको आकाशमाथि अमेरिका-इजरायलको हवाई प्रभुत्व कायम भएको संकेत गर्छ । यस सैन्य अभियानले दुई फरक चरण पार गरेको छ । पहिलो चरणमा इरानको हवाई प्रतिरक्षा नष्ट पारियो, सेनाभित्रको कमान्ड र नियन्त्रणलाई क्षतविक्षत् पारियो, र मिसाइल तथा ड्रोन प्रक्षेपण पूर्वाधारलाई कमजोर बनाइयो । मार्च २ सम्म अमेरिकी केन्द्रीय कमान्डले पश्चिमी इरान र तेहरानमाथि स्थानीय हवाई प्रभुत्वको घोषणा गरिसकेको थियो । आकाशमाथि पकड जनाउने त्यस अवस्था हासिल गर्दासम्म अमेरिका वा इजरायलको एउटा पनि लडाकु विमानमा क्षति पुगेको थिएन ।

> इरानलाई होर्मुज क्षेत्रमा नाकाबन्दी कायम राख्न आवश्यक पर्ने नौसैनिक सम्पत्तिहरू, द्रुत-आक्रमण गर्ने डुंगाहरू, ड्रोनहरू, समुद्री माइन, तटबाट मार हान्ने एन्टीसिप मिसाइल दिनदिनै घट्दै छ । यसैले प्रश्न होर्मुज फेरि खुल्छ कि खुल्दैन भन्ने होइन, बरु इरानले यसलाई कति बन्द गरिरहन सक्छ भन्ने हो ।

हाल जारी दोस्रो चरणमा अमेरिका-इजरायलले इरानको प्रतिरक्षाको औद्योगिक आधारलाई लक्षित गरिरहेको छ । यसअन्तर्गत मिसाइल उत्पादन संयन्त्र, सैन्य तथा नागरिक प्रयोजन दुवैको अनुसन्धान हुने अनुसन्धान केन्द्र र शस्त्रागार बाँकी रहेको भूमिगत भण्डारणमा मार परिरहेको छ । पछि पनि शस्त्रागार पुनर्निर्माण प्रयास कठिन हुने सुनिश्चितता गर्ने गरी व्यवस्थित सैन्य अभियान चालेको देखिन्छ । निरन्तर शस्त्रभण्डारको क्षयले इरानले अहिले एक रणनीतिक द्विविधाको सामना गरिरहेको छ, जुन दिन-प्रतिदिन बढ्दै गएको छ । बाँकी रहेका मिसाइल प्रहार गरे तत्कालै तिनलाई प्रक्षेपण गर्ने लन्चर इजरायली-अमेरिकी नजरमा पर्छन् र नष्ट हुन्छन् । नगर्दा प्रतिद्वन्द्वीमाथि युद्धको भार बढाउने क्षमता कमजोर बन्छ । अहिले मिसाइल र ड्रोन प्रक्षेपणको संख्या हेर्दा इरानले भएको सीमित शस्त्र बचाउने प्रयास गरेको हो कि भन्ने संकेत देखिन्छ । यो कुनै देशले गिर्दो शक्ति व्यवस्थापन गर्ने प्रयासको हिस्सा हो ।

● 'स्ट्रेट अफ होर्मुज'को अवरोधको चोट इरानलाई पनि

इरानले 'स्ट्रेट अफ होर्मुज' बन्द गर्दा विश्वले नै आर्थिक पीडा महसुस गरेको छ । तेलको मूल्य बढेको छ । मूल्यवृद्धिलाई रोक्न विश्वका कैयौँ देशले आफ्ना रणनीतिक रिजर्भबाट इतिहासकै रेकर्ड ४० करोड ब्यारेल तेल निष्कासन गरेका छन् । खाडी देशले आफ्नो ऊर्जा पूर्वाधारमा ड्रोन र मिसाइल आक्रमणको सामना गरिरहेका छन् । तर, यस साँघुरो समुद्री मार्ग बन्द हुँदाको असर इरानमै पनि परेको छ । यो मार्ग इरानले पहिलेदेखि डर देखाउन प्रयोग गर्ने सबैभन्दा गम्भीर प्रतिशोधात्मक कार्ड थियो, जुन अहिले प्रयोगमा ल्याइसकेको छ । यही मार्गबाट इरानको आफ्नै तेल निर्यातको लगभग ९० प्रतिशत हिस्सा बाहिरिने गर्थ्यो । यसैले हरेक दिन नाकाबन्दी जारी रहँदा इरानले आफ्नै आर्थिक जीवनरेखामा धक्काको सामना गरिरहेको छ ।

यसबिच, इरानलाई होर्मुज क्षेत्रमा नाकाबन्दी कायम राख्न आवश्यक पर्ने नौसैनिक सम्पत्तिहरू, द्रुत-आक्रमण गर्ने डुंगाहरू, ड्रोनहरू, समुद्री माइन, तटबाट मार हान्ने एन्टीसिप मिसाइल दिनदिनै घट्दै छ । 'बन्दर अब्बास' र 'चाहबहार' बन्दरगाहमा रहेका इरानी नौसैनिक आधार गम्भीर रूपमा क्षतिग्रस्त भएका छन् । यसैले होर्मुज फेरि खुल्छ कि खुल्दैन भन्ने होइन, बरु इरानले यसलाई कति बन्द गरिरहन सक्छ भन्ने हो ।

● कसरी होला यो द्वन्द्वको अन्त्य

धेरैले अमेरिकामाथि कुनै अन्तिम योजनाविनै इरानमाथि आक्रमण सुरु गरेको आरोप लगाइरहेका छन् । तर, राम्री मैदानमा हेर्ने हो भने युद्ध अन्त्यको केही संकेत देखिन्छ, जुन चरणबद्ध रूपमा अघि बढेको देखिन्छ । अमेरिकाको उद्देश्य इरानको क्षेप्यास्त्र तथा आणविक कार्यक्रम नष्ट गर्ने, मध्यपूर्वमा छरिएका इरानी प्रोक्सी सञ्जाललाई छिन्नभिन्न पार्ने देखिन्छ, जुनमा ठुलो धक्का लागेको छ । योसँगै इरानको देशबाहिर शक्ति प्रक्षेपण गर्ने क्षमतामा स्थायी ह्रास आउनेछ । यो एक हिसाबले इरानको रणनीतिक निःशस्त्रीकरण हो, जसलाई सन् २००३ मा इराक युद्धसँग भन्दा दोस्रो विश्वयुद्धको अन्तिममा जर्मनीको औद्योगिक युद्ध-निर्माण क्षमतामाथिको मित्रराष्ट्रको आक्रमणसँग तुलना गर्नु उपयुक्त हुन्छ ।

अहिले बमबारी रोकिएपछि के हुन्छ भन्ने प्रश्न धेरैको मनमा छ । युद्ध रोकिएपछि इरानलाई आफ्नो शस्त्रागारको पुनः निर्माण गर्नबाट केले रोक्ला भन्ने पनि प्रश्न छ । तर, इरानी क्षेप्यास्त्र क्षमता धेरै छिटो पुनर्निर्माण गर्न कठिन हुनेछ । उसको आणविक पूर्वाधार पनि अब पहुँचबाट टाढा बनेको छ । युद्ध सुरु भएको दुई हप्ता नाघ्दा इरानको सर्वोच्च नेता मारिए, उनका उत्तराधिकारी घाइते भएको बताइएको छ र इरानी शक्ति प्रक्षेपणको प्रत्येक प्रमुख अंग-मिसाइलहरू, आणविक पूर्वाधार, वायु प्रतिरक्षा, नौसेना, प्रोक्सी कमान्ड नेटवर्कहरू लगभग सबै नष्टप्रायः हुने अमेरिका-इजरायलका लागि जितजस्तै हो ।

-अलजजिराबाट

इतिहासमा आज



सन् २०१४ : मस्कोमा एक सम्झौतामा हस्ताक्षरसँगै क्राइमिया प्रायद्वीप औपचारिक रूपमा रुसमा गाभियो । हस्ताक्षर समारोहमा रुसतर्फबाट रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र क्राइमियाका तर्फबाट स्वशासित क्षेत्रका प्रधानमन्त्री तथा संसद्का सभामुखले हस्ताक्षर गरेका थिए ।

सन् १७६६ : ब्रिटेनले अमेरिकी उपनिवेशमा लागू गरेको 'स्ट्याम्प एक्ट'विरुद्ध व्यापक प्रतिरोध भएपछि फिर्ता लियो ।

सन् १८७१ : 'फ्रान्को-प्रुसियन युद्ध'मा फ्रान्सको लज्जास्पद हारपछि पेरिसका श्रमिक र सैन्य बलले सहर कब्जामा लिई स्वशासित कम्युन अर्थात् 'पेरिस कम्युन'को घोषणा गरे ।

सन् १८९० : जर्मन एकीकरणको नेतृत्व गरेका चान्सलर (प्रधानमन्त्री) अटो भोन बिस्मार्कले राजा विल्हेम द्वितीयसँग मतभेद भएपछि आफ्नो पदबाट राजीनामा दिए ।

सन् १९६२ : फ्रान्सविरुद्ध लडिएको अल्जेरिया स्वतन्त्रता संग्राम साढे सात वर्षपछि अन्ततः टुंगियो । जुलाई ५ मा अन्ततः अल्जेरिया फ्रान्सबाट स्वतन्त्र भयो ।

सन् १९७८ : पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई लाहोर उच्च अदालतले चार वर्षअघिको एक राजनीतिक हत्या मुद्दामा दोषी ठहर गर्दै मृत्युदण्ड सुनायो ।

इरानको सुरक्षा प्रमुख लारिजानी मारिएको इजरायलको दाबी

तेलअभिभ/ इजरायलले इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानी र आन्तरिक सुरक्षा बल बासिज मिलिसियाका कमान्डर घोलामरेजा सुलेमानीको हत्या गरेको दाबी गरेको छ । तथापि, इरानले मंगलबार रातिसम्म यसको कुनै पुष्टि वा खण्डन गरेको छैन । इजरायलका रक्षामन्त्री इजरायल काट्ज आफैँले मंगलबार लारिजानी मारिएको बताएका थिए ।

यदि लारिजानी मारिएको पुष्टि भयो भने उनी फेब्रुअरी २८ को पहिलो दिन आक्रमणमा पूर्वसर्वोच्च नेता अयातुल्लाह अली खामेनी र उनको परिवारका धेरै सदस्यको मृत्युपछिको सबैभन्दा उच्चस्तरको हत्या हुनेछ । लारिजानीलाई अन्तिमपटक शुक्रबार सार्वजनिक रूपमा देखिएका थिए, जब उनी राष्ट्रपति मसुद पेजेस्कियानसँगै तेहरानमा प्यालेस्टिनीहरूको समर्थनमा आयोजना गरिएको अल-कुद्स दिवसको च्यालीमा सहभागी भएका थिए । वर्षौँदेखि प्रमुख इरानी राजनीतिज्ञ रहेका लारिजानीले कुनै समय पश्चिमसँग भएको आणविक वार्ताको इरान पक्षको नेतृत्व गरेका थिए । उनी लामो समय संसद्को सभामुख भए ।

इजरायली सेनाले मंगलबार सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सको आन्तरिक सुरक्षा मिलिसिया बासिजका कमान्डर घोलामरेजा सुलेमानी पनि मारेको दाबी गरेको छ । इरानले यसको पनि पुष्टि गरेको छैन । रिभोलुस्नरी गार्डअन्तर्गतको स्वयंसेवी अर्धसैनिक बल बासिज सन् १९७९ को इस्लामिक क्रान्तिपछि स्थापना भएको थियो ।


देशव्यापी रूपमा आन्तरिक सुरक्षा लागू गर्ने जिम्मेवारी दिइएको यस निकायको देशभरका सदहरमा स्थानीय शाखा सञ्चालन गर्छ । यो सुरक्षा बल प्रायः विरोध प्रदर्शन दबाउन प्रयोग हुने गरेको आरोप लाग्छ ।

बालबालिकालाई एआई सामग्री हुनेछ जोखिमपूर्ण

एआई सामग्रीले बच्चालाई दिग्भ्रमित बनाउन सक्छ



● सारा ह्विटकोम्ब-डोब्स
सारा ह्विटकोम्ब-डोब्स क्यान्टरबरी विश्वविद्यालयमा बाल तथा परिवार मनोविज्ञानकी वरिष्ठ व्याख्याता हुन्



कृत्रिम बुद्धिमत्ता (एआई) ले पहिले नै दैनिक जीवनका धेरै क्षेत्रलाई असर गरिरहेको छ, जसमा साना बालबालिकाको जीवन पनि समावेश छ । धेरै परिवारले दुई वर्षमुनिका बालबालिकालाई स्क्रिन हेर्न अनुमति दिन्छन् । लोकप्रिय 'युट्युब किड्स च्यानल'मा एआई-निर्मित सामग्री बढ्दै गइरहेको छ र यो स्वचालित रूपमा 'प्ले' हुन्छ ।

प्रायः अभिभावकले आफ्ना बच्चाले अनलाइनमा देखेका सबै कुरा निगरानी गर्न भ्याउँदैनन् । केही एआई-निर्मित सामग्री साना बालबालिकाका लागि डरलाग्दा र आकर्षक दुवै हुन सक्छन् । यस्ता सामग्रीमा आकर्षक जनावर र पात्र प्रयोग गरेर हिंसा र यौनजन्य सामग्रीसमेत पस्किएको हुने गर्छ ।

> बालबालिकाले परिवार वा साथीभाइसँग वास्तविक जीवनमा संलग्नताभन्दा एआईसँगको साथलाई प्राथमिकता दिने सम्भावना बढ्छ । साना बच्चालाई वास्तविकताबाट काल्पनिकता छुट्याउन गाह्रो लाग्छ ।

प्रारम्भिक बाल्यकाल शिक्षा केन्द्रले पनि सिकाइलाई समर्थन गर्न एआई प्रयोग गरिरहेका छन् । विशेषगरी, भिन्न तरिकाले विकास भएका बच्चा वा भिन्न क्षमताका बालबालिकाका लागि यस्ता सामग्री प्रयोग गरिएको पाइन्छ । यसमा ती व्यक्ति समावेश छन्, जो सजिलै बोल्न सक्दैनन् वा जसलाई अटिजम वा बौद्धिक अशक्ततासँग सम्बन्धित अन्य सञ्चार समस्या छ ।

अमेरिकामा धेरै अभिभावकले आफ्ना बच्चाले स्कुलको कामका लागि एआई प्रयोग गरिरहेका छन् । प्रारम्भिक बाल्यकाल केन्द्र, विद्यालय र अभिभावकलाई बालबालिकामा एआई प्रयोग गर्न जुन प्रोत्साहन गरिएको हुन्छ, त्यो केबल छोटो अवधिको अध्ययनमा आधारित छ, तर दीर्घकालीन प्रभाव अज्ञात छन् । अर्थात्, जुन अध्ययनमा खुट्टा टेकेरे बालबालिकालाई एआई सामग्री प्रदान गरिएको छ, त्यसको आधार पूर्ण छैन । एआईले साना बच्चालाई कसरी असर गर्न सक्छ भनेर जान्नका लागि एक मात्र तरिका राम्रोसँग डिजाइन गरिएको लामो र बृहत् अध्ययन आवश्यक छ । तर, बलियो प्रमाण देखा पर्दा एआईमा सम्पूर्ण पुस्ताको उजागर भइसकेको हुनेछ र यदि त्यहाँ साँच्चै हानिकारक प्रभाव छन् भने यी अपरिवर्तनीय हुन सक्छन् ।

एआईको सम्भावित प्रभावबारे पहिले नै केही खतराको घन्टी बजिसकेको छ । न्युजिल्यान्डको अनुसन्धानले प्रारम्भिक बाल्यकालमा स्क्रिनको उच्च प्रयोगलाई कमजोर भाषा, सामाजिक र सम्बन्धगत कार्यसँग जोडेर देखाएको छ । धेरै बच्चाहरू स्क्रिन प्रयोग गर्न मन पराउँछन् । एआई पनि त्यस्तै रूपमा पुरस्कृत हुने सम्भावना छ, किनभने एआई मोडेल अनन्त धैर्यवान् हुन्छन्, तपाईंको रोजाइका विषयमा तुरुन्तै प्रतिक्रियाशील हुन्छन् र केही माग गर्दैनन् जस्तो देखिन्छ ।

■ प्रारम्भिक बाल्यकालमा एआईको लत

सबै स्तनधारी प्राणीजस्तै मानव शिशु जैविक प्रक्रियाद्वारा बाँधिएका हुन्छन् र अरूसँग घनिष्ठ शारीरिक सम्बन्धमा सामाजिक समूहमा विकसित भएका छन् । बालविकासबारे हामीले जानेका सबै कुराले आमनेसामने सम्बन्धको महत्त्वलाई प्रकाश पार्छ । बालबालिकाले आफ्ना सबै इन्द्रियमार्फत आफ्नो र संसारबारे सिक्छन् । तिनीहरूले 'सेवा र फिर्ता' अन्तर्क्रियामार्फत कुराकानी गर्न सिक्छन् । उनीहरू र उनीहरूको हेरचाहकर्ताबिच आदानप्रदान गर्छन् । यसमा शारीरिक स्पर्श, भावना र खेल समावेश छ । सामूहिक रूपमा यी अन्तर्क्रियाले मस्तिष्कको वास्तुकलालाई आकार दिन मद्दत गर्छन् । जीवनका पछिल्ला केही वर्षमा उनीहरूको अनुभवको आधारमा बच्चाले घनिष्ठ सम्बन्धले कसरी काम गर्छन् भन्ने नमुना वा दृष्टिकोण बनाउँछन् ।

बच्चाहरूले 'प्रि-स्कुल' अवधिमा भावनात्मक नियमन, सान्त्वना खोज्ने, प्राप्त गर्ने र द्वन्द्व समाधानबारे पनि सिक्छन् । यस क्रममा उनीहरूको दिमाग विकसित भइरहेको हुन्छ र उनीहरूलाई जीवनभर राम्रोसँग काम गर्न राम्रो अनुभव आवश्यक पर्छ । यदि उनीहरूको शारीरिक, मानसिक र भावनात्मक प्रणाली विकास भइरहेका वेला बालबालिकाहरू एआईको सम्पर्कमा आए भने उनीहरूको मानव सम्बन्धको क्षमतामा कस्तो प्रभाव पर्छ भन्ने हामीलाई अझै थाहा छैन ।

दीर्घकालीन एआई एक्सपोजरले बालबालिकाको अन्य मानिसबारे बुझाइलाई कसरी असर गर्न सक्छ भन्ने कुरा स्पष्ट छैन । बाल्यकालमा सामान्य सामाजिक अन्तर्क्रियामा द्वन्द्व, कुराकानी, समस्याको समाधान र अन्य बच्चासँग खेल समावेश छ । बाल्यकालका यी पक्षलाई तत्काल प्रतिक्रियाशील र आकर्षक एआईले कति असर गर्छ भन्ने कुरा स्पष्ट छैन । धेरै एआईको सहयोगमा सामाजिक अन्तर्क्रियाको अनुभव गरिरहेका बालबालिकालाई वास्तविक संसारमा सम्बन्ध विकसित गर्न गाह्रो हुन सक्छ । विशेषगरी, द्वन्द्वको अवस्थामा यस्तो सम्बन्ध विकसित गर्न गाह्रो हुन्छ ।

यो पनि सम्भव छ कि बालबालिकाले परिवार वा साथीभाइसँग वास्तविक जीवनमा संलग्नताभन्दा एआईसँगको संलग्नतालाई प्राथमिकता दिन्छन् । साना बच्चालाई वास्तविकताबाट काल्पनिकता छुट्याउन गाह्रो लाग्छ । एआई सामग्री र त्यसलाई प्रस्तुत गर्ने शैली वयस्क र बच्चा दुवैका लागि रमाइलो छ, जसमा काल्पनिक खेल, मूर्खता र मनोरञ्जन समावेश छ । तैपनि, एआई निर्मित काल्पनिकता अत्यधिक मात्रामा प्रेरक हुन सक्छ, सम्भावित रूपमा बच्चालाई वास्तविकता र अरूको चेतनाबारे भ्रमित पार्न सक्छ । अर्थात्, एआई सामग्रीले बच्चालाई दिग्भ्रमित बनाउन सक्छ ।

■ हानि र सहयोग दुवैको सम्भावना

यदि शिशु र बालबालिकासँग पर्याप्त रूपमा वास्तविक संसारको अनुभव छैन भने वास्तविकता पत्ता लगाउने र संवेदनशीलता व्याख्या गर्ने उनीहरूको उदीयमान संज्ञानात्मक क्षमता प्रभावित हुन सक्छ । अपांगता भएका बालबालिकालाई सामाजिक सञ्चारको विकासमा सहयोग गर्न एआईको सहायता प्राप्त उपकरणको सम्भावनाबारे धेरै उत्साह छ । यसले स्नायु विकासमा देखिने भिन्नतालाई बालबालिकाले पहिले नै पत्ता लगाउन सक्ने सम्भावना देखिन्छ । यदि यी हस्तक्षेपले अन्य बालबालिका र वयस्कसँग वास्तविक जीवनमा हुने अन्तर्क्रियालाई प्रतिस्थापन गर्छन् भने त्यसको जोखिम हुन सक्छ ।

अतिरिक्त सिकाइ आवश्यकता भएका बालबालिकाको दैनिक अनुभव कस्तो हुनेछ ? अभिभावकहरू एआईले विकास गरेको सिकाइसँग रमाउन सक्छन्, तर यदि यो वास्तविक शिक्षक सहयोगीको सट्टामा प्रदान गरियो भने उनीहरू पूर्ण रूपमा सन्तुष्ट नहुन सक्छन् । एआईको प्रयोग वा परिचय अपरिहार्य देखिन्छ र यसले हाम्रा बालबालिकालाई पहिले नै असर गरिरहेको छ । हामीलाई थाहा छ कि प्रारम्भिक बाल्यकालको विकासको समयमा कनेक्सन, स्पर्श, पारस्परिक र भाषामैत्री वातावरण र असंरचित खेल महत्त्वपूर्ण हुन्छन् । परिणाम थाहा नपाई हाम्रा बच्चा भएका स्थानमा वा उनीहरूको पहुँचमा एआई अपनाउनु भनेको त्यसलाई उलटफेर गर्न नसकिने परिणामको प्रयोग हो । अनिश्चिततालाई ध्यानमा राख्दै परिवारसँग कम्तीमा आफ्ना बच्चाका लागि एआईमुक्त वातावरण छनोट गर्ने स्वतन्त्रता पनि हुनुपर्छ ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ४ चैत ०८२

■ आगामी आव ०८३/८४ का लागि आन्तरिक ऋणको सीमा

संघलाई जिडिपीको ५.५% र प्रदेश तथा स्थानीय तहलाई राजस्वको १२% मात्रै

कृष्ण रिजाल/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८३/८४ मा संघीय सरकारले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ५.५ प्रतिशत र प्रदेश तथा स्थानीय सरकारले आन्तरिक राजस्वको १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन पाउने भएका छन्। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सरकारलाई आन्तरिक ऋण उठाउने सीमा सिफारिस गरेको हो।

वित्त आयोगको सिफारिसको आधारमा संघले तीन खर्ब ९३ अर्ब रुपैयाँबराबर र प्रदेशहरूले १४ अर्ब ७५ करोड रुपैयाँ र स्थानीय तहले १७ अर्ब ६२ करोड रुपैयाँबराबर आन्तरिक ऋण उठाउन सक्ने देखिन्छ। आयोगले 'आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह मानिने' भन्दै आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको साँवाब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न सिफारिस भएको सीमाअनुसार मात्रै ऋण परिचालन गर्नसमेत सुझाब दिएको छ।

नेपालको संविधान २०७२ को धारा '२५१'ले तीनै तहका सरकारलाई आन्तरिक ऋणको सीमा सिफारिस गर्ने अधिकार वित्त आयोगलाई दिएको छ। उक्त धारामा आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ। उपधारा '१' को खण्ड 'च'मा भनिएको छ 'समष्टिगत आर्थिक सूचकको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने।' संवैधानिक व्यवस्था र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार आयोगले आन्तरिक ऋणको सीमा सिफारिस गरेको हो।

'सार्वजनिक ऋणसम्बन्धी विभिन्न मुलुकको अभ्यास, अन्तर्राष्ट्रिय संस्थाहरूले न्यून आय भएका मुलुक र नेपालको सार्वजनिक ऋणको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदन, नेपालको विगतको अभ्यास र अनुभव एवम् समष्टिगत अर्थतन्त्रका तथ्यांक र विवरणसमेतका आधारमा आर्थिक वर्ष ०८३/८४ का लागि संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गरिएको छ,' आयागले भनेको छ।

चालू आर्थिक वर्षमा नेपालको जिडिपीको आकार ७१ खर्ब ५२ अर्ब ९३ करोड रुपैयाँबराबर पुग्ने अनुमान गरिएको छ। 'नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजतासमेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष ०८३/८४ का लागि अनुमानित जिडिपीको ५.५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालन गर्न सक्नेछ' अयोगले संघका लागि गरेको सीमा निर्धारणमा उल्लेख छ। आयोगले दिएको जिडिपीको ५.५ प्रतिशतको सीमाका आधारमा आगामी आवमा नेपाल सरकारले ३ खर्ब ९३ अर्ब ४१ करोड रुपैयाँसम्म आन्तरिक



ऋण परिचालन गर्न सक्नेछ। चालू आवमा सरकारले ३ खर्ब ६२ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालनको लक्ष्य लिएको छ। फागुन मसान्तसम्ममा २ खर्ब ४३ करोड ६६ लाख परिचालन गरिसकेको छ। जुन कुल लक्ष्यको ६७.३१ प्रतिशत बराबर हो।

गत आवमा प्रदेश सरकारले कुल एक खर्ब सात अर्ब २८ करोड ९८ लाख रुपैयाँ राजस्व प्राप्ति गरेका थिए। जुन त्यसअघिको आवको तुलनामा राजस्व वृद्धिदर १४.६१



प्रतिशत भएको देखिन्छ। गत आवकै हाराहारी वृद्धि भएमा चालू आवमा प्रदेशको राजस्व एक खर्ब २२ अर्ब ९६ करोड ४८ लाख पुग्नेछ। यसको १२ प्रतिशतले हुन आउने गरी १४ अर्ब ७५ करोड ५७ लाख रुपैयाँबराबर हुने गरी प्रदेशहरूले आन्तरिक ऋण परिचालन गर्न सक्नेछन्। यसलाई आधार मान्दा हरेक प्रदेशले औसत २ अर्ब १० करोडसम्म आन्तरिक ऋण परिचालन गर्न पाउनेछन्। स्थानीय तहले पनि कुल राजस्वको १२ प्रतिशत आन्तरिक ऋण परिचालन गर्न पाउने सीमा निर्धारण गरिएको छ। गत आवमा स्थानीय तहले १ खर्ब ३३ अर्ब ६ करोड ९५ लाख राजस्व परिचालन गरेका थिए। जुन त्यसअघिको भन्दा १०.३९ प्रतिशतले बढी थियो। गत

पछिल्ला पाँच आर्थिक वर्षको जिडिपी र आन्तरिक ऋण परिचालन (रु. करोडमा)

आर्थिक वर्ष	कुल गार्हस्थ्य उत्पादन	कुल आन्तरिक ऋण परिचलन
२०७८/७९	४८५१६२	२३१८४
२०७९/८०	५३८१३३	२५५९९
२०८०/८१	५७०४८४	२३४४२
२०८१/८२	६१०७२२	३२९९९
२०८२/८३ लक्ष्य	७१५२९३	३६२००

आव बराबरकै वृद्धिदर भएमा चालू आवमा स्थानीय तहले १ खर्ब ४६ अर्ब ८९ करोड राजस्व प्राप्त गर्ने देखिन्छ। यसर्थ, स्थानीय तहले यसको १२ प्रतिशतले हुन आउने १७ अर्ब ६२ करोड रुपैयाँ आन्तरिक ऋण परिचालन गर्न पाउनेछन्। यसलाई आधार मान्दा हरेक स्थानीय तहले २ करोड ३४ लाख रुपैयाँ आन्तरिक ऋण उठाउन सक्नेछन्।

ऋणको परिचालन चालू र प्रशासनिक खर्चमा नगर्नू : आयोग

वित्त आयोगले आन्तरिक ऋण परिचालनका लागि सरकारलाई आठ सुझाबसमेत दिएको छ। आयोगले प्रतिफल दिने आयोजना तथा कार्यक्रममा मात्रै आन्तरिक ऋण परिचालन गर्न सुझाब दिएको छ।

त्यस्तै, ब्याजदर न्यून भएको वेला ऋण उठाउन तथा ऋणको रकम चालू र प्रशासनिक कार्यमा खर्च गर्न कडाइ गर्नसमेत आयोगले सुझाएको छ। आयोगले आयोजनाहरूको लागत लाभ विश्लेषण गरी प्रचलित पुँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफलदर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्न सरकारलाई सुझाब दिएको छ।

'ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनोट गर्दा त्यसको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने,' 'सुझाबमा भनिएको छ, 'आन्तरिक ऋणको उपयोग रोजगारीको अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाका लागि विनियोजन गर्ने। चालू र प्रशासनिक खर्चमा कडाइका साथ निषेध गर्ने।' आयोगले तीनवटै तहका सरकारहरूले बजेट तर्जुमा गर्दा आयोजना कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य रूपमा आन्तरिक ऋण उल्लेख गनुपर्नेसमेत आयोगले सुझाएको छ।

खर्च बढेपछि २९ प्रतिशतले घट्यो प्राधिकरणको नाफा

चालू आवको ६ महिनामा ८५ अर्ब ३१ करोड आम्दानी हुँदा ७७ अर्ब २४ करोड ७१ लाख खर्च



मिलन विश्वकर्मा/नयाँ पत्रिका

विदेशी मुद्राको मूल्यमा आएको वृद्धि, उच्च कर्मचारी खर्च, ह्रासकट्टीलगायतका कारण चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनामा नेपाल विद्युत् प्राधिकरणको नाफामा गिरावट आएको छ। प्राधिकरणको अपरिष्कृत तथ्यांकअनुसार अघिल्लो वर्षको ६ महिनाको तुलनामा चालू आवको सोही अवधिको नाफा २९ प्रतिशतले घटेको छ।

गत आवको ६ महिनामा प्राधिकरणले ११ अर्ब ३५ करोड ९२ लाख रुपैयाँ नाफा कमाएको थियो। तर, चालू आवको ६ महिनामा भने प्राधिकरणले आठ अर्ब ६ करोड ४० लाख रुपैयाँ नाफा कमाएको छ। गत आवमा प्राधिकरणको नाफा नौ अर्ब ६ करोड ७० लाख रुपैयाँमा सीमित भएको थियो। चालू आवमा आम्दानी बढ्दा पनि प्राधिकरणको नाफा भने घटेको हो। गत आवको ६ महिनामा ७० अर्ब ४४ करोड ३८ लाख रुपैयाँ आम्दानी हुँदा खर्च भने ५९ अर्ब आठ करोड ४६ लाख रुपैयाँ खर्च भएको थियो। चालू आवको ६ महिनामा ८५ अर्ब ३१ करोड ११ लाख रुपैयाँ आम्दानी भएको छ। तर, खर्च भने ७७ अर्ब २४ करोड ७१ लाख रुपैयाँ भएको छ।

मुख्यतः कर्मचारी खर्च, ब्याज भुक्तानी, ह्रासकट्टी र विदेशी मुद्राको मूल्यमा आएको वृद्धिले नाफा प्रभावित भएको प्राधिकरणका लेखा विभागका निर्देशक गणेशप्रसाद लुइँटेलले जानकारी दिए। यसबिचमा प्राधिकरणको कर्मचारी खर्च बढेको छ। यसैगरी, ४०० केभीको इनरुवा-ढल्केवर प्रसारणलाइनलगायतका ४० अर्बबराबरको परियोजना सञ्चालनमा आएका छन्। त्यसमा इनरुवा-ढल्केवर प्रसारणलाइनको सम्पत्ति मात्रै २० अर्ब रुपैयाँ हाराहारीमा छ। यसरी प्राधिकरणको सम्पत्ति बढ्दा ह्रासकट्टी बढेको छ। त्यसमाथि परियोजना थप हुँदा प्राधिकरणले ऋणमा तिर्नुपर्ने ब्याज खर्च पनि बढेको छ।

'परियोजना निर्माणाधीन अवस्थामा ब्याज खर्च परियोजना खर्चमै जोडिन्छ। निर्माण अवधिमा ब्याज नतिर्ने प्रकृतिका ऋण पनि हुन्छन्। तर, परियोजना सञ्चालनमा आएपछि त्यसको ब्याज तिर्नुपर्छ,' प्राधिकरणका एक अधिकारीले भने, 'अहिले ४० अर्ब सम्पत्तिबराबरको परियोजना सञ्चालनमा आएको छ। नियमित प्रक्रियाअनुसार त्यसको ह्रासकट्टी गर्नुपरेको छ। त्यसैगरी, परियोजना सञ्चालनमा आएपछि ब्याज खर्च पनि बढेको छ।'

यसैगरी, डलरको मूल्यमा आएको वृद्धिले पनि प्राधिकरणले विदेशी मुद्रामा गर्नुपर्ने खर्च बढाएको छ। डलरमा आएको मूल्यवृद्धिले विदेशी ऋण भुक्तानीलगायत विदेशी मुद्रामा हुने खर्च बढेको छ। त्यसले पनि प्राधिकरणको नाफा प्रभावित भएको छ। 'आम्दानी बढेकै छ। तर, कर्मचारी खर्च, ह्रासकट्टी, ब्याज खर्च भने बढेको छ। त्यसले नाफा प्रभावित बनाएको छ,' प्राधिकरणका एक अधिकारीले बताए।

६ महिनामा भारतमा २० अर्बको बिजुली निर्यात

चालू आवको ६ महिनामा भारतमा २० अर्ब ६ करोड ९३ लाख रुपैयाँको विद्युत् निर्यात भएको छ। गत आवको पहिलो ६ महिनामा १३ अर्ब नौ करोड ३९ लाख रुपैयाँबराबरको विद्युत् भारतमा निर्यात गरिएको थियो। प्राधिकरणले पुसको पहिलो सातासम्म भारतमा विद्युत् निर्यात गरेको थियो। सुक्खायामका कारण खोलामा पानी घटेर विद्युत् उत्पादन घटेपछि निर्यात रोकिएको छ। त्यसपछि भारतबाटै विद्युत् आयात गर्न सुरु गरिएको छ। पुस मसान्तसम्म मात्रै भारतबाट ९७ करोड ५३ लाखको बिजुली खरिद गरिएको छ। गत आवको पुस मसान्तसम्ममा एक अर्ब ६४ करोड ७० लाखको विद्युत् आयात गरिएको थियो। योअनुसार समीक्षा अवधिमा विद्युत् आयात घटेको देखिन्छ। प्राधिकरणले सम्भवतः जेठसम्म विद्युत् आयात गर्नेछ। वर्षा लागेपछि असारपछि भने नेपालमा विद्युत् उत्पादन बढ्छ।

४५ अर्बको बिजुली खरिद

समीक्षा अवधिमा प्राधिकरणले आफ्नो सहायक तथा सम्बद्ध कम्पनीबाट दुई अर्ब आठ करोड ६८ लाख युनिट र निजी उत्पादकबाट ६ अर्ब नौ करोड ६४ लाख गरी आठ अर्ब १८ करोड ५२ लाख युनिट बिजुली खरिद गरेको छ। त्यसबापत ४५ अर्ब २४ करोड ९९ लाख रुपैयाँ भुक्तानी गरिएको छ।

आन्तरिक बजारमा ५८ अर्ब ५८ करोडको बिजुली बिक्री

प्राधिकरणले समीक्षा अवधिमा आन्तरिक बजारमा ५८ अर्ब ५८ करोड ४९ लाख रुपैयाँको विद्युत् बिक्री गरेको छ। त्यसमा ५५ अर्ब ९० करोड सात रुपैयाँ संकलन भएको छ। बाँकी महसुल भने असुल गर्न बाँकी रहेको छ।

एनआरएनएको अध्यक्षमा शर्मा निर्विरोध

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ अधिवेशनले डा. हेमराज शर्माको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ। निर्विरोध चयन भएको कार्यसमितिको वरिष्ठ उपाध्यक्ष रोबिनप्रसाद शेरचन भएका छन्। अधिवेशनले उपाध्यक्षहरूमा रोशन थापा, बुद्धि सुवेदी, चिन्तामणि सापकोटा, ददिवल खड्का, दिनेश पोखरेल, गोपीकृष्ण काफ्ले, डा. ज्ञानेन्द्र रेग्मी, जुनु गुरुङ, कमलमणि गुरागाईं, खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, महेन्द्र ओली, मनोजकुमार श्रेष्ठ, प्रवीन गुरुङ, पूर्णचन्द्र बानियाँ, रबिनराज बज्राचार्य, रामशरण सिंखडा, रोजिना प्रधान राई, टंकप्रसाद गैरे, तिलक गैरे, विश्वदीप तिगिला रहेका छन्। महिला उपाध्यक्षमा राधिका गुरुङ (टिका) र युवा उपाध्यक्षमा भीमसेन थापा चयन भएका छन्।

महासचिवमा डा. चिरञ्जीवी खड्का चयन भएका छन्। उपमहासचिवमा अनुजा प्रधान,



वेदराज बस्नेत, दिनेशकुमार घिमिरे, पारसमणि पोखरेल, राजेन्द्र अर्याल, स्वतन्त्रप्रताप शाह चयन भएका छन्। सचिवमा अभिमन्यु बस्नेत, दिपेश खत्री, मदनराज पौडेल, माधव दुलाल, मोहम्मद मुक्तदा, प्रसुना कँडेल, शिवप्रसाद पौडेल, सुजन अधिकारी, सुजन केसी खत्री, सुपेन्द्र घिसिङ, यज्ञनारायण पौडेल, भवानीप्रसाद तिमल्सिना र रमेश भट्ट चयन भएका छन्। महिला सचिवमा अमृता थापा कञ्चन चयन भएकी छिन्। कोषाध्यक्षमा कृष्णप्रसाद तिमल्सेना, सहकोषाध्यक्षमा अब्दुल बसिद र विमल सुवेदी, महिला सहकोषाध्यक्षमा गंगा खतिवडा चयन भएका छन्। प्रवक्तामा सोम सापकोटा चयन भएका छन्।

सात देशका श्रमिकको श्रम स्वीकृति नवीकरण गरिने

काठमाडौं/ अमेरिका-इजरायल र इरान युद्धले मध्यपूर्वका मुलुकहरू तनावग्रस्त बनेपछि नेपालले ती देशहरूमा रोक लगाएको श्रम स्वीकृतिलाई केही खुकुलो बनाएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विदेशमा कार्यरत सात देशमा रहेका नेपाली श्रमिकका लागि पुनः श्रम स्वीकृति दिने निर्णय गरेको हो। यो व्यवस्थाअनुसार साउदी अरब, युएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीमा रहेका नेपालीले मात्रै स्वीकृति नवीकरण पाउनेछन्।

मन्त्रालयका अनुसार सात देशमा कार्यरत श्रमिकहरू तथा विदामा नेपाल आई पुनः उल्लेखित मुलुकहरू रोजगारीका लागि जान चाहने युवाहरूलाई पुनः श्रम स्वीकृति प्रदान गरिने भएको हो। इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानमा रहेका श्रमिकलाई भने तत्काल नवीकरण नगरिने भएको मन्त्रालयले विज्ञप्ति जारी गर्दै बताएको छ। मध्यपूर्वमा तनाव भएपछि विभागले १७ फागुनदेखि साउदी इरान, अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रम स्वीकृति रोकेको छ।

वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को साउनदेखि फागुनसम्म पाँच लाख २५ हजार पाँच सय २१ युवा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर बाहिरिएका छन्।

लुकाएर राखेको श्रीराम ग्यासको ६ हजार सिलिन्डर आजबाट बजारमा

उद्योगीले वाणिज्य विभाग पुगेर बुझाए तीन लाख जरिवाना, गोदाममा रहेका ग्यास सिलिन्डर डिलर र आयल निगमको अस्थायी डिपोबाट बिक्री गर्ने निर्णय

नयाँ पत्रिका

श्रीराम ग्यास उद्योगले ललितपुरको हरिसिद्धिस्थित गोदाममा लुकाएर राखेको ६ हजार तीन सय ७७ थान ग्यास भरिएको सिलिन्डर बुधबारबाट बजारमा आउने भएको छ। सोमबार दिउँसो वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले छापा मारी बरामत गरेको सिलिन्डर उद्योगपरिसरमै सिल गरेर राखिएको थियो। विभागले 'जम्माखोरी' गरेको कसुरमा तीन लाख रुपैयाँ जरिवाना तिराउने निर्णयसमेत गरेको थियो। उद्योगका प्रतिनिधिले मंगलबार दिउँसो विभाग पुगेर जरिवानाबापतको तीन लाख रुपैयाँ भुक्तानी गरेका छन्।

जरिवाना बुझाएपछि विभागले आयल निगमलाई ग्यास भरिएको सिलिन्डर पारदर्शी रूपमा बिक्री-वितरण गर्न निर्देशन दिएको छ। विभागको निर्देशनपछि बुधबारबाट श्रीरामको गोदाममा रहेका ग्यास सिलिन्डर बजारमा पठाउने व्यवस्था मिलाएको आयल निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख विनितमणि उपाध्यायले जानकारी दिए। 'वाणिज्य विभाग पुगेर उद्योगीका प्रतिनिधिले जरिवानाबापतको



तीन लाख रुपैयाँ तिरेका छन्। बुधबारबाट गोदाममा भण्डारण गरी राखेको सिलिन्डर बजारमा पठाउने व्यस्था मिलाएका छौं,' उनले भने।

श्रीरामको गोदाममा पूरा तौल (१४.२ किलोग्राम) भएको ग्यास सिलिन्डर भेटिएको थियो। जबकि आयल निगमले गत शुक्रबारदेखि आधा परिमाण (७.१ किलोग्राम) तौल भएको ग्यास सिलिन्डर मात्रै बजारमा पठाएर आपूर्ति सहज गराउन उद्योगीलाई निर्देशन दिएको थियो। बजारमा आपूर्ति असहज भएका वेला श्रीराम उद्योगले ठुलो परिमाणमा ग्यास सिलिन्डर मौज्दात राखेको पाएपछि विभागले जरिवाना तिराउने निर्णय गरेको थियो।

श्रीराम ग्यास उद्योगलाई सिलिन्डरसहितको मूल्य लिएर बिक्री गर्न भने बन्देज लगाइएको छ। अहिले आधा परिमाणको ग्यास मात्रै बिक्री भइरहेका वेला पूरा ग्यासको लोभमा उपभोक्तालाई महँगोमा सिलिण्डरसहित बिक्री गर्न सक्ने जोखिम रहेकाले साटफेर गर्न मात्र पाउने व्यवस्था मिलाइएको हो। त्यस्तै, अन्य ब्रान्डका सिलिन्डरसँग साटेर श्रीराम ग्यास दिन पनि बन्देज लगाइएको छ।

डिलर र आयल निगमबाट हुनेछ बिक्री

पूरा तौल भएको ६ हजार थान ग्यास सिलिन्डर उपत्यकामा रहेको डिलरमार्फत र बाँकी तीन सय ७७ थान सिलिन्डर आयल निगमको टेकुस्थित पुरानो कार्यालयबाट बिक्री-वितरण गर्ने निर्णय भएको छ। योसहित निगमको टेकुस्थित अस्थायी डिपोबाट एचपी, राजधानी, सुगम, एभरेष्ट, त्रिवेणी र नेपाल ब्रान्डका ग्यास सिलिन्डर बिक्री भइरहेका छन्। नजिकैको डिलरकहाँ ग्यास नपाएका उपभोक्ताले टेकुस्थित आयल निगमको कार्यालयपरिसर पुगेर ग्यास खरिद गर्न सक्ने निर्देशक उपाध्यायले जानकारी दिए।

श्री राष्ट्रिय माध्यमिक विद्यालय पहरिया

कृष्णपुर-१ कञ्चनपुर

क्याटलग/ब्रोसर सपिङ विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते

यस श्री राष्ट्रिय माध्यमिक विद्यालय कृष्णपुर ०१ पहरिया कञ्चनपुरको लागि आवश्यक भएको सवारी साधन (बस) सार्वजनिक खरिद ऐन,२०६३ (सशोंधित सहित) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनि खरिद नियमावली, २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक विकेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारीक विकेताबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र ,आ.व. २०८१/०८२ सम्मको कर भुक्तानि गरेको प्रमाणित कागजात उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२:०० बजे सम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आव्हान गरिएको छ। पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ। थप जानकारी आवश्यक परेमा कार्यालयको Email: rastriyamavipahariya2077@gmail.com वा फोन न. ९८६८५१९०९७/ ९८४८८१९९०५मा सम्पर्क राख्न सकिने छ।

तपसिलः

सि.न.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	(50 + D) School Bus (1)	Gross Vehicle weight not less then 9500kg, 3200cc engine, maximum rated power output not less then 115kw and maximum torqued not less then 450 Nm at governed RPM, ground clearance not less then 180 mm .	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical specification बमोजिम हुने छ। स्वीकृत Technical specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ।

नोट : आपुर्तिकर्ता संग नेपाल अधिराज्य भरि कम्तिमा १५ वटा आफ्नै सर्भिस सेन्टर सञ्चालनमा रहेको हुनुपर्नेछ। आपुर्तिकर्ताले विगत ३ आ.व.भित्र कम्तिमा १५० वटा स्कुल बस आपुर्ति गरेको अनुभव हुनुपर्ने छ साथै सम्पुर्ण मुल्यांकन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहनेछ।

पुष्कर सिँह महरा
प्रधानाध्यापक

श्री उदय माध्यमिक विद्यालय

कृष्णपुर नगरपालिका-२ बंक, कञ्चनपुर

क्याटलग/ब्रोसर सपिङ बिधिबाट बस खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते

यस श्री उदय माध्यमिक विद्यालय कृष्णपुर २ बंकको लागि आवश्यक भएको सवारी साधन (बस) सार्वजानिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) सार्वजानिक खरिद नियमावली,२०६४(नवौ संसोधन सहित) को नियम ३१ (ख) बमोजिम बस उत्पादक कम्पनी वा सो को आधिकारिक बिकेताहरू बिचमात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपडि) विधिवाट खरिद गर्नुपर्ने भएकाले सार्वजानिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन (बस) का उत्पादक वा आधिकारिक बिकेताहरूबाट उक्त बस बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को आद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन (बस) सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेसन, मूल्य गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्राप्त भएको मितिले ८ औं दिन १२:०० वजेसम्म यस विद्यालयमा निवेदन दर्ता गराउन सार्वजानिक खरिद नियमावली २०६४(नवौं संसोधन सहित) को नियम ३१ (ख) बमोजिम अह्वान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजानिक बिदा परेमा बिदा पछिका कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ। थप जानकारीका लागि मो. न. ९८६८८८५२०० मा सम्पर्क गर्न सकिने छ।

तपसिल :

सि.न.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	(50 + D) School Bus (1)	Gross Vehicle Weight not less then 9500 kg ,3200 cc engine, maximum rated power output not less then 115 kw and maximum torque not less then 450Nm at governed RPM, ground clearance not less then 180 mm.	संछिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ।

नोट : ५० सिट क्षमता भएको बस BS VI 3×2 ले आउट हुनुपर्ने, गत तीन आर्थिक वर्षमा १०० वटा स्कुल बस बेचेका हुनुपर्ने, देश भरी आफ्नै १५ वटा सर्भिस सेन्टर भएका हुनुपर्ने।

बम्मन राना
प्रधानाध्यापक

बर्दियामा चैते धान लगाउन सुरु

राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका किसानले वर्षौंदेखि चैते धानखेती गर्दै आएका छन्, तर मलको अभाव कायमै रहँदा किसानलाई बर्सेनि समस्या

बर्दियामा **प्रकाश पौडेल**



हिउँदेभन्दा चैते धान राम्रो उत्पादन हुने बर्दियामा यतिबेला किसान चैते धान लगाउन व्यस्त बनेका छन् । यहाँका राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा चैते धान उत्पादनका हिसाबले महत्त्वपूर्ण मानिन्छ । राजापुर र गेरुवाका किसान वर्षौंदेखि चैते धानखेती गर्दै आएका छन् । यद्यपि, चैते धान लगाउन सिँचाइ व्यवस्था भए पनि मलको अभाव कायमै रहेको किसानको गुनासो छ ।

राजापुर नगरपालिका- ३ की कृष्णाकुमारी थारूले विगत १० वर्षदेखि चैते धान लगाउँदै आएको बताइन् । 'करिब साढे तीन बिघा जग्गामा चैते धान लगाउँदै आएका छौं,' उनले भनिन्, 'तर, धान लगाउँदा मल नपाउने समस्या छ । राजापुरमा मल नपाएपछि मल लिनका लागि टीकापुरसम्म जानुपर्ने बाध्यता छ । हिउँदे धानभन्दा बढी चैते धान फल्छ । तर, समयमा मल नपाउने समस्या हामीले वर्षौंदेखि भोग्दै आएका छौं ।'

त्यस्तै, गेरुवा गाउँपालिका- ५ बिन्द्राकी प्रेमकुमारी चौधरीले आफूले लगातार १७ वर्षदेखि चैते धान लगाएको बताउँछिन् । उनी भन्छिन्, 'यस वर्ष नहर बन्न लागेकाले पानी आएन । त्यही भएर पनि यस वर्ष बारीमा मकैखेती गरेकी छु । समयमा सिँचाइको व्यवस्थापन हुन सकेको भए धान नै लगाउने थिएँ ।'

गेरुवा गाउँपालिकाको अधिकांश भाग निकुञ्जसँग जोडिएको छ । उखुबारी वन्यजन्तुको वासस्थान बन्दै गएपछि धेरैसँग उखु नलगाउने सरसल्लाह भएको समेत चौधरीले जानकारी दिइन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाइका प्रमुख वीरेन्द्र पराजुलीले चालू आर्थिक वर्ष ०८२/८३ मा सात सय ५० हेक्टरमा चैते धान खेती हुने अनुमान गरिएको बताए । उनले भने, 'राजापुर, ठाकुरबाबा र बारबर्दिया नगरपालिका र गेरुवा गाउँपालिकामा हर्दिनाथ- १, चैते- ५, हर्दिनाथ हाइब्रिड- १ जातका चैते धान खेती हुँदै आएको छ ।'

एकीकृत कृषि तथा पशुपति विकास कार्यालयका कृषि प्राविधिक अधिकृत एवं सूचना अधिकारी फिर्तुमान चौधरीले पछिल्लो समय चैते धान र धान लगाउने किसानको संख्यामा कमी आउँदै गरेको बताए ।

'हिउँदे धानभन्दा चैते धानको उत्पादन राम्रो हुने गरेको छ,' उनले भने, 'तर, उखु खेतीले गर्दा धानको खेती गर्ने किसानको संख्यामा कमी आएको छ । चैते धानमा बढी किरा लाग्ने भएकाले धानमा विषादी पनि बढी प्रयोग हुन थालेको छ ।'

सरकारले राजापुर नगरपालिका र गेरुवा गाउँपालिकालाई धान सुपर जोन घोषणा गरेर लगानी गर्दै आएको छ । किसानलाई आवश्यक पर्ने धान, कृषियन्त्रलगायत अनुदानसमेत दिइएको छ । तर, किसान भने धान खेती गर्न छाडेर उखु खेतीतिर लागेका छन् ।

कर्पोरेट

इला होटेल एन्ड रिसोर्टको सिइओमा थापा

काठमाडौं/ इला होटेल एन्ड रिसोर्टको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा लक्ष्मण थापा नियुक्त भएका छन् । आइएमई हस्पिटालिटीको सञ्चालक समितिले थापालाई ५ चैतदेखि लागू हुने गरी उक्त पदमा नियुक्त गरेको हो ।

थापासँग आतिथ्य व्यवस्थापन क्षेत्रमा दुई दशकभन्दा बढीको अनुभव छ । उनले नेपालसहित भानुआतु, माल्दिभ्स, मलेसिया, संयुक्त अरब इमिरेट्स तथा साउदी अरबलगायत विभिन्न मुलुकका उच्चस्तरीय होटेल, रिसोर्ट र क्यासिनोमा नेतृत्वदायी भूमिकामा रही काम गरिसकेका छन् ।

आइएमई हस्पिटालिटीमा आबद्ध हुनुअघि थापा सिद्धार्थ हस्पिटालिटी समूहमा प्रमुख सञ्चालन अधिकृतका रूपमा कार्यरत थिए । त्यसअघि उनले काठमाडौंस्थित होटेल याक एन्ड यती, भानुआतुस्थित इरिरिकी आइल्यान्ड रिसोर्ट एन्ड ज्वेल क्यासिनो, चितवनस्थित सिजी हस्पिटालिटी तथा भैरहवास्थित टाइगर प्यालेस रिसोर्टमा विभिन्न नेतृत्वदायी भूमिकामा रहेर काम गरिसकेको कम्पनीले जनाएको छ ।



थापाको अन्तर्राष्ट्रिय अनुभव र नेपालमा देखिएको नेतृत्व क्षमताले आइएमई हस्पिटालिटीको सेवा गुणस्तर अभिवृद्धि र सञ्चालन सुदृढीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने कम्पनीको विश्वास छ ।

आइएमई हस्पिटालिटीअन्तर्गत कम्पनीले काठमाडौंको लाजिम्पाटस्थित होटेल ले हिमालय, पोखराको लेकसाइड रिट्रिट, बागलुङ र गैंडाकोटस्थित होटेल इलालगायत विभिन्न होटेल तथा रिसोर्टको व्यवस्थापन हेर्ने गर्छ । नियुक्तिपछि थापाले इला होटेल एन्ड रिसोर्टको सेवास्तर उकास्ने, सेवा संस्कृतिलाई सुदृढ बनाउने प्रतिबद्धता जनाए ।

ताप्लेजुङका विद्यार्थीलाई नेपाल बैंकको बैंकिङ र बचत शिक्षा



ताप्लेजुङ/ नेपाल बैंक लिमिटेड ताप्लेजुङ शाखाले ग्लोबल मनी विक २०२६ को अवसरमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । फुङलिङ नगरपालिका-४ स्थित लिटलबुद्ध आवासीय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा करिब १०० जना विद्यार्थी तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीलाई बचतको महत्त्व, आम्दानी र खर्च व्यवस्थापन, सुरक्षित लगानीका उपाय, विद्युतीय बैंकिङ कारोबार तथा बैंक खाता सञ्चालनसम्बन्धी आधारभूत ज्ञान प्रदान गरिएको थियो । बैंकका ताप्लेजुङ शाखा प्रबन्धक प्रकाश घिमिरेले सानो उमेरदेखि नै आर्थिक अनुशासन र बचतको बानी बसाल्न सके भविष्यको आर्थिक स्थायित्वका लागि महत्त्वपूर्ण आधार तयार हुने बताए । कार्यक्रममा बैंकका कर्मचारी माधव खड्काले डिजिटल बैंकिङ सेवाको प्रयोग, अनलाइन कारोबार गर्दा अपनाउनुपर्ने सावधानी तथा लगानी गर्दा हुने जोखिम र लागतबारे प्रशिक्षण दिएका थिए ।

विद्यालयस्तरमै वित्तीय साक्षरता विस्तार गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमको व्यवस्थापन लिटलबुद्ध आवासीय माध्यमिक विद्यालयका प्रिन्सिपल युवराज गिरीले गरेका थिए । ग्लोबल मनी सप्ताह विश्वभर बालबालिका र युवामा वित्तीय ज्ञान र सीप विकास गराउने उद्देश्यले प्रत्येक वर्ष मनाइने अन्तर्राष्ट्रिय अभियान हो । सोही अभियानअन्तर्गत नेपालका बैंक तथा वित्तीय संस्थाहरूले विद्यालय तथा समुदायमा पुगेर वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

डोलेश्वर भिलेजले आइपिओ ल्याउने



काठमाडौं/ डोलेश्वर भिलेज रिसोर्ट एन्ड फार्म हाउसले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले आइपिओ निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन पेस गर्ने तयारी गरिरहेको जनाएको छ ।

कम्पनीको मंगलबार सम्पन्न विशेष साधारणसभाले जारी पुँजीको ३० प्रतिशतबराबरले हुन आउने १६ लाख २० हजार कित्ता आइपिओ प्रतिकित्ता १०० रुपैयाँका दरले निष्कासन गर्ने प्रस्ताव पारित गरेको छ । ०७६ देखि सञ्चालनमा रहेको उक्त रिसोर्ट भक्तपुरको डोलेश्वर क्षेत्रमा करिब १० रोपनी क्षेत्रफलमा फैलिएको छ । चारतारे होटेलमा स्तरोन्नति हुने प्रक्रियामा रहेको रिसोर्ट आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । कम्पनीले आइपिओ निष्कासनका लागि बिक्री प्रबन्धकको रूपमा सिटिजन्स क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकेको छ ।

एभरेष्टले ऋणपत्र निष्कासन गर्ने, बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल



काठमाडौं/ एभरेस्ट बैंक लिमिटेडले तीन अर्ब रुपैयाँबराबरको ऋणपत्र निष्कासन गर्ने भएको छ । निष्कासनसम्बन्धी कार्यका लागि बैंकले लक्ष्मी सनराइज क्यापिटल लिमिटेडलाई बिक्री प्रबन्धक नियुक्त गरेको छ । नियुक्तिसम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुदेश खालिङ र लक्ष्मी सनराइज क्यापिटलका तर्फबाट सिइओ विजयलाल श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

सम्झौतामा उल्लेख गरिएअनुसार, बैंकले 'एभरेस्ट बैंक लिमिटेड ऋणपत्र २०८८' नामक प्रतिकित्ताएक हजार रुपैयाँका दरले ३० लाख कित्ता ऋणपत्र बिक्री गर्नेछ । जसमध्ये ४० प्रतिशत अर्थात् एक अर्ब २० करोडबराबरको १२ लाख कित्ता सर्वसाधारणलाई र बाँकी ६० प्रतिशत अर्थात् एक अर्ब ८० करोडबराबरको १८ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री गरिने बैंकले जनाएको छ । ६ वर्ष अवधिको उक्त ऋणपत्रमा वार्षिक ६.२५ प्रतिशतका दरले ब्याज भुक्तानी हुनेछ । ब्याज अर्धवार्षिक रूपले भुक्तानी हुने बताइएको छ ।

विश्व लगानी सप्ताहमा मञ्जुश्री फाइनान्सका कार्यक्रम

काठमाडौं/ विश्व लगानी सप्ताह-२०२६ मा मञ्जुश्री फाइनान्सले विभिन्न कार्यक्रम गरेको छ । फाइनान्सले चितवन क्लस्टर शाखामार्फत प्रभातफेरीबाट लगानी सप्ताहको सुरुवात गरेको हो । यस्ता कार्यक्रम सम्पूर्ण शाखाबाट आयोजना गरेको फाइनान्सले जनाएको छ ।



यस वर्षको मुख्य अभिप्राय 'स्मार्ट मनी टक्स' रहेको छ । यही अभिप्रायलाई लिएर फाइनान्सले विभिन्न स्कुल तथा कलेजमा कार्यक्रम गरिने बताएको छ ।

संस्थाले हालसम्म करिब २४ अर्ब निक्षेप संकलन तथा २०.६ अर्ब कर्जाप्रवाह गरेको छ । साथै, २८ वटा शाखा तथा एक विस्तारित काउन्टरबाट ग्राहकलाई वित्तीय सेवा उपलब्ध गराउँदै आएको संस्थाले जनाएको छ ।

इन्धन आपूर्ति संकटप्रति बुटवल उवासंघको गम्भीर चिन्ता

बुटवल/ मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्वव्यापी रूपमा इन्धन आपूर्तिमा परेको र त्यसको असर नेपालमा समेत देखिन थालेको भन्दै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

संघले नेपालजस्तो आयातमा निर्भर अर्थतन्त्रमा बाह्य परिस्थितिको प्रभावले इन्धन आपूर्ति, मूल्य स्थिरता तथा समग्र आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्न थालेको जनाएको छ । पछिल्ला केही दिनयता बुटवलसहित देशका विभिन्न स्थानमा इन्धन आपूर्तिमा समस्या देखिन थालेकोप्रति संघले चिन्ता व्यक्त गरेको छ ।

संघले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै इन्धन आपूर्तिमा आएको असहजताले यातायात, उद्योग, व्यापार तथा दैनिक जनजीवनमा नकारात्मक प्रभाव पार्ने सम्भावना बढेको जनाएको छ । यस्तो अवस्थामा आपूर्ति प्रणालीलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन आवश्यक रहेको पनि विज्ञप्तिमा उल्लेख छ । संघका कार्यवाहक अध्यक्ष टंकप्रसाद गैरेद्वारा हस्ताक्षरित विज्ञप्तिमा सरकारलाई सम्बन्धित निकायमार्फत इन्धन आपूर्ति व्यवस्थापनलाई थप सुदृढ बनाउँदै समन्वय, अनुगमन र नियन्त्रणका उपाय अवलम्बन गर्न आग्रह गरिएको छ । साथै, इन्धन व्यवसायीलाई कृत्रिम अभाव सिर्जना नगर्न र निर्धारण गरिएको मापदण्ड, मूल्य तथा गुणस्तर कायम गर्न अपिल गरिएको छ । उपभोक्तालाई पनि अनावश्यक सञ्चिति नगर्न, आवश्यक मात्रामा मात्रै इन्धन प्रयोग गर्न र सम्भव भएसम्म वैकल्पिक ऊर्जातर्फ उन्मुख हुन आग्रह गरिएको छ ।

संघले यस विषम परिस्थितिमा सम्बन्धित पक्षहरूसँग सहकार्य गर्दै इन्धन आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाउन आवश्यक सहयोग, सहजीकरण र अनुगमनमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धतासमेत जनाएको छ ।

सीताराम गोकुल मिल्क्सलाई विभागको कारबाही



काठमाडौं/ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सीताराम गोकुल मिल्क्सलाई कारबाही गरेको छ । विभागले २ चैतमा कम्पनीको स्थलगत अनुगमन गरी कारबाही गरेको हो । विभागका अनुसार, उक्त कम्पनीको प्याकेट प्रशोधित दूध सरकारले तोकेको गुणस्तरभन्दा कम पाइएको थियो । दूधको चिल्लो पदार्थ तीन प्रतिशत हुनुपर्नेमा १.४ प्रतिशत मात्रै रहेको पाइएको थियो ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, ०८१ बमोजिम गुणस्तहीन ५१९ क्रेट बिक्री-वितरण नगर्ने निर्देशनसहित रोक्कासमेत गरिएको विभागकी प्रवक्ता डा. बालकुमारी शर्माले बताइन् । साथै, विभागले थप अनुसन्धान तथा प्रयोगशाला परीक्षणका लागि उक्त ब्याचको दूधको नमुना संकलनसमेत गरेको छ ।

नेप्से परिसूचक १३ अंकले बढ्यो

काठमाडौं/ साताको तेस्रो कारोबार दिन मंगलबार नेप्से परिसूचक १३.५१ अंकले बढेर २८१२.३४ विन्दुमा पुगेको छ । सोमबार ११ अर्ब ९७ करोड रुपैयाँबराबरको सेयर खरिद-बिक्री भएको थियो ।

मंगलबार ३४० कम्पनीको तीन करोड ४८ लाख ५२ हजार ७६० कित्ता सेयर खरिद-बिक्री हुँदा १२ अर्ब तीन करोड ४४ लाख ६ हजार ३२८ रुपैयाँबराबरको कारोबार भएको छ । रिलायन्स स्पिनिङ मिल्स र सोलु हाइड्रोपावर कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । कारोबार रकमका आधारमा रिडी हाइड्रोपावर कम्पनीको सबैभन्दा धेरै ५६ करोड ३७ लाख ६१ हजार रुपैयाँबराबरको सेयर कारोबार भएको छ ।

१३ उपसमूहमध्ये ६ उपसमूहको परिसूचक बढेको छ भने सात उपसमूहको परिसूचक घटेको छ । जलविद्युत् उपसमूहको परिसूचक सर्वाधिक १.५९ प्रतिशतले बढेको छ ।

रौतहटमा हावाहुरीले केराखेतीमा क्षति

चन्द्रपुर नगरपालिका- ३ स्थित गैंडाटारमा सोमबारको हावाहुरीले केराखेतीमा डेढ करोडको क्षति

रौतहटमा **अशोक पहाडी**



सोमबार साँझ आएको भीषण हावाहुरीका कारण रौतहटको चन्द्रपुर नगरपालिकामा ठुलो क्षति पुगेको छ । विशेषगरी वडा नम्बर ३ मा लगाइएको करिब डेढ करोड रुपैयाँबराबरको केराखेती पूर्ण रूपमा नष्ट हुँदा किसानहरू गम्भीर संकटमा परेका छन् ।

चन्द्रपुर नगरपालिका- ३ स्थित गैंडाटारगाउँ केरा उत्पादनको मुख्य क्षेत्रका रूपमा परिचित छ । यहाँका अधिकांश किसानले व्यावसायिक रूपमा केराखेती गर्दै आएका छन् । तर, सोमबार आएको तीव्र हावाहुरीले हजारौं बोट केरा ढालिदिँदा वर्षभरिको मिहिनेत एकैछिनमा नष्ट भएको स्थानीय किसान दिनेश न्यौपानेले बताए । उनका अनुसार लगानी, श्रम र समय सबै गुम्दा किसान आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेका छन् । स्थानीय किसान वसन्त लामाले केराखेती गर्ने किसानले बर्सेनि प्राकृतिक विपत्तिको सामना गर्नुपरेको बताए । 'हावाहुरी, रोग र कहिलेकाहीं जंगली जनावरको आक्रमणले समेत खेती नष्ट हुन्छ, तर बिमा नहुँदा सबै क्षति आफैंले व्यहोर्नुपर्छ,' उनले भने । उनका अनुसार केराखेतीको बिमा गरिनुपर्ने माग पटक-पटक उठाइए पनि सम्बन्धित निकाय र बिमा कम्पनीहरूले चासो नदेखाउँदा किसानहरू निराश छन् ।

किसानहरूले केराखेतीको बिमा व्यवस्था गर्नुपर्ने माग दोहोऱ्याएका छन् । तर, बिमा कम्पनीहरूले जोखिम बढी हुने भन्दै केराखेतीको बिमा गर्न आनाकानी गर्दै आएको उनीहरूको गुनासो छ । यसले गर्दा हरेक वर्ष प्राकृतिक प्रकोप आउँदा किसानहरू थप समस्यामा पर्ने गरेका छन् । उक्त हावाहुरीका कारण केरा मात्रै नभई मकैबालीमा समेत क्षति पुगेको छ । खेतमा लगाइएको मकै ढलेर नष्ट हुँदा थप आर्थिक नोक्सानी भएको किसानले बताए ।

चोभार गोदाम घर निर्माण तथा सञ्चालनको प्रारम्भिक वातावरणीय परिक्षण सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

प्रकाशित मिति : २०८२/१२/०४

डाइरेक्ट सोलुसन प्रा.लि काठमाडौं महानगरपालिका-१, काठमाडौं द्वारा वाग्मती प्रदेश, काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं ६ चोभारमा प्रस्ताव गरिएको चोभार गोदाम घर निर्माण तथा सञ्चालनको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा गोदामघर निर्माण तथा संचालनबाट सो क्षेत्रको भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक वातावरणमा पर्न सक्ने प्रभाव सम्बन्धमा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव संकलनको लागि निम्न मिति स्थान र समयमा आयोजना हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम : मिति : २०८२ चैत्र ११ गते, बुधबार स्थान : आयोजना निर्माण स्थल किर्तिपुर नगरपालिका वडा नं ६, चोभार समय : विहान ११ बजे	**प्रस्तावकको नाम र ठेगाना :** नाम : डाइरेक्ट सोलुसन प्रा.ली. ठेगाना : काठमाडौं महानगरपालिका वडा नं १, काठमाडौं, बागमती प्रदेश, नेपाल फोन नं: ९८५१०२६१३०

भुल-सुधार

यस कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौंको मिति २०८२/१२/०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशीत भएको १५ दिने सूचनामा ऋणी विकोई बिल्डर्स प्रा.लि.को लिलाम हुने सम्पत्तीको विवरणमा निम्न विवरण छुटेन गएको हुनाले भुल सुधार गरिएको छ :

१. **लक्ष्मीदेवी शर्मा**को नाममा मालपोत कार्यालय, डिल्लीबजार (डिल्लीबजार), काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. ६९, १६४, ३४९ र ३५१ को क्षे.फ. क्रमश: २५२.३८, ११७.२४, २७८.२० र २२.९४ (ब.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

२. **हुम नाथ कोइराला**को नाममा मालपोत कार्यालय, भरतपुर चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स/न.पा वडा नं. ६क स्थित कित्ता नं. ३८४८ र ३९७९ को क्षे.फ. क्रमश: ३९३.६५, र ६७.७२ (ब.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौं फोन नं.०१-४५४३०७६/७७/७९

मोटरसाइकल हरायो

मिति २०८२/११/८ गते सरकारी धारा, फुटुङ, काठमाडौं जिल्ला तारकेश्वर न. पा. -०७, मा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : हुलास फिन सर्भ हायर पर्चेस लि. (ऋणी: सुसन तामाङ)
मो.सा.नं.: बा.प्र. ०२ ०३७ प ७७८६
चेसिस नं.: MD2A13EX1NCL82516
इन्जिन नं.: DKXCNL 36640
सम्पर्क न.: 9841002083

श्री वीणा माध्यमिक विद्यालय

कृष्णपुर-८ विचवा, कंचनपुर

क्याटलग/ब्रोसर सपिङ विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०३ गते

यस विद्यालय लागि आवश्यक भएको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (सशोधित सहित) को दफा ८ को उपदफा १ (क) ८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक विक्रेताबाट उक्त सवारी साधन बिकी गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर भुक्तानि गरेको प्रमाणित कागजात उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२:०० बजे सम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आव्हान गरिएको छ । पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको विद्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ । थप जानकारी आवश्यक परेमा विद्यालयको Email : beenasecondaryschool@gmail.com वा फोन नम्बर ९८६८५३०३९५/९८६८६७९६१९ मा सम्पर्क राख्न सकिने छ ।

तपसिल:

सि.न.	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	(50+D) School Bus (1)	Gross Vehicle weight not less then 9500kg, 3200cc engine, maximum rated power output not less then 115kw and maximum torqued not less then 450 Nm at governed RPM, ground clearance not less then 180 mm.	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical specification बमोजिम हुने छ । स्वीकृत Technical specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

नोट : आपूर्तिकर्तासँग नेपाल अधिराज्यभर आफ्नै कम्तीमा १५ ओटा सर्भिसिङ सेन्टर संचालनमा रहेको हुनुपर्नेछ । आपूर्तिकर्ताले विगत ३ (तिन) आर्थिक वर्षभित्र कम्तीमा १५० वटा स्कुल बस आपूर्ति गरेको अनुभव भएको हुनुपर्ने छ । साथै सम्पूर्ण मूल्यांकन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहने छ ।

तारानाथ ओझा
प्रधानाध्यापक

विदेह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनकौरिया चौक, धनुषा
मधेश प्रदेश, नेपाल

सेवा करारमा लिने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/१२/०४

यस नगरपालिकामा प्राविधिक शाखाका लागि जनशक्ति खुला प्रतियोगिताद्धारा सेवा करामा लिनुपर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित फारम भरी पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि सुचित गरिन्छ ।

विज्ञापन नं. - १/२०८२/०८३, **पद -** सिभिल इन्जिनियर, **तह -** सातौ, **माग पद संख्या -** १

शैक्षिक योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा वि. ई वा सो सरह उत्तिर्ण भई नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनुपर्नेछ ।

छनौटको आधार - विदेह नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१ अनुसार ।

उमेर - २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको ।

पारिश्रमिक - कार्यविधि अनुसार ।

दरखास्त दस्तुर - रु १०००

दरखास्त फारम पाउने र बुझाउने स्थान - विदेह नगरपालिकाको कार्यालय, तिनकौरिया, धनुषा ।

दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात - कार्यविधिले तोके अनुसार ।

(वृजनन्दन प्रसाद साह)
प्रमुख प्रशासकीय अधिकृत

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार ४ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एएफसीको कारबाहीमा मलेसिया

उल्टियो नेपालमाथि मलेसियाको जित



फाइल तस्बिर

एसियन कप छनोट-२०२७ मा नेपाल र भियतनामविरुद्धको प्रतिस्पर्धामा मलेसियाले नक्कली कागजात प्रस्तुत गरी सात खेलाडीलाई मैदानमा उतारेको पुष्टि, ती दुवै खेलमा मलेसियाले बटुलेको ६ अंक खोसियो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

एसियाली फुटबल महासंघ (एएफसी)ले मलेसियाले नेपाल र भियतनामविरुद्ध निकालेको जितको नतिजा उल्ट्याएको छ। मलेसियाले नक्कली कागजात प्रयोग गरी राष्ट्रिय टोलीमा सातजना खेलाडी उतारेको प्रमाणित भएपछि एएफसीले मंगलबार एसियन कप- २०२७ छनोटमा नेपाल र भियतनामलाई ३-० को प्राविधिक जितको मान्यता दिएको हो। एएफसीको अनुशासन तथा आचारसंहिताको धारा ५६ उल्लंघन गरेको आरोपमा मलेसियालाई दुई खेलमा 'फोर्फिट' हार दिएको जनाएको छ। गत वर्ष छनोट खेलमा नेपाल मलेसियासँग २-० ले पराजित भएको थियो।

यस निर्णयसँगै मलेसिया २०२७ को एसिया कप छनोटबाट आधिकारिक रूपमा बाहिरिएको छ। यसअघि शीर्ष स्थानमा रहँदै मलेसिया एसिया कपमा छनोट भएको थियो। मलेसिया फुटबल संघले विदेशी खेलाडीलाई मलेसियाको नागरिक बनाउन फिफामा झुटो कागजात पेस गरेको भेटिएको एएफसीले जनाएको छ। एएफसीको अनुशासन कमिटीले सो नतिजा खारेज गर्दै नेपाललाई ३-० को जित सुम्पिएको छ। नेपाल पनि एसिया कप छनोटबाट बाहिरिसकेको छ। नेपालले लगातार खेलमा हार सामना गरेको छ।

प्रतियोगिताबाट बाहिरिएको नेपालले महत्त्वपूर्ण ३ अंक बटुल्यो। नेपालले मलेसियासँगको एक खेलमा प्राविधिक जित पाए पनि अन्य खेलका नतिजा सुखद रहेन। नेपालले भियतनामसँगको दुवै खेलमा हार सामना गरेको थियो। मलेसियासँगको खेल र लाओससँगको हारका कारण नेपाल तेस्रो चरणबाट गणितीय रूपमै बाहिरिसकेको हो। नेपाल इतिहासमै पहिलोपटक लाओससँग पराजित भएको थियो। लाओसविरुद्धको पहिलो खेलमा नेपाल २-१ ले पराजित भएको थियो।

भियतनाम एसिया कपमा छनोट

यस कारबाहीपछि अब समूह 'एफ'बाट भियतनाम १५ अंकसहित शीर्ष स्थानमा रहँदै छनोट भएको छ। यसअघि भियतनाम दोस्रो स्थानमा थियो। अब दोस्रो स्थानको मलेसिया ९ अंकका साथ बाहिरिएको छ। ३ अंकका साथ नेपाल तेस्रो स्थानमा उक्लिएको छ। नेपालमाथि ऐतिहासिक जित निकालेको लाओसको पनि ३ अंक छ। तर, गोलअन्तरमा लाओस चौथो स्थानमा छ। यस समूहबाट एकैपटक मलेसियासँगै नेपाल र लाओस पनि बाहिरिएको एएफसीले जनाएको छ।

एएफसीका निर्णयअघि मलेसिया १६ वर्षपछि एसिया कपमा छनोट भएको थियो। खेलाडीको नक्कली कागजात प्रयोग गरेका कारण मलेसियाले ठुलो क्षति व्यहोरेको छ। यो उनीहरूको फुटबलकै ठुलो धक्का हो। मलेसियाली फुटबल संघले आफूहरूले नागरिकता कानुनी रूपमै दिएको दाबी गर्दै यस निर्णयविरुद्ध थप कानुनी परामर्श लिने जनाएको छ।

मलेसियालाई ५० हजार अमेरिकी डलर जरिवाना

एएफसीले मलेसियाको अंक मात्रै खोसेको छैन। उसलाई आर्थिक रूपमा समेत जरिवना गरिएको छ। क्वालालम्पुरमै रहेको एएफसीको केन्द्रीय कार्यालयबाट जारी गरेको विज्ञप्तिअनुसार मलेसिया फुटबल संघलाई ५० हजार अमेरिकी डलर जरिवना गराइएको उल्लेख छ। मलेसियाले एक महिनाभित्र जरिवाना रकम बुझाउनुपर्नेछ। यसैबिच, खेलकुदको सर्वोच्च अदालत कासले मलेसियाले सात खेलाडीको नक्कली कागजात बुझाएको निष्कर्ष निकालेको छ।

एएफसी र कासले फ्याकुन्डो गार्सिया, ग्याब्रियल पाल्मेरो, रोड्रिगो होल्गाडो, इमानोल माचुका, जोआओ फिग्युरेरो, हेक्टर हेभेल र जोन इराजाबाललाई दोषी ठहर गरेका छन्। उनीहरूले मलेसियाको नागरिकता प्राप्त गर्न र खेल्नका लागि कागजात किर्ते गरेको कासको भनाइ छ। एएफसीले दोषी खेलाडीमाथि एक वर्ष फुटबल खेल्न प्रतिबन्ध लगाएको छ। गत वर्षको २५ मार्चमा मलेसियाले नेपालविरुद्ध र १० जुनमा भियतनामविरुद्ध सात विदेशी खेलाडीलाई मैदानमा उतारेको थियो। सुल्तान इब्राहिम रंगशालामा मलेसियाले नेपालविरुद्ध २-० र बुकित जलिल राष्ट्रिय रंगशालामा भियतनामलाई ४-० ले हराएको थियो। यी दुई फोर्फिट हारपछि मलेसिया अंकतालिकामा भियतनामभन्दा ६ अंकले पछाडि परेको छ।

फिफाको अनुशासन समितिबाट पनि कारबाही

फिफा अनुशासन समितिको मंगलबार बसेको बैठकले फिफाको अनुशासन संहिता (एफडिसी)को धारा २२ को उल्लंघन गरेको भन्दै मलेसियालाई कारबाही गरेको छ। फिफाले खेलाडीलाई आर्थिक दण्ड तोकेको छ। फिफाका अनुसार सात खेलाडीले अब फिफालाई दुई हजार स्विस फ्रयांक बुझाउनुपर्नेछ। यसैगरी मलेसिया फुटबल संघलाई ३५ हजार स्विस फ्रयांन्क जरिवाना लगाइएको छ। यसअघि गत सेप्टेम्बरमा फिफा अनुशासन समितिले मलेसियालाई कारबाही गरेको थियो। फिफाले मलेसियन फुटबल संघ र खेलाडीले १० दिनभित्र आफ्नो कारबाहीविरुद्ध अपिल समितिमा निवेदन दिन भनिएको थियो। यसको ६ महिनापछि फिफा र एएफसीले कारबाही गरेका हुन्।

भियतनामविरुद्ध खेल्दै नेपाल

३ अंक बटुलेको नेपालले अब आगामी १७ चैतमा दशरथ रंगशालामा भियतनामविरुद्ध प्रतिस्पर्धा गर्नेछ। भियतनामसँगको खेलसँगै नेपालले एसिया कप छनोट यात्रा पूरा गर्नेछ। नेपालले भियतनामविरुद्ध

प्रतिष्ठाका लागि खेल्नेछ। यसैबिच, अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय फुटबल टोलीका सहायक प्रशिक्षकमा चेतन घिमिरे र बालगोपाल साहुखललाई नियुक्त गरेको छ। एन्फाले १२ चैतमा हङकङविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि साहुखल र घिमिरेलाई सहायक प्रशिक्षकको जिम्मेवारी दिएको हो। दुवैले अब मुख्य प्रशिक्षक गुग्लिएल्मो ऐनालाई सहयोग गर्ने एन्फाले जनाएको छ। राष्ट्रिय लिगमा साहुखलले सातदोबाटो युथ र घिमिरेले नेपाल पुलिस क्लबको प्रशिक्षण सम्हालिरहेका छन्। मुख्य प्रशिक्षक ऐनाले प्रारम्भिक प्रशिक्षणमा ४९ खेलाडीलाई बोलाएका छन्।

■ जय ट्रफी इलाइट कप फाइनल

नेपाल पुलिस १८० रनले पछाडि

नयाँ पत्रिका

नेपाल पुलिस क्लब जय ट्रफी पुरुष इलाइट कप फाइनल प्रतियोगितामा १८० रनले पछाडि रहेको छ। मूलपानी मैदानमा पहिलो ब्याटिङ गरेको त्रिभुवन आर्मी क्लबले ५८ ओभरमा सबै विकेट गुमाएर २२१ रन बनाएको थियो। प्रत्युत्तरमा पहिलो इनिङ्स थालेको पुलिसले दिनको खेल समाप्तिसम्म चार विकेट गुमाएर ४१ रन जोडेको छ। पुलिसका लागि कुशल भुर्तेलले १२ बलमा चार चौकाको सहयोगमा १८ रन बनाएका छन्। ओपनर दिनेश खरेल ११ रनमा खेलिरहेका छन्। ओपनर अमित श्रेष्ठले १ तथा दिलसाद अलीले १ रन बनाए। फाइनल खेल तीनदिवसीयअनुसार चलिरहेको छ। यसअघि लिग चरणको खेल दुई दिनको थियो।

चार टोलीले प्रतिस्पर्धा गरेको जय ट्रफीमा सिंगल राउन्ड रोबिनको खेलपछि आर्मी र पुलिस शीर्ष दुईमा रहँदै उपाधि भिडन्तमा पुगेका हुन्। लिग चणमा आर्मीले पुलिसलाई नौ विकेटले पराजित गरेको थियो। फाइनलमा पुलिस त्यसको बदला लिने लक्ष्यमा छ। जय ट्रफी फाइनलको मिति दोस्रोपटक परिवर्तन भएको हो। नेपाल क्रिकेट संघ (क्यान)ले यसअघि १७ देखि १९ फागुनसम्म फाइनल खेल हुने भनिएको थियो। तर, २१ फागुनको निर्वाचन र २६ फागुनदेखि हुने तय भएको विश्वकप लिग २ सिरिजका लागि जय ट्रफी फाइनल खेल एक महिना पछि सारिएको हो। क्यानले जय ट्रफीको फाइनल २१ देखि २३ चैतसम्म खेलाइने जनाएको थियो। तर, मध्यपूर्व युद्धका कारण विश्वकप लिग २ सिरिज नै स्थगित भएको छ। लिग २ मा नेपालसँगै ओमान र युएईले त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्ने तय थियो। लिग २ स्थगित भएपछि क्यानले जय ट्रफी फाइनल अघि सारेको हो।



पहिलो ब्याटिङ गरेको आर्मी ५८ ओभरमा २२१ रनमा समेटियो। प्रत्युत्तरमा पुलिसले दिनको खेल समाप्तिसम्म चार विकेटको क्षतिमा ४१ रन बनाएको छ।

आर्मीविरुद्ध बलर हाबी

पहिलो ब्याटिङ गरेको आर्मीले पुलिसका सिमर तथा स्पिनर बलरविरुद्ध खेल्न सकेनन्। फास्टबलर करण केसी, स्पिनर ललित राजवंशीसँगै रसिद खानले उत्कृष्ट बलिङ प्रदर्शन गरेपछि आर्मीले ब्याटिङमा संघर्ष गर्नुपरेको थियो। करणले १३.२ ओभरमा ४९ रन खर्चेर तीन विकेट हात पारे। ललितले १८ ओभरमा ४५ रन दिएर तीन विकेट लिए। रसिदले केवल चार ओभरमा एक मेडन राखी १७ रन खर्चेर सर्वाधिक चार विकेट लिँदा आर्मीको बलियो ब्याटिङ कमजोर बन्यो। आर्मीका चार ब्याट्समयान शून्यमा आउट भए।

पुछारका नरेश कार्की, सहाव आलम र पवन कार्की डकआउट भए। आकाश चन्द शून्यमा नटआउट रहे। इनिङ्सको एक समय आर्मी १९९-६ को स्थितिमा थियो। लगातार चार विकेट गुमाउँदा आर्मी २२१ रनमा समेटियो। आर्मीको ब्याटिङ धराशयी बनाउन रसिदको भूमिका प्रमुख रह्यो। उनले इनिङ्सको ५३.१ ओभरमा सोमपाल कामी, ५३.२ ओभरमा नरेन र ५३.४ ओभरमा पवनको विकेट लिए। ह्याट्रिकनजिक रहे पनि रसिदले पूरा गर्न सकेनन्।

शीर्ष र मध्यक्रम मात्र चल्यो

आर्मीको ब्याटिङमा शीर्ष र मध्यक्रमका ब्याट्समयानमा चलेका थिए। ओपनर तृतराज दास र इमरान शेखले पहिलो विकेटका लागि ९.६ ओभरमा ३५ रनको साझेदारी गरेका थिए। तृतराजले ३४ बलमा ६ चौकाको सहयोगमा ३२ रन बनाए। इमरान र भीम सार्कीले दोस्रो विकेटका लागि ६९ रनको साझेदारी गरी टोलीलाई २८.३ ओभरमा १०५-२ को अवस्थामा राखे। भीमले ४९ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ३९ रन बनाए। कप्तान विनोद भण्डारी ९ रनमा आउट भए। आर्मीका लागि ओपनर इमरानले अर्धशतकीय इनिङ्स खेलेका थिए।

उनले १३७ बल सामना गरी सात चौकाको मद्दतमा ५० रन बनाएर आफ्नो विकेट करणलाई दिए। उनी आउट हुँदा आर्मी ४३.६ ओभरमा १५३/४ को स्थितिमा थियो। त्यसपछि बसिर अहमद र कुशल मल्लले चौथो विकेटका लागि ३४ रनको साझेदारी गरे। बसिरले ३५ बलमा चार चौका र एक छक्का प्रहार गरी ३० रन बनाए। कुशलले ४८ बल सामना गरी पाँच चौका र दुई छक्काको सहयोगमा ३८ रनको योगदान दिए। सोमपालले २१ बलमा १७ रन बनाए।

■ आजदेखि एन्फा महिला लिग



काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा बुधबारदेखि सहिद स्मारक एन्फा महिला लिग सुरु हुँदै छ। उद्घाटन खेलमा न्युरोड टिम (एनआरटी)ले संकटाको सामना गर्नेछ। लिगमा नौ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। छनोट प्रतियोगिताबाट आरएस पोखरा, संकटा क्लब, झापा एफसी, न्युरोड टिम (एनआरटी) र चर्च ब्वाइज युनाइटेडले स्थान बनाएका हुन्। गत वर्षको लिगका शीर्ष पाँचमध्ये चार टोली नेपाल एपिएफ, बागमती युवा, नेपाल पुलिस र त्रिभुवन आर्मीले भाग लिनेछन्। लिगको पूर्वसन्ध्यामा मंगलबार आयोजित पत्रकार सम्मेलनमा सहभागी नौमध्ये ६ टोलीले लिगमा उपाधि जित्ने दाबी गरेका छन्। पत्रकार सम्मेलनमा लिगमा सहभागी नौमध्ये ६ टिमका प्रशिक्षक मात्र सहभागी थिए। एनआरटी, झापा र आरएस पोखरा पत्रकार सम्मेलनमा उपस्थित भएनन्। आगामी १२ वैशाखसम्म ललितपुरस्थित च्यासल मैदानमा हुने लिग सिंगल राउन्ड रोबिनका आधारमा हुने एन्फाले जनाएको छ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सूर्य नेपाल वेस्टर्न ओपन आजदेखि

काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२५/२६ अन्तर्गत २६औँ संस्करणको सूर्य नेपाल वेस्टर्न ओपन बुधबारदेखि पोखराको हिमालयन गल्फ कोर्समा सुरु हुँदै छ। नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजिए)द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन्। तीन दिनसम्म चल्ने प्रतियोगिता ५४ होलको हुनेछ। दोस्रो दिनको खेल समाप्तिपछि कट लागू हुनेछ। जहाँ १८ शीर्ष प्रोफेसनल र एमेच्योर खेलाडीले अन्तिम १८ होलका लागि कट बनाउनेछन्।

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यसपटक पुरस्कार धनराशि वृद्धि गरिएको छ। प्रतियोगिताको विजेताले यसपटक एक लाख ७० हजार रुपैयाँ पाउनेछन्। दोस्रोले एक लाख २५ हजार र तेस्रो हुने खेलाडीले एक लाख रुपैयाँ प्राप्त गर्नेछन्। शीर्ष १८ स्थानमा रहने अन्य प्रोफेसनल खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्। साबिक विजेता र नेपालका एक नम्बर प्रोफेसनल गल्फर नीरज तामाङसहित यो कोर्समा कोर्स रेकर्ड बनाएका भुवन नगरकोटी, सञ्जय लामा र जयराम श्रेष्ठलाई प्रमुख दाबेदारका रूपमा हेरिएको छ। प्रोफेसनल खेलाडीलाई एमेच्योर राहुल विश्वकर्माले कडा चुनौती दिन सक्छन्।

माछापुच्छ्रे हिमालको मनोरम दृश्य र विजयपुर खोलाको किनारमा रहेको आकर्षक कोर्सलाई नेपालकै चुनौतीपूर्ण गल्फ कोर्स मानिन्छ। यो कोर्सलाई साहसिक गल्फ कोर्समध्ये एक भनेर गल्फ डाइजेस्टले समेत मान्यता दिएको छ। जहाँ गल्फरका लागि पनि उत्कृष्ट प्रदर्शन गर्नु चुनौती हुनेछ।

हिमालयन गल्फ कोर्सलाई यो प्रतियोगिताका लागि तयार पारिएको छ। पार-६९ को १६ वटा होल रहेको कोर्समा पहिलो र दोस्रो होल दुईपटक खेलिनेछ। एनपिजिएका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले लगातार २६औँ संस्करण आयोजना गर्न पाउँदा अत्यन्त खुसी लागेको बताए। 'यसपटक पनि प्रोफेसनल र एमेच्योर खेलाडीबिच रोमाञ्चक र प्रतिस्पर्धात्मक प्रदर्शन हुने अपेक्षा छ,' श्रेष्ठले भने।

खेल संक्षेप

प्रदेश छनोटको उपाधि कास्कीलाई



कास्की/ कास्कीले जिल्लाले प्रधानमन्त्री (पिएम) कप गण्डकी प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिताको उपाधि जितेको छ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा मंगलबार भएको फाइनलमा नवलपुरलाई ४८ रनले पराजित गर्दै कास्कीले उपाधि हात पारेको हो। पहिलो ब्याटिङ गरेको कास्कीले ५० ओभरमा आठ विकेटको क्षतिमा २४० रन बनाएको थियो। नवलपुर ४३.२ ओभरमा १० विकेट गुमाएर १९२ रनमा सीमित भयो। कास्कीलाई उपाधि दिलाउन अर्जुन कुमालले शतकीय योगदान दिए। उनले १३१ बलमा नौ चौका र एक छक्कासहित १११ रन बनाए। प्रतियोगितामा उनको यो दोस्रो शतक हो।

कास्कीका लागि सुभाष भण्डारीले ५३ बलमा ४२ र कृष्ण पौडेलले २७ रनको योगदान दिए। नवलपुरका लागि कमल परियारले २९ बलमा चार चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ३८ रन बनाए। दीपक डुम्रेले ५१ बलमा तीन चौका र एक छक्कासहित ३६ रन बनाए। कास्कीका कृष्ण पौडेलले ५० रन खर्चेर चार विकेट लिए। नवलपुरका अपराजित पौडेल र कमल परियारले समान दुई विकेट हात पारे। प्रतियोगितामा कास्कीका अर्जुन कुमाल प्लेयर अफ दी सिरिजसँगै उत्कृष्ट ब्याट्समयान बने। उनले छनोट खेलमा दुई शतकसहित ३३७ रन बनाएका थिए। प्रतियोगितामा कुल १२ विकेट हात पारेका कास्कीका विपिन खत्री उत्कृष्ट बलर घोषित भए।

नेकोस जुडोलाई जापानको साथ

काठमाडौं/ राष्ट्रिय जुडो संघ नेपालको आयोजनामा हुने आठौँ नेकोस अन्तर्राष्ट्रिय जुडो प्रतियोगितालाई बी एन्ड टी ट्रेडिङ कम्पनी लिमिटेड (होकाइडो, जापान)ले मुख्य प्रायोजन गर्ने भएको छ। आयोजकका अध्यक्ष धर्मकुमार श्रेष्ठ र बी एन्ड टीका प्रमुख कार्यकारी अधिकृत विष्णु गिरीले बुधबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। बी एन्ड टीले आयोजकलाई २० लाख रुपैयाँ जापानी येन उपलब्ध गराउनेछ।

खानले किने इयू टी-२० टोली

नयाँदिल्ली/ भारतीय क्रिकेट टोलीका पूर्वतीव्र गतिका बलर जाहिर खानले बेल्जियमको इयू टी-२० लिगको टोलीको स्वामित्व लिएका छन्। जाहिरले लिगमा सहभागी ६ फ्रेन्चाइज टोलीमध्येको एक आन्ध्रोप एंकर्सको स्वामित्व लिएको भारतीय समाचार एजेन्सीले जनाएको छ। यसअघि लिगमा नेपाल प्रिमियर लिग (एनपिएल) टोली जनकपुर बोल्ट्स (जेबी) को लगानीकर्ता कम्पनी ड्रिम स्पोर्टस्ले जेबी ब्रेजजको स्वामित्व लिएको छ।

लुम्बिनीमा अन्तर्राष्ट्रिय पिस म्याराथन हुँदै

काठमाडौं/ नेपाल ओलम्पिक कमिटी (एनओसी)को आयोजनामा चौथो लुम्बिनी अन्तर्राष्ट्रिय पिस म्याराथन २०२६ शनिबार हुँदै छ। सन् २०२२ देखि सुरु भएको प्रतियोगिता यस वर्ष पनि विभिन्न विधामा आयोजना हुन लागेको अध्यक्ष जीवराम श्रेष्ठले बताए। यसपटक पुरुष म्याराथन, महिला हाफ म्याराथन, खुला पाँच किमि दौड, स्कुलस्तरको पाँच किमि दौड र भेट्टान पुरुषतर्फ पाँच किमि दौड गरी पाँच विधामा प्रतिस्पर्धा हुनेछ। तीन किमि खुला पिस वाकाथन पनि राखिएको छ। पिस म्याराथनमा १२ सयजनाको सहभागिता रहने आयोजकले जनाएको छ। पुरुष म्याराथनतर्फ विजेताले तीन लाख ५० हजार, दोस्रोले दुई लाख ५० हजार र तेस्रोले एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। महिला हाफ म्याराथनमा विजेताले एक लाख ५० हजार, दोस्रोले एक लाख, तेस्रोले ८० हजार, चौथोले ५० हजार र पाँचौँले ३० हजार रुपैयाँ पाउनेछन्। गत संस्करणमा पुरुष म्याराथनतर्फ अनिश थापामगर र महिला हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ विजेता बनेका थिए।

चार वर्षपछि पोखरामा प्याराग्लाइडिङ च्याम्पियनसिप

कास्कीमा रोहितराज पराजुली

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका कारण बन्द रहेको प्याराग्लाइडिङ खेल चार वर्षपछि फेरि सुरु हुने भएको छ। साहसिक र मनोरञ्जनका लागि उडाइने प्याराग्लाइडिङ ०७९ पछि पोखराको आकाशमा बन्द गरिएको थियो। बन्द हुनुअघि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा प्याराग्लाइडिङ पर्थ्यो। तथ्यांकअनुसार त्यसवेला हरेक दिन १२ सयजनासम्मले प्याराग्लाइडिङको मजा लिन्थे।

तर, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएपछि बन्द भएको थियो। यसैगरी, ०७९ कात्तिकमा पोखरामै भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत प्याराग्लाइडिङको सोलो उडानका क्रममा निसिम थापाको निधन भएपछि पनि उडान बन्द भयो। नेपाल हवाई खेलकुद संस्थाको आयोजनामा २१औँ संस्करणको नेपाल ओपन प्याराग्लाइडिङ च्याम्पियसिप ५ देखि ७ चैतसम्म हुने भएको छ।

यसअघि २०औँ संस्करण २३ देखि २५ चैत ०७८ मा भएको थियो। सोलो उडान खुला भएसँगै प्रतियोगिता हुन लागेको आयोजकका अध्यक्ष अनिल केसीले जानकारी दिएका छन्। च्याम्पियनसिपको तयारी ९० प्रतिशत सकिएको उनले बताए। आयोजकले पोखरामा दुईपटक प्याराग्लाइडिङको प्रि-विश्वकप र प्याराग्लाइडिङ एसियन टुरसमेत आयोजना गरिसकेको छ।

एफएआई क्याटोगरी २ अन्तर्गत हुने च्याम्पियनसिपमा एक्युरेसी पुरुष (ओभरअल), एक्युरेसी महिला (ओभरअल) र टिम (ओभरअल) गरी तीन विधामा प्रतिस्पर्धा हुने संयोजक सुनीलबहादुर भट्टराईले जानकारी दिए। पहिलो हुनेले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्। महिलातर्फको टिम विजेताले ७५ हजार रुपैयाँ जित्नेछ। उपविजेताले ५० हजार र तेस्रोले २५ हजार रुपैयाँ हात पार्नेछन्। च्याम्पियनसिपबाट दर्सौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशको प्याराग्लाइडिङ खेलाडीसमेत छनोट गरिने भट्टराईले बताए।



आठ राष्ट्रका सय पाइलटले प्रतिस्पर्धा गर्ने

०७९ पछि २१औँ संस्करणको नेपाल ओपन प्याराग्लाइडिङ च्याम्पियनसिप ५ देखि ७ चैतसम्म

प्रतियोगितामा आठ राष्ट्रका सय पाइलटले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा आयोजक नेपालसँगै भारत, चीन, साउदी अरेबिया, उज्वेकिस्तान, इटली र लेबननका पाइलटले प्रतिस्पर्धा गर्नेछन्। प्रतिस्पर्धीले सराङकोटबाट उडान भरी खपौदीमा अवतरण गर्नेछन्। यसैगरी, व्यावसायिक रूपमा खुलेका प्याराग्लाइडिङ कम्पनीको संख्या अहिले ६० रहेको छ। कम्पनीमा व्यावसायिक रूपमा उडान भर्न लाइसेन्स लिने पाइलटहरूको संख्या ३६६ रहेको आयोजकले जनाएको छ। मौसमको अवस्था, हावाको चाप र दिशा, तापक्रमसँगै सम्भावित जोखिम सबै अध्ययनबारे सहभागीलाई जानकारी दिएर मात्र खेल हुने केसीले बताए। सहभागी सबै खेलाडीको अनिवार्य बिमाको व्यवस्थासमेत गरिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com